सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ असोज २०८२, सोमबार (22 Sep 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १६२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पार्टी पुनर्गठनका लागि प्रचण्डको प्रस्ताव

सबै कमिटी भंग गरी आयोजक समिति बनाउने

नयाँ नेतृत्वका लागि मंसिरमा विशेष महाधिवेशन गर्ने



जेन-जी पुस्ताको भावना समेट्दै समिति बनाऔं । उनीहरूले उठाएका मुद्दा र हामीले उठाएका मुद्दा समान छन् । विचारको संश्लेषण गर्दै सशक्त पार्टी निर्माण गरौं । तलैदेखि पार्टी पुनर्गठन गर्दै आगामी मंसिरमा महाधिवेशन गरौं ।

प्रेम गौतम/नयाँ पत्रिका

जेन-जी आन्दोलनपछि उत्पन्न राजनीतिक परिस्थितिमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पार्टी पुनर्गठनको प्रस्ताव गरेका छन् । उनले सबै कमिटीहरू भंग गरी विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गर्ने र त्यसैको जिम्मेवारीमा पार्टी सञ्चालन गर्ने योजना अघि सारेका हुन् । यस्तो प्रक्रियाले विशेष गरी युवाहरूको प्रतिनिधित्व र भूमिकालाई पार्टीको केन्द्रीय तहमा सुदृढ बनाउन मद्दत गर्ने प्रचण्डको भनाइ छ ।

» पृष्ठ २ मा क्रमशः

तत्काल महाधिवेशन गर्ने गगन-विश्वको प्रस्तावमा संस्थापन पक्षको प्रतिवाद

जेन-जी आन्दोलनमा घाइते भएका पार्टी सभापति शेरबहादुर देउवा अस्पतालमै उपचाररत रहँदा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पार्टी पुनर्गठनको प्रस्ताव उठाएपछि काग्रेसभित्र हलचल देखिएको छ । संस्थापन पक्ष र पूर्वपदाधिकारीहरूले संकटको समयमा संवेदना र परिपक्वता नदेखाएको आरोप लगाउँदै महामन्त्रीद्वयको प्रस्तावको प्रतिवाद गरेका छन् ।

आइतबार पूर्वमहामन्त्री प्रकाशमान सिंहको निवास चाक्सीबारीमा बसेको बैठकमा पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, सशांक कोइराला, पूर्वउपसभापति विमलेन्द्र निधि र पूर्वसहमहामन्त्री डा. प्रकाशशरण महत सहभागी थिए । उनीहरूले दुई महामन्त्रीको प्रस्तावले पार्टीमा विवाद सिर्जना गर्ने भन्दै त्यसलाई अस्वीकार गरेका हुन् ।

दुईजना महामन्त्री मात्र किन हतारिनुभयो भन्ने अहिले स्वाभाविक प्रश्न उठिरहेको छ



● **कृष्ण सिटौला**
पूर्वमहामन्त्री

देशै खरानीबाट उठिरहेका वेला पार्टी सम्हाल्ने दुईजना महामन्त्री मात्र किन हतारिनुभयो भन्ने पार्टीपंक्तिमा अहिले स्वाभाविक प्रश्न उठिरहेको छ । यस्तो संकटका वेला झगडा होइन, मिलेर अगाडि बढ्नुपर्छ, उहाँहरूले उठाएको विषय नियमित महाधिवेशनबाट सम्बोधन गर्नुपर्छ ।

जेन-जी आन्दोलनमा दमन र ध्वंसात्मक घटना

पूर्वन्यायाधीश नेतृत्वमा जाँचबुझ आयोग

७४ युवाको ज्यान गएको आन्दोलनमा भएको दमन र सरकारी, व्यावसायिक तथा व्यक्तिगत संरचनाहरूमा भएका आगजनी/तोडफोडको छानबिन गरेर तीन महिनाभित्र प्रतिवेदन बुझाउन आयोगलाई समयसीमा

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा बनेको आयोगको सदस्यमा प्रहरीका पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी छन्

नवराज मैनाली, कमलराज भट्ट

जेन-जी आन्दोलनका वेला भएको राज्यको दमन र विध्वंसात्मक घटना छानबिनका लागि सरकारले तीन सदस्यीय उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन गरेको छ । आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको अध्यक्षतामा पूर्वप्रहरी अधिकारी र कानुनविद्लाई राखेर आयोग गठन गरेको हो ।

गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार आयोगको सदस्यमा नेपाल प्रहरीका पूर्वएआइजी विज्ञानराज शर्मा र कानुनविद् विश्वेश्वरप्रसाद भण्डारी छन् । आयोगलाई तीन महिनाभित्र प्रतिवेदन बुझाउने कार्यादेश छ । आन्दोलनमा हालसम्म ७४ जनाले ज्यान गुमाएको पुष्टि भइसकेको छ ।



गौरीबहादुर कार्की

मन्त्री अर्यालका अनुसार जाँचबुझ आयोग ऐनअनुसार उच्चस्तरीय न्यायिक आयोग गठन गरिएको छ । मन्त्रिपरिषद्को पहिलो बैठकले जाँचबुझ आयोग गठन गर्ने सैद्धान्तिक निर्णय लिएको थियो ।

आयोग अध्यक्ष कार्कीले यसअघिका सरकारहरूले मिटरब्याजदेखि सहकारी ठगीसम्मका विषयमा गठन गरेका आयोगको पनि नेतृत्व गरेका थिए । उनी विशेष अदालतका पूर्वअध्यक्ष हुन् ।

२३ भदौमा आन्दोलनकारीमाथि भएको राज्यको

» पृष्ठ २ मा क्रमशः

गोली प्रहारदेखि व्यावसायिक प्रतिष्ठानमा आक्रमणसम्मको छानबिनको कार्यादेश

प्रतिवेदन आउनेबित्तिकै कार्यान्वयनमा लैजाने सरकारको तयारी

जेन-जी आन्दोलनका क्रममा भएको अत्यधिक बल प्रयोग र त्यसपछि सरकारी संरचना, व्यावसायिक प्रतिष्ठान र निजी निवासमा भएको आगजनी एवं लुटपाटको छानबिन गरी कारबाहीका लागि सिफारिस गर्ने आयोगका प्रमुख कार्यादेश छन् । यस्तै, आन्दोलनमा भएको सुरक्षा चुकबारे पनि आयोगले छानबिन गर्नेछ । निवर्तमान प्रधानमन्त्री केपी ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकसँगै आन्दोलनरत पक्षले समेत प्रदर्शनमा घुसपैठ भएको बताउँदै आएको वेला आयोगले सच्चाइ खोतल्ने विश्वास गरिएको छ । २३ भदौको आन्दोलनमा बानेश्वर क्षेत्रमा भएको अत्यधिक बल प्रयोग आयोगको छानबिन प्राथमिकतामा छ । जहाँ प्रहरीले कलिला युवामाथि घातक हतियारबाट गोली प्रहार गरेको थियो । संसद् भवनको सुरक्षामा खटिएको एसटिएफले गृह मन्त्रालयको निर्देशन भन्दै गोली चलाएको थियो ।

एसटिएफले एसएलआरबाट गोली चलाएको थियो । जबकि एसएलआर भिड नियन्त्रणमा प्रयोग गर्न नमिल्ने हतियार थियो । घातक हतियार प्रयोग भएकाले पनि ठुलो हताहती भएको थियो । यस प्रकरणमा फिल्डका प्रहरीदेखि तत्कालीन गृहमन्त्री लेखकसम्म आयोगको छानबिनमा तानिनेछन् ।

त्यस्तै, २३ भदौको आन्दोलनमा भएको सुरक्षा चुकलाई पनि आयोगले छानबिनको दायरामा ल्याउनेछ । माइतीघरबाट बानेश्वरतर्फ गइरहेका आन्दोलनकारीलाई प्रहरीले केही समय इन्द्रेणी कम्प्लेक्सअगाडि रोके पनि सहजै बानेश्वर चोकतर्फ जान दिएको थियो । सुरक्षाको पूर्वतयारीमै कमजोरीदेखि भिड नियन्त्रणमा भएको लापरबाही पनि आयोगले छानबिन गर्नेछ । यसका लागि आयोगले सम्बन्धित सबै पक्षको बयान लिनेछ ।

२४ भदौको आन्दोलनमा भने प्रहरी नै पीडित बनेको थियो । आन्दोलनकारीको आक्रमणमा तीन प्रहरीको मृत्यु भएको थियो भने सात सयभन्दा धेरै घाइते भए । प्रहरीका दर्जनौं कार्यालय जलाइएको थियो । नेपाल प्रहरी र सशस्त्र प्रहरीले ड्युटी छाडेपछि उपत्यकामा सरकारी कार्यालय, नेताका घर तथा केही व्यावसायिक प्रतिष्ठानमा आगजनी, तोडफोड र लुटपाट भएको थियो । सिंहदरबारदेखि राष्ट्रपति कार्यालयसम्म र अदालतदेखि संसद् भवनसम्म जलाइएको थियो । नेताका निजी घर जलाइएका घटना छानबिन पनि आयोगको कार्यादेशमा समेट्ने तयारी छ । कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी आरजु देउवामाथि त घरमै हमलासमेत भएको थियो । यस विषयमा पनि आयोगले छानबिन गर्ने एक मन्त्री बताउँछन् ।

मन्त्रीमा थप पाँचजना सिफारिस

प्रधानमन्त्रीले पाँचैजनाको नाम शीतलनिवास पठाइसकेको र राष्ट्रपतिले सोमबार शपथ गराउने तयारी छ । तर, मिश्राको नाममा प्रश्न उठेकाले 'होल्ड' हुने सम्भावना पनि छ ।



महाबीर पुन
शिक्षामन्त्री



डा. संगीता कौशल मिश्रा, स्वास्थ्यमन्त्री



मदन परियार
कृषिमन्त्री



अनिलकुमार सिन्हा
उद्योगमन्त्री



जगदीश खरेल
सञ्चारमन्त्री

यस्तो छ **प्रस्तावित मन्त्रीको पृष्ठभूमि** (पृष्ठ २)

विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा सिलवाल



मनोज सिलवाल

सरकारले हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोग सचिवालयको विशिष्ट श्रेणी पदमा सरुवा गरेर विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक (एमडी)मा मनोज सिलवाललाई नियुक्त गरेको छ ।

वरीयता मिचेर गुप्तचर प्रमुखमा टेकेन्द्र कार्की नियुक्त



टेकेन्द्र कार्की

गुप्तचरको मुख्य अनुसन्धान निर्देशकमा टेकेन्द्र कार्की नियुक्त भएका छन् । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई नियुक्त गरेको हो । वरीयतामा अर्का एआइजी ओम जोशी सिनियर हुन् । उनी कार्कीभन्दा एक महिना एक दिनअघि एआइजीमा बढुवा भएका थिए । तर, सरकारले दोस्रो वरीयतामा रहेका कार्कीलाई चयन गरेको हो ।

४५ घण्टापछि एकतर्फी खुल्यो मुग्लिन-नारायणगढ सडक

आइतबार अपराह्न सवा ४ बजे एकतर्फी सडक खुले पनि जोखिम कायमै रहेको भन्दै राति ९ बजेदेखि सोमबार बिहान ५ बजेसम्म सवारी चलाउन रोक लगाइएको छ । अवस्था हेरेर सोमबार थप निर्णय हुने सडक डिभिजन भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेले बताए ।



काठमाडौं/ पहिरोका कारण अवरुद्ध मुग्लिन-नारायणगढ सडक ४५ घण्टापछि आइतबार अपराह्नबाट नियमित भए पनि जोखिम नटरेको भन्दै राति सवारी गुडाउन रोक लगाइएको छ । पहिरो खस्दा गत शुक्रबार साढे

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आन्दोलनका क्रममा कारागारबाट फरार भई पक्राउ परेका कैदीबन्दीमाथि कारबाही गरिँदै

अझै फरार छन् करिब आठ हजार कैदीबन्दी, स्थानीय तहबाट समेत भागेका कैदीको निगरानी हुँदै



नक्खु कारागारबाट भागेका कैदीले गरे श्रीमतीको हत्या

(विस्तृत पृष्ठ ३)

कस्तो हुनुपर्छ हामीले खोजेको नेतृत्व ?



अग्रलेख

● गोपी मैनाली

हामीकहाँ मुलुक चलाउने नेतृत्व कस्तो हुनुपर्छ भन्नेमा बहस सुरु नै नभए पनि परिणामको अपेक्षा भने गरिँदै आएको छ


(पृष्ठ ४)

जेन-जी आन्दोलनबाट निजी क्षेत्रमा ८० अर्बको क्षति पुगेको प्रारम्भिक रिपोर्ट



प्रधानमन्त्री-निजी क्षेत्र छलफल : पुनरुत्थानका लागि निजी क्षेत्रले सुरक्षा, समन्वय र सुविधा माग्यो

(विस्तृत पृष्ठ ६)





पूर्वन्यायाधीश...

पृष्ठ १ बाट क्रमशः

दमन र भोलिपल्ट आन्दोलनका नाममा भएको आगजनी, लुटपाट तथा हिंसात्मक घटनाको विषयमा विस्तृत छानबिन गर्न आयोग गठन गरिएको हो । राजपत्रमा सूचना प्रकाशित गरी आयोगको कार्यादेश तय गरिने एक मन्त्रीले बताए । आयोगलाई दमनकर्तामाथि कारबाहीको सिफारिस गर्ने अधिकार हुने एक मन्त्रीले बताए ।

भ्रष्टाचार नियन्त्रणको माग गर्दै २३ भदौमा जेन-जी पुस्ताले गरेको प्रदर्शनमा प्रहरीको गोली लागेर काठमाडौंको नयाँ बानेश्वरमा मात्र १७ जनाको ज्यान गएको थियो भने एक सयभन्दा धेरै घाइते भएका थिए । सोही दमनविरुद्ध भोलिपल्ट देशभरि सर्वसाधारण सडकमा ओर्लिएपछि देशको अवस्था सुरक्षा निकायको काबुबाहिर गएको थियो ।

प्रहरीले परिस्थिति सम्हाल्न नसकेपछि आन्दोलनकारीले सरकारी कार्यालय, नेताको घर तथा व्यापारिक प्रतिष्ठानमा तोडफोड र आगजनी गरेका थिए । आन्दोलनमा प्रमुख प्रशासनिक भवनदेखि सर्वोच्च अदालतसम्म पनि क्षति पुगेको छ । आन्दोलनको क्रममा दुई खर्बभन्दा धेरै क्षति भएको सरकारले आकलन गरेको छ । आन्दोलन चर्किएपछि तत्कालीन प्रधानमन्त्री केपी ओली २४ भदौको दिउँसो राजीनामा दिन बाध्य भएका थिए । प्रधानमन्त्रीसहित उच्च तहका नेताहरूको नेपाली सेनाले उद्धार गरी सैनिक ब्यारेकमा राखेको थियो । आन्दोलनबाट सरकार अपदस्त भएपछि हाल चुनावका लागि अन्तरिम सरकार गठन गरिएको छ ।

राष्ट्रिय अनुसन्धान विभागको प्रमुखमा कार्की

राष्ट्रिय अनुसन्धान विभाग (गुप्तचर)को मुख्य अनुसन्धान निर्देशकमा टेकेन्द्र कार्की नियुक्त भएका छन् । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले कार्कीलाई नियुक्त गरेको हो । वरीयतामा अर्का एआइजी (अतिरिक्त मुख्य अनुसन्धान निर्देशक) ओम जोशी अगाडि भए पनि सरकारले दोस्रो वरीयतामा रहेका कार्कीलाई चयन गरेको हो । जसप्रति जोशीले असन्तुष्टि जनाएका छन् । दुवैजना ०५३ मा सँगै विभागमा भर्ना भए पनि जोशी बढुवामा अगाडि थिए । एआइजी पनि उनी नै डेढ महिनाअघि भएका थिए । तीन वर्षअघि पनि विभागको प्रमुखका लागि उनी प्रतिस्पर्धामा थिए । त्यसबेला हुतराज थापा नियुक्त भएका थिए । थापाले गत २८ भदौमा अवकाश पाएपछि विभागको नेतृत्व खाली थियो ।

सिआइबीको प्रमुखमा एआइजी केसी

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)मा एआइजी डा. मनोज केसीलाई जिम्मेवारी दिइएको छ । आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले उनको सरुवा गरेको हो । डा. केसी प्रदेश समन्वय विभागमा कार्यरत थिए । सिआइबीको नेतृत्व दुई सातादेखि रिक्त थियो । डा.केसी एसएसपी हुँदा नक्कली भुटानी शरणार्थी प्रकरणमा हाइप्रोफाइललाई पक्राउ गरेर चर्चामा आएका अधिकृत हुन् । पछिल्लो समय राजनीतिक नेतृत्वले उनलाई महत्त्वपूर्ण जिम्मेवारी दिएको थिएन ।

विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा सिलवाल

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सरकारले हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोग सचिवालयको विशिष्ट श्रेणीमा पदमा सरुवा गरेर विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा मनोज सिलवाललाई नियुक्त गरेको छ । केपी ओली नेतृत्वको निवर्तमान सरकारले ११ चैतमा कुलमान घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गरेर शाक्यलाई उक्त पदमा नियुक्त गरेको थियो । अहिले घिसिङ नै ऊर्जामन्त्री बनेपछि उनकै प्रस्तावमा आइतबारको मन्त्रिपरिषद् बैठकले शाक्यलाई सरुवा गरेर सिलवाललाई कार्यकारी निर्देशक नियुक्त गरेको हो ।

सिलवाल प्राधिकरणकै पूर्वउपकार्यकारी निर्देशक हुन् । प्राधिकरणमा झन्डै ३४ वर्ष काम गरेका उनी गत माघमा मात्रै अवकाश भएका थिए । उनी प्राधिकरणमा छँदा ग्राहक वितरण तथा ग्राहक सेवा निर्देशनालयको प्रमुखको भूमिकामा थिए । ग्राहकबाट महसुल उठाउने जिम्मेवारी सोही निर्देशनालयको हुन्छ । सिलवाल उक्त निर्देशनालयमा हुँदा उद्योगीको डेडिकेटेड फिडर र ट्रंकलाइनबापतको प्रिमियम महसुल बक्यौता उठाउने अडानमा थिए । ओली सरकारले बक्यौता उठाउन लागि परेका कार्यकारी निर्देशक घिसिङलाई असहयोग गर्दा सिलवालले बक्यौता उठाउनुपर्ने अडान लिएर घिसिङलाई साथ दिएका थिए ।

घिसिङले ३० भदौमा ऊर्जामन्त्रीको पदभार ग्रहणपछि उद्योगीको बक्यौता उठाउने पहिलो निर्णयमा हस्ताक्षर गरेका थिए । यही निर्णय कार्यान्वयनका लागि सहज बनाउन उनले सिलवाललाई प्राधिकरणको कार्यकारी निर्देशक बनाएका हुन् । ४९ उद्योगको आठ अर्ब २६ करोड वक्यौता उठाउन बाँकी छ । यीमध्ये केही उद्योगले घिसिङ कार्यकारी निर्देशक छँदै किस्ताबन्दीमा केही रकम बुझाए पनि पछि ओली सरकारको पालामा प्राधिकरणले बनाएको प्रशासनिक पुनरावलोकन समितिमा निवेदन दिएका छन् । ओली सरकार उद्योगीको बक्यौतामा छुट गराउन चाहिरहेको थियो । त्यसैले, कुलमानलाई हटाएर शाक्यलाई कार्यकारी निर्देशक बनाएको थियो ।

नवनियुक्त कार्यकारी निर्देशक सिलवालले युवाको चाहनाअनुसार तथा डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता उठाउने काम गर्ने बताए । 'प्रारम्भिक रूपमा म युवा पुस्ताको चाहनाअनुसार नै काम गर्छु । विद्युत् सेवा प्रवाहलाई सुधार गर्दै लैजानेछु । साथै, प्राधिकरणलाई प्राविधिक तथा आर्थिक रूपमा बलियो बनाउने गरी काम गर्नेछु । म प्राधिकरणमा ३४ वर्ष सेवा गरेर उपकार्यकारी निर्देशकबाट गत माघमा मात्रै अवकाश भएको हुँ । यति लामो अनुभव भएका कारण काम गर्न सक्नेछु भन्ने विश्वास छ,' उनले भने, 'साथै, डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता उठाउने गरी पनि काम गर्नेछु । अदालत, लेखा समिति, यसअघिका सरकारलगायतका निकायमा हाम्रो यो बक्यौता उठाउनुपर्छ भन्ने नै अडान थियो । हालका ऊर्जामन्त्री कार्यकारी निर्देशक हुँदा पनि बक्यौता उठाउन खोज्नुभएको थियो । तर, तत्कालीन सरकारले असहयोग गर्दा पनि हामी बक्यौता उठाउनैपर्छ भन्नेमा थियौं ।'

प्राधिकरण कार्यकारी निर्देशकबाट शाक्यको सरुवा दोस्रोपटक

शाक्य प्राधिकरण कार्यकारी निर्देशकमा दोस्रोपटक नियुक्त भएका थिए । तर, पहिलोपटक जस्तै उनी कार्यकाल पूरा हुन नपाउँदै सरुवामा परेका छन् । प्राधिकणकै कर्मचारी रहेका शाक्य पहिलोपटक २७ माघ ०७७ मा प्राधिकरणको कार्यकारी निर्देशक नियुक्त भएका थिए । त्यसको ६ महिनापछि २५ साउन ०७८ मा शाक्यलाई जल तथा ऊर्जा आयोगको विशिष्ट श्रेणी पदमा सरुवा गरेर कुलमानलाई कार्यकारी निर्देशकमा दोस्रोपटक नियुक्ति दिइएको थियो । त्यसबेला शाक्य आफ्नो सरुवाविरुद्ध सर्वोच्च अदालतमा गए पनि अन्तरिम आदेश पाउन सकेनन् । प्राधिकरणमा घिसिङले निरन्तरता पाए । घिसिङको कार्यकाल गत २५ साउनमा सकिँदै थियो । तर, तत्कालीन सरकारले ११ चैतमा घिसिङलाई हटाएर शाक्यलाई चार वर्षका लागि नियुक्त गरेको थियो । आफ्नो बर्खास्तीविरुद्ध घिसिङ सर्वोच्च अदालत गए पनि अन्तरिम आदेश पाउन सकेनन् । त्यसपछि शाक्य नै नेतृत्वमा रहे । तर, नियुक्ति पाएको पाँच महिनापछि उनको सरुवा भएको छ ।

नवनियुक्ति कार्यकारी निर्देशक सिलवाल भन्छन्- उद्योगीको बक्यौता उठाउने गरी काम गर्छु

प्रारम्भिक रूपमा म युवा पुस्ताको चाहनाअनुसार नै काम गर्छु । विद्युत् सेवा प्रवाहलाई सुधार गर्दै लैजानेछु । साथै, प्राधिकरणलाई प्राविधिक तथा आर्थिक रूपमा बलियो बनाउने गरी काम गर्नेछु । म प्राधिकरणमा ३४ वर्ष सेवा गरेर उपकार्यकारी निर्देशकबाट गत माघमा मात्रै अवकाश भएको हुँ । यति लामो अनुभव भएका कारण काम गर्न सक्नेछु भन्ने विश्वास छ । साथै, डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता उठाउने गरी काम गर्नेछु । अदालत, लेखा समिति, यसअघिका सरकारलगायतका निकायमा हाम्रो यो बक्यौता उठाउनुपर्छ भन्ने नै अडान थियो । हालका ऊर्जामन्त्री कार्यकारी निर्देशक हुँदा पनि बक्यौता उठाउन खोज्नुभएको थियो । तर, तत्कालीन सरकारले असहयोग गर्दा पनि हामी बक्यौता उठाउनैपर्छ भन्नेमा थियौं ।

मन्त्रीमा थप पाँचजना सिफारिस

नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले दोस्रो चरणमा पाँच मन्त्री छनोट गरेर नियुक्तिका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरेकी छिन् । भ्रष्टाचारविरुद्ध २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनबाट २७ भदौमा प्रधानमन्त्री बनेकी कार्कीले ३० भदौमा तीन मन्त्री नियुक्त गरेकी थिइन् ।

अर्थमा रामेश्वर खनाल, गृह र कानुनमा ओमप्रकाश अर्याल तथा ऊर्जा, भौतिक, यातायात र सहरी विकासमा कुलमान घिसिङ नियुक्त भएकामा आइतबार पूर्वन्यायाधीश अनिल सिन्हा, अतिरिक्त स्वास्थ्यसचिव संगीता कौशल मिश्रा, वैज्ञानिक महावीर पुन, पत्रकार जगदीश खरेल र समता फाउन्डेसनका अध्यक्ष मदनप्रसाद परियारको नाम नयाँ मन्त्रीका लागि सिफारिस गरिएको हो । प्रधानमन्त्री कार्यालयका अनुसार सर्वोच्च अदालतका पूर्वन्यायाधीश सिन्हालाई उद्योग र भूमिमन्त्री, स्वास्थ्य मन्त्रालयकी अतिरिक्त सचिव मिश्रालाई उक्त पदबाट राजीनामा गराएर स्वास्थ्यमन्त्री र वैज्ञानिक पुनलाई शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीमा सिफारिस गरिएको छ । त्यस्तै, पत्रकार खरेल सञ्चारमन्त्री र दलित समुदायको सामाजिक न्यायका लागि लड्दै आएका परियार कृषिमन्त्रीमा सिफारिस भएका छन् । यद्यपि मिश्राको नाममा विभिन्न प्रश्न उठेपछि सबैको नियुक्ति 'होल्ड' गरिएको छ । राष्ट्रपति कार्यालयले पाँचैजनाको नाम आइसकेको र राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार नियुक्त गरेर शपथ गराउने जनाएको छ ।

११ सदस्यीय सानो र छरितो मन्त्रिपरिषद् बनाउने घोषणा गरेकी प्रधानमन्त्री कार्कीले गत आइतबारै सात मन्त्री नियुक्त गरेर मन्त्रिपरिषद्लाई पूर्णता दिने गृहकार्य गरे पनि केही नाममा प्रश्न उठेपछि पाँचजनाको नाम मात्रै सिफारिस गरेको निकट स्रोतले बतायो । प्रधानमन्त्री कार्कीले जेन-जी समूहबाट बब्लु गुप्ता र पिछडिएको क्षेत्रबाट मोहना अन्सारीलाई मन्त्री बनाउने तयारी गरेकी थिइन् । परराष्ट्रमन्त्रीमा अन्सारीको नाम चर्चामा थियो । तर, सहमति नजुटेपछि अहिलेलाई रक्षा र परराष्ट्रमन्त्री प्रधानमन्त्री कार्कीले आफैँसँग राख्ने मनस्थिति बनाएकी छिन् । वन मन्त्रालयमा मधेशबाट एकजना नियुक्त गर्न सक्ने स्रोत बताउँछ ।

यस्तो छ प्रस्तावित मन्त्रीको पृष्ठभूमि

● **महावीर पुन** (शिक्षा मन्त्रालय)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सिफारिस महावीर पुन वैज्ञानिक हुन् । साधारण जीवनशैली र नवीन सोच उनको परिचय हो । प्रसिद्ध म्यागासेसे पुरस्कार प्राप्त आविष्कारक पुनले कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय हाताभित्र राष्ट्रिय आविष्कार केन्द्र सञ्चालन गरेका छन् । केन्द्रमार्फत नेपाली युवालाई आविष्कारमा केन्द्रित गर्ने उद्देश्यले उनले आर्थिक सहयोग जुटाइरहेका छन् । अहिले किताब बेच्दै हिँडिरहेका छन् । केन्द्रमार्फत नयाँ अनुसन्धानको काम गरिरहेका छन् । अमेरिकाको नेब्रास्का विश्वविद्यालयबाट विज्ञानमा स्नातकोत्तर गरेका पुनले वायरलेस प्रविधिद्वारा ०५७/५८ तिरै गृहजिल्ला म्याग्दीका ग्रामीण गाउँमा तारविनाको इन्टरनेट सेवा पुऱ्याएका थिए ।

● **डा. संगीता कौशल मिश्रा** (स्वास्थ्य मन्त्रालय)

डा. मिश्राले मन्त्री बन्ने निश्चित गरेपछि आइतबार मात्रै स्वास्थ्य मन्त्रालयको अतिरिक्त सचिवबाट राजीनामा दिएकी थिइन् । उनी चिकित्सकका साथै नेतृत्व व्यवस्थापनमा पनि अब्बल मानिन्छिन् । कोभिड महामारीको समयमा उनी कोशी अस्पतालको नेतृत्वमा थिइन् । त्यतिबेलाको कार्यप्रति नागरिकमा उनको भूमिकाको प्रशंसा हुने गरेको छ । कोशी अस्पतालको सफल नेतृत्वपछि उनी परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको निर्देशक बनेकी थिइन् । पछिल्लो समय उनी स्वास्थ्यसचिवको दौडमा थिइन् । मन्त्रालयका विभिन्न शाखा र महाशाखा सम्हाल्दै मधेशबाट पहिलो स्वास्थ्यसचिवको दौडमा रहे पनि डा. विकास देवकोटा स्वास्थ्यसचिव बनेका थिए ।

● **मदनप्रसाद परियार** (कृषि मन्त्रालय)

दलित समुदायको हकहित, सामाजिक न्याय, समतामूलक समाज निर्माणका लागि क्रियाशील समता फाउन्डेसनका अध्यक्ष डा. मदनप्रसाद परियार सामाजिक अभियन्ता हुन् । संविधानसभाबाट संविधान बनाउँदा परियार राज्य पुनर्संरचना उच्चस्तरीय सुझाव आयोगका संयोजक थिए । उनले दलित अधिकार, सामाजिक न्याय, जलवायु न्यायका लागि आवाज उठाउँदै आएका छन् । यद्यपि, समता फाउन्डेसनमा उनको नेतृत्वमाथि प्रश्न उठेर मुद्दा अदालतसम्म पुगेको छ ।

● **अनिलकुमार सिन्हा** (उद्योग र भूमि मन्त्रालय)

सर्वोच्च अदालतका पूर्वन्यायाधीश सिन्हा उद्योग र वणिज्यसम्बन्धी मामिलाका जानकार मानिन्छन् । १७ साउन ०७३ मा सर्वोच्चको न्यायाधीश भएका सिन्हाले १४ कात्तिक ०८० मा अवकाश पाएका थिए । सिन्हाले नेपाल ल क्याम्पसबाट कानुन पढेर वकालत पेसा सुरु गरेका थिए । वरिष्ठ अधिवक्ता हुँदै सर्वोच्चको न्यायाधीश बनेका थिए । वकालत पेसामा रहँदा उनले कर र कर्पोरेट क्षेत्रको विज्ञता हासिल गरेका थिए । न्यायाधीश भएर पनि उनले उद्योग र वाणिज्यसम्बन्धी मुद्दा हेरेका थिए । संवैधानिक प्रश्न निरूपणमा पनि उनको योगदान छ । प्रतिनिधिसभा विघटन मुद्दामा सिन्हाले संवैधानिक इजलासमा बसेर महत्त्वपूर्ण भूमिका निभाएका थिए । यसका अलावा अख्तियारका पूर्वप्रमुख आयुक्त लोकमानसिंह कार्कीको नियुक्तिसम्बन्धी मुद्दा, ललितानिवास जग्गा प्रकरण, कर फर्स्योट आयोगसम्बन्धी मुद्दा पनि उनले हेरेका सुशासनसम्बन्धी मुद्दा हुन् ।

● **जगदीश खरेल** (सञ्चार मन्त्रालय)

खरेल इमेज टेलिभिजनका समाचार प्रमुख हुन् । इमेज टेलिभिजनमा हटसिट कार्यक्रममा लिने अन्तर्वार्ता शैलीका कारण चर्चित छन् । दोलखाका खरेल दुई दशकभन्दा अगाडिदेखि पत्रकारितामा सक्रिय छन् । उनले आफू मन्त्री बन्न लागेको पुष्टि गरेका छन् । सोमबार शपथका लागि खबर आएको जानकारी गराएका छन् ।

सबै कमिटी...

पृष्ठ १ बाट क्रमशः

आइतबार कोटेश्वरस्थित पार्टी कार्यालयमा बसेको पदाधिकारी बैठकमा प्रचण्डले आगामी मंसिरमा विशेष महाधिवेशन गर्ने प्रस्ताव प्रस्तुत गरेका हुन् । यसका लागि केन्द्रीय समिति भंग गरी महाधिवेशन आयोजक समितिमा रूपान्तरण गर्ने र पदाधिकारीसहित सबै सदस्य आयोजक समिति सदस्यका रूपमा रहने उनले प्रस्ताव गरेका हुन् ।

'केन्द्रीय समिति विघटन गरेर महाधिवेशन आयोजक समिति समिति बनाउने प्रस्ताव भएको छ । महाधिवेशन आयोजक समितिको संयोजक अध्यक्ष हुनुहुन्छ र बाँकी सबै सदस्य रहनुहुनेछ ।' माओवादी प्रवक्ता अग्नि सापकोटाले भने । यसमाथि औपचारिक निर्णय केन्द्रीय कमिटीले लिने प्रवक्ता सापकोटाले बताए ।

महाधिवेशनबाट विचारको संश्लेषण गर्दै नीति र नेतृत्व चयन गरेर अगाडि बढ्ने उनले बताए । 'अहिले जुन परिस्थिति सिर्जना भएको छ । यस्तो वेला औपचारिक-संस्थागत निर्णय गर्न महाधिवेशनमा जानुपर्ने भयो । त्यसैले, महाधिवेशन आयोजक समिति बनाएर जाने प्रस्ताव अध्यक्षबाट आएको हो,' बैठकपछि प्रवक्ता सापकोटाले भने । पदाधिकारीमा पेस प्रस्ताव ८ असोजमा स्थायी समितिमा त्यसपछि ९ असोजमा केन्द्रीय समिति बैठकमा छलफल हुनेछ । केन्द्रीय कमिटी बैठकले निर्णय गरेपछि माओवादी महाधिवेशनमा होमिनेछ । महाधिवेशनबाट प्रत्यक्ष निर्वाचन गरेर अध्यक्षसहित पदाधिकारी छानिनेछन् ।

अब बन्ने केन्द्रीय कमिटीमा युवा, महिला, मधेसी, दलित, अल्पसंख्यक, जनजातिको उल्लेख्य प्रतिनिधित्व सुनिश्चित गर्ने प्रस्ताव प्रचण्डको छ । 'जेन-जी पुस्ताको भावना समेट्दै कमिटी समिति बनाऔं । जेन-जी पुस्ताले उठाएका मुद्दा र हामीले उठाएका मुद्दा समान छन् । विचारको संश्लेषण गर्दै सशक्त पार्टी निर्माण गरौं । तलैदेखि पार्टी पुनर्गठन गर्दै आगामी मंसिरमा महाधिवेशन गरौं,' प्रचण्डले भनेका छन् ।

महाधिवेशन र चुनावको तयारी सँगसँगै थाल्नुपर्नेमा उनले जोड दिएका छन् । तोकिएको मितिमा प्रतिनिधिसभा निर्वाचनमा सम्पन्न हुने वातावरण बनाउन लाग्नुपर्नेमा पनि उनले जोड दिएका छन् । 'चुनाव हुन नदिने चलखेल पनि हुन थालिसकेको छ, हामी सचेत हुनुपर्छ । चुनावी माहोल सिर्जना पनि गर्नुपर्नेछ । महाधिवेशन र चुनावको तयारी सँगसँगै गरौं,' प्रचण्डको प्रस्ताव छ । परिस्थिति जटिल र चुनौतीपूर्ण भए पनि पहलकदमी बढाउँदा सम्हाल्न सकिने प्रचण्डको विश्लेषण छ । 'परिस्थिति जटिल र चुनौतीपूर्ण छ । हामीले पहलकदमी बढाउनुपर्छ, स्थिति सम्हालिन्छ,' प्रचण्डको भनाइ उद्धृत गर्दै माओवादी प्रवक्ता सापकोटाले भने ।



आइतबार कोटेश्वरस्थित पार्टी कार्यालयमा बसेको पदाधिकारी बैठक । तस्बिर : **संजित परियार**

निर्वाचनमा प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीसहितका एजेन्डा माओवादीले लिने भएको छ । 'माओवादीले उठाउँदै आएको माग अहिले जेन-जीले उठाएका हुन् । माओवादी र जेन-जीका माग समान छन् । जेन-जीसँग संवाद गरेर जानुपर्छ,' प्रचण्डले भनेका छन्, 'घोषित मितिमै चुनाव हुनुपर्छ । हाम्रो पार्टीको तर्फबाट सकारात्मक वातावरण बनाउन सकेको भूमिका निर्वाह गर्नुपर्छ ।'

जेन-जी आन्दोलनपछि कांग्रेस-एमालेको सत्ता ढलेर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनेको छ । नयाँ सरकारले आगामी २१ फागुनका लागि निर्वाचनको मिति घोषणा गरिसकेको छ ।

गत २०७८ पुसमा भएको महाधिवेशनले ६ महिनाभित्र विशेष महाधिवेशन गर्ने निर्णय गरेको थियो । उपमहासचिव जनार्दन शर्माले विशेष महाधिवेशनको माग गर्दै आएका छन् । उनले आइतबारको बैठकमा पनि नेतृत्व हस्तान्तरण गरेर जानुपर्नेमा जोड दिएका थिए । बैठकमा धारणा राख्ने अन्य सदस्यले भने अध्यक्षको प्रस्तावमा समर्थन जनाएको एक नेताले बताए ।

जनार्दन शर्माले भनेका थिए- अध्यक्षसहित सबै पदाधिकारीले राजीनामा दिऔं, वरिष्ठ नेताको नेतृत्वमा महाधिवेशन गरौं

बैठकमा उपमहासचिव जनार्दन शर्माले नेतृत्व हस्तान्तरणको माग जेन-जी आन्दोलनले सही साबित गरेको बताएका छन् । उनले पार्टी पुनर्गठनको प्रक्रिया अगाडि बढाउन अध्यक्षसहित सबै पदाधिकारीले पदबाट राजीनामा दिनुपर्ने र महाधिवेशनसम्म पार्टीलाई संयोजन गर्ने गरी वरिष्ठ नेतालाई कार्यभार दिनुपर्ने माग गरेका छन् ।

'पार्टी पुनर्गठनको प्रक्रिया अगाडि बढाउन यही बैठकबाट अध्यक्षसहित सबै पदाधिकारीले पदबाट राजीनामा दिनुपर्छ । महाधिवेशनसम्म पार्टीलाई संयोजन गर्ने गरी वरिष्ठ नेतालाई कार्यभार दिऔं,' उनले भनेका छन्, 'महाधिवेशनमा युवाहरूको प्रतिनिधित्व र नेतृत्वसमेत सुनिश्चित गर्न अहिले नै अध्यक्षसहित सबै पदाधिकारी राजनीतिक-वैचारिक काम गर्ने गरी निर्देशक कमिटीको अन्तरिम विधानमा व्यवस्था गरी अगाडि बढ्नुपर्छ ।'

उनले अहिलेको परिस्थितिलाई पार्टी पुनर्गठनको अवसरको रूपमा लिनुपर्ने बताए । 'पार्टीमा आमूल परिवर्तन गर्न नयाँ पुस्ताको बाहुल्यता र नेतृत्वबारे सोच्नुपर्छ । आफैँलाई सच्याउने र सुधार्ने, रूपान्तरण गर्ने, पुनर्गठन गर्ने एउटा अवसरको रूपमा लिनुपर्छ,' उनले भने । उनले जेन-जी आन्दोलनले दलतन्त्र, नेतातन्त्र, दलालीतन्त्र र कमिसनतन्त्रलाई राम्रोसँग उजागर गरिदिएको बताएका छन् ।

तत्काल महाधिवेशन गर्ने गगन-विश्वको प्रस्तावमा संस्थापन पक्षको प्रतिवाद

नयाँ पत्रिका



जेन-जी आन्दोलनमा घाइते भएका पार्टी सभापति शेरबहादुर देउवा अस्पतालमै उपचाररत रहँदा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पार्टी पुनर्गठनको प्रस्ताव उठाएपछि कांग्रेसभित्र हलचल देखिएको छ । संस्थापन पक्ष र पूर्वपदाधिकारीहरूले संकटको समयमा संवेदना र परिपक्वता नदेखाएको आरोप लगाउँदै महामन्त्रीद्वयको प्रस्तावको प्रतिवाद गरेका छन् ।

आइतबार पूर्वमहामन्त्री प्रकाशमान सिंहको निवास चाक्सीबारीमा बसेको बैठकमा पूर्वमहामन्त्रीहरू कृष्णप्रसाद सिटौला, शशांक कोइराला, पूर्वउपसभापति विमलेन्द्र निधि र पूर्वसहमहामन्त्री डा. प्रकाशशरण महत सहभागी थिए । उनीहरूले दुई महामन्त्रीको प्रस्तावले पार्टीमा विवाद सिर्जना गर्ने भन्दै त्यसलाई अस्वीकार गरेका हुन् ।

पार्टीलाई जोगाउन विशेष महाधिवेशन गरी नेतृत्व परिवर्तन गर्नुपर्ने थापा र शर्माले प्रस्ताव गरेका छन् । शुक्रबारको कार्यसम्पादन समिति बैठकमै विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गर्ने थापा-शर्माको प्रस्ताव आएको थियो, जसलाई बैठकले अस्वीकार गरेको थियो ।

बैठकपछि सिटौलाले संकटको वेला पार्टीभित्र झगडा होइन, एकता जरुरी रहेको प्रतिक्रिया दिए । 'देशै खरानीबाट उठिरहेका वेला पार्टी सम्हाल्ने दुईजना महामन्त्री मात्र किन हतारिनुभयो भन्ने पार्टीपंक्तिमा अहिले स्वाभाविक प्रश्न उठिरहेको छ,' सिटौलाले नयाँ पत्रिकासँग भने, 'यस्तो संकटका वेला झगडा होइन, मिलेर अगाडि बढ्नुपर्छ, उहाँहरूले उठाएको विषय नियमित महाधिवेशनबाट सम्बोधन गर्नुपर्छ ।'

उनीहरूको संवाद सकिएलगत्तै प्रवक्तासमेत रहेका डा. महतले पत्रकार सम्मेलन आयोजना गर्दै महामन्त्रीद्वयको योजना र अभिव्यक्तिको प्रतिवाद गरेका थिए । 'अहिले हामी सबै एक भएर आफ्ना कमी-कमजोरी हटाउने र आन्तरिक एकता बलियो बनाउने समय हो । र, घाउ भएको वेलामा नुन छर्ने प्रवृत्ति देखिएको छ,' उनले भने, 'अभिभावकमाथि सांघातिक प्रहार हुँदा हामी उपचार हुँदासम्म पनि पूरा पर्खन सक्दैनौं ? आकाश नै झरिहाल्छ ?'

■ आन्दोलनका घाइतेले भेटे गृहमन्त्री

आफ्ना माग पूरा गर्न सरकारको ध्यानाकर्षण



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका



काठमाडौं/ जेन-जी आन्दोलनका घाइतेहरू सिंहदरबार पुगेर आक्रोश व्यक्त गरेका छन् । आफूहरूलाई उपेक्षा गरेको र अन्य समूहले नै जेन-जी आन्दोलन हाइज्याक गरेको उनीहरूको आरोप छ । उनीहरूले आफ्ना माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराएका छन् ।

सुरुमा गृह मन्त्रालय पुगेर उनीहरूले मन्त्री ओमप्रकाश अर्यालसँग भेट गरेका थिए । भेटमा उनीहरूले आन्दोलनका घाइते आफूहरू भएको, तर सुदन गुरुङले आन्दोलनको अपनत्व लिएको भन्दै आक्रोश व्यक्त गरेका थिए । जेन-जी समूहको प्रतिनिधित्व र निर्णय प्रक्रियामा आफूहरूलाई पनि सहभागी गराउन उनीहरूको माग छ । गृह मन्त्रालयपछि उनीहरू प्रधानमन्त्री कार्यालयसमेत पुगेका थिए । तर, उनीहरूको प्रधानमन्त्री सुशीला कार्कीसँग भने भेट भएन । त्यसपछि निस्कने क्रममा उनीहरूले नाराबाजीसमेत गरेका थिए ।

४५ घण्टापछि...

पृष्ठ १ बाट क्रमशः

६ बजेबाट अवरुद्ध सडक आइतबार अपराह्न सवा ४ बजे एकतर्फी खुलेको थियो ।

तर, पहिरो खसेको मुग्लिन बजारदेखि करिब दुई किलोमिटर दक्षिणपट्टि इच्छाकामना गाउँपालिका- ६ स्थित तुइन खोला पुलछेउमा जोखिम कायमै रहेको र राति पहिरो-ढुंगा खस्न सक्ने भन्दै चितवन प्रशासनले आइतबार राति ९ बजेदेखि सोमबार बिहान ५ बजेसम्म सवारी गुडाउन रोक लगाएको हो । तर, अवस्था हेरेर सोमबार थप निर्णय हुने सडक डिभिजन भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेले बताए ।

यसअघि जाममा परेका धेरैजसो सवारीसाधन भने गन्तव्यमा पठाइएको छ । तर, साँझ मुग्लिन र नारायणगढ पुगेका सवारीसाधन फेरि रोकिएका छन् । लामिछानेका अनुसार त्यस क्षेत्रको भौगोलिक बनावट यसै पनि कमजोर छ । त्यसमाथि त्यहाँ टुक्रे चट्यान छ । त्यसले गर्दा यस क्षेत्रमा पहिरो खस्ने गरेको छ ।

आन्दोलनका क्रममा कारागारबाट फरार भई पक्राउ परेका कैदीबन्दीमाथि कारबाही गरिँदै

अझै फरार छन् करिब आठ हजार कैदीबन्दी, स्थानीय तहबाट समेत भागेका कैदीको निगरानी हुँदै



नेपाल प्रहरीका प्रवक्ता डिआइजी विनोद घिमिरे भन्छन्–

फरार कैदीबन्दीको हकमा कारागार फर्कन सूचना जारी गरिएको थियो, त्यसमध्ये कति आफैं फर्किए, कतिलाई पक्राउ गरियो । आफैं फर्किएकाको हकमा साबिककै सजायले निरन्तरता पाउँछ । तर, पक्राउ परेकाको हकमा भने कारागार व्यवस्थापन ऐन, २०७९ अनुसार कारबाही हुन्छ । यो प्रक्रिया सुरु भइसकेको छ ।

टेकराज थामी/नयाँ पत्रिका

जेन-जी आन्दोलनका क्रममा फरार कैदीबन्दीविरुद्ध कारागार व्यवस्थापन ऐन, २०७९ अनुसार कारबाही सुरु गरिएको छ । सूचना जारी गर्दा पनि सम्पर्कमा नआएपछि उनीहरूविरुद्ध कारबाही थालिएको हो ।

प्रहरीका अनुसार पक्राउ गरी कारागार फर्काइएका कैदीबन्दीको हकमा यो नियम कडाइका साथ लागू गरिएको छ । स्वस्फूर्त कारागार फर्किएका कैदीबन्दीको हकमा भने यो लागू गरिएको छैन । फरारमध्ये हालसम्म ६ हजार ९२८ कैदीबन्दी कारागार फर्किसकेका छन् । जसमध्ये झन्डै ५० प्रतिशत कैदीबन्दीलाई प्रहरीले पक्राउ गरेको छ भने बाँकी आफैं कारागार फर्किएका हुन् ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी विनोद घिमिरेले पक्राउ गरी कारागार ल्याइएका कैदीबन्दीको हकमा कानुनअनुसार नै कारबाही हुने बताए । 'फरार कैदीबन्दीको हकमा कारागार फर्कन सूचना जारी गरिएको थियो, त्यसमध्ये कति आफैं फर्किए, कतिलाई पक्राउ गरियो । आफैं फर्किएकाको हकमा साबिककै सजायले निरन्तरता पाउँछ । तर, पक्राउ परेकाको हकमा भने कारागार व्यवस्थापन ऐन, २०७९ अनुसार कारबाही हुन्छ । यो प्रक्रिया सुरु भइसकेको छ,' उनले भने ।

ऐनअनुसार कुनै पनि कैदीबन्दी कारागारबाट भागे वा भाग्ने उद्योग गरेमा पाँच वर्ष कैद वा ५० हजार रुपैयाँसम्मको जरिवाना र दुवै सजाय हुन सक्नेछ । उक्त ऐनको दफा ४९ को उपदफा १ (ख)मा भनिएको छ, 'कारागारबाट भागेमा वा भाग्ने उद्योग गरेमा पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।' त्यस्तै, कुनै बन्दीलाई भगाएमा वा त्यस्तो उद्यगोमा संलग्न भएमा पनि घटनामा संलग्न व्यक्तिलाई तीन वर्ष कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुन सक्छ । सोही दफाको उपदफा २ मा भनिएको छ, 'कसैले कुनै बन्दीलाई भगाएमा वा भगाउने उद्योग गरेमा तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।'

कारागार व्यवस्थापन विभागका अनुसार २४ भदौमा मुलुकका २८ कारागारबाट १४ हजार ५५६ कैदीबन्दी फरार भएका थिए । विभागले २८ भदौमा सूचना सार्वजनिक गरी कैदीबन्दीलाई कारागार फर्कन सूचित गरेको थियो । तर, फरारमध्ये अझै सात हजार ६२७ कैदीबन्दी कारागार फर्किएका छैनन् । सूचनापछि कारागार नफर्किएका कैदीबन्दीको हकमा ऐनअनुसार नै कारबाही अघि बढ्ने विभागका महानिर्देशक लीलाप्रसाद शर्माले बताए । 'फरार कैदीबन्दीलाई जतिसक्दो चाँडो कारागार फर्कन भनेका थियौं, केही आफैं फर्के, केही पक्राउ परे । अझै झन्डै आधा कैदीबन्दी फरार छन् । नफर्किएका कैदीबन्दीको हकमा कानुनअनुसार कारबाही हुन्छ,' उनले भने ।



२४ भदौमा कैलाली कारागारबाट भाग्दै गरेका कैदीबन्दी । तस्बिर : **तेजराज भट्ट**/नयाँ पत्रिका

नक्खु कारागारबाट भागेका कैदीले गरे श्रीमतीको हत्या

२४ भदौमा नक्खु कारागारबाट फरार भएका कैदीबन्दी सन्तबहादुर तामाङले श्रीमतीको हत्या गरेका छन् । काभ्रेको पनौती नगरपालिका-१२ कलाँतीका ३६ वर्षीय तामाङ ३० वर्षीया श्रीमती मनीषा तामाङको हत्या गरी फरार भएका हुन् । तामाङ नक्खु कारागारबाट फरार भएका थिए । जेन-जी आन्दोलनका क्रममा कारागार फोडिएपछि उनी रास्वपा सभापति रवि लामिछानेसँगै फरार भएका थिए । फरार भएकै दिन घर पुगेका उनको श्रीमती मनीषासँग विवाद भयो । सोही क्रममा उनले कुटपिट गरे । उनको रिस त्यतिमै थामिएन, मनीषाको हत्या गरेर घर पछाडि खाल्डोमा शव गाडेर फरार भए । मनीषा एकाएक बेपत्ता भएपछि उनको सोधीखोजी भयो । यही क्रममा उनको शव घरपछाडि खनिएको खाल्डोमा गाडिएको अवस्थामा फेला पऱ्यो । जिल्ला प्रहरी कार्यालय काभ्रेका एसपी कमल शाहले नक्खु जेलबाट फरार भएका कैदीले श्रीमतीको हत्या गरेको र त्यसपछि फरार भएको बताए । 'गत २४ भदौमा नक्खु कारागारबाट फरार कैदीले श्रीमतीको हत्या गरेको खुलेको छ । घटनालगत्तै उनी फरार भएका छन् । उनको खोजी हुँदै छ । सूचना संकलन भइरहेका छन्,' उनले भने । प्रहरीका अनुसार फरार तामाङ जबर्जस्ती करणी उद्योगमा जेल परेका थिए । कसुर प्रमाणित भएका उनको कैद भुक्तान गर्न एक महिना मात्रै बाँकी थियो । उनीविरुद्ध तीन वर्ष कैद सजाय ठहर भएको थियो ।

कैदीबन्दीको विवरण सबै निकायमा पठाइयो

विदेश भाग्न सक्ने देखिएपछि विभागले फरार भएका सबै कैदीबन्दीको विवरण अध्यागमन विभागमातहतका सबै कार्यालयमा पठाएको छ । मुलुकका ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पनि उनीहरूको विवरण पठाइएको छ । जिल्ला प्रशासन कार्यालयले मातहतका सबै स्थानीय तहमा प्राप्त विवरण सर्कुलेट गरेको विभागका महानिर्देशक शर्माले बताए । 'फरार कैदीबन्दीको सबै विवरण अध्यागमन कार्यालय, सिडिओ कार्यालय, स्थानीय तहहरूमा पठाइसकिएको छ । विदेश भाग्न सक्ने देखिएपछि उनीहरूका विवरण अध्यागमन पठाइएको हो । तत्काल पक्राउ गर्न उनीहरूका विवरण सिडिओ कार्यालय र स्थानीय तहमा पठाइएको हो,' उनले भने ।

विभागका अनुसार नफर्किएका कैदीबन्दीविरुद्ध स्थानीय तहबाट समेत निगरानी भइरहेका छन् । कतिपय कैदीबन्दी स्थानीय तहकै सूचनापछि पक्राउ परेको विभागको दाबी छ । सूचना प्राप्त हुन साथ पक्राउका लागि सुरक्षाकर्मी परिचालन गर्ने वातावरण बनाउन गृह मन्त्रालयले मातहतका सबै सिडिओ कार्यालयहरूलाई निर्देशन गरेको छ । प्रहरीले पनि सोहीअनुसार सुरक्षाकर्मी परिचालन गर्न मातहतका जिल्ला प्रहरी कार्यालयहरूलाई निर्देशन दिएको छ । 'फरार कैदीबन्दी पक्राउ गर्न प्रहरीले आवश्यक एक्सन सुरु गरिसकेको छ । भाग्न सक्ने स्थानमा प्रहरीले निगरानी बढाएको छ,' प्रहरी प्रवक्ता डिआइजी घिमिरेले भने ।

■ भिआइपी बन्दी जो अझै फर्किएनन्



रायमाझी

पाण्डे

सुन्धारास्थित केन्द्रीय कारागारबाट फरारमध्ये १२ सय कैदीबन्दी कारागार फर्किसकेका छन् । तर, पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी अझै जेल फर्किएका छैनन् । उनी २४ भदौमा केन्द्रीय कारागारबाट फरार भएका थिए । चौतर्फी आलोचना भएपछि आफैं जेल फर्कने भन्दै उनले सार्वजनिक अभिव्यक्ति दिएका थिए । उनी नक्कली भुटानी शरणार्थी प्रकरणमा दुई वर्षदेखि पुर्पक्षका लागि कारागारमा छन् । सोही कसुरमा जेलमा रहेका पूर्वसचिव टेकनारायण पाण्डे पनि फर्किएका छैनन् । उनी पनि रायमाझीसँगै कारागारबाट फरार भएका थिए ।

सुन्धारास्थित जगन्नाथ देवल (केन्द्रीय कारागार) कारागार कार्यालयका जेलर कृष्ण कटुवालले रायमाझी र पाण्डे जेल नफर्केको बताए । 'कारागारबाट ३४ सयजति कैदीबन्दी फरार भएका थिए, त्यसमध्ये ११ सयजति फर्किएका छन् । बाँकी फर्किएका छैनन् । रायमाझी र पाण्डेले केही दिनमै फर्कने भन्नुभएको छ,' उनले भने । फरार हुनेमा ३८ किलो सुन तस्करीका मुख्य नाइके चूडामणि उप्रेती (गोरे) पनि छन् । उनी कहाँ छन् भन्ने अझै खुलेको छैन । नक्खु कारागारबाट फरार पूर्वराज्यमन्त्री सञ्जय टकलालाई भने सेनाले पक्राउ गरेको थियो । उनी १२ वर्षदेखि नक्खु कारागारमा थिए । कारागारमा आगजनी भएपछि उनी फरार भएका थिए । जन्मकैदको सजाय भोगिरहेका उनले जनकपुर पुगेर भिडियो सन्देश नै सार्वजनिक गरेका थिए । १८ वैशाख ०६९ मा जनकपुरको रामानन्द चोकमा भएको विस्फोटमा उनी दोषी ठहर भएका थिए । घटनामा पाँचजनाको ज्यान गएको थियो ।

मधेशका प्रहरी कार्यालयमा ११ करोडको क्षति

जनकपुरधाममा **हरिश खुद्दार**

जेन-जी आन्दोलनका क्रममा सरकारी कार्यालय, जनप्रतिनिधिको घरसँगै प्रहरी चौकीहरूमा आगजनी र तोडफोड गर्दा मधेश प्रदेशमा करोडौं मूल्यबराबरको क्षति भएको छ । मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार आठवटै जिल्लामा रहेका भौतिक पूर्वाधार तथा सवारीसाधनमा आगजनी र तोडफोड हुँदा ११ करोडबराबरको क्षति भएको प्रारम्भिक रिपोर्टमा उल्लेख छ । मधेश प्रदेश प्रहरीले उपलब्ध गराएको रिपोर्टमा भौतिक पूर्वाधारतर्फ आठ करोड र सवारीमा आगजनी तथा तोडफोड हुँदा तीन करोड गरी ११ करोडबराबरको क्षति भएको छ ।

२४ भदौमा प्रदेशका १०९ प्रहरी युनिट क्षतिग्रस्त भए । तीमध्ये १३ युनिट पूर्ण रूपमा आगजनीले ध्वस्त भए । १३ वटा स्थायी, ९९ वटा अस्थायी प्रहरी चौकी र बाँकी जिल्ला ट्राफिक प्रहरीका कार्यालयहरूमा क्षति भएको मधेश प्रहरी कार्यालयले जनाएको छ । सबैभन्दा बढी क्षति ट्राफिक प्रहरीका अस्थायी युनिटहरूमा भएको छ ।

मधेश प्रदेश प्रहरी कार्यालयले प्रदेशभरिका प्रहरी युनिटहरूमा भएको क्षति यकिन गर्न प्रहरी उपरीक्षक ईश्वर थापाको नेतृत्वमा क्षति यकिन समिति बनाएको छ । समितिले दिएको प्रतिवेदनमा ६ वटा प्रहरी गाडी पूर्ण रूपमा जलेर खरानी भएका छन् भने १० वटामा तोडफोड गरिएको छ । २५ वटा मोटरसाइकल जलेको छ । मधेश प्रदेशमा ५३५ वटा प्रहरी युनिटमध्ये ३९९ मात्रै आफ्नो जग्गामा छन्, बाँकी भाडा घरमा छन् ।

आन्दोलनकै क्रममा ८४ प्रहरी घाइते भएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । आन्दोलनका क्रममा तीनवटा एसएलआर हतियार लुटिएको थियो । लुटिएको हतियार बरामद भए पनि त्यसमा प्रयोग हुने ४५ राउन्ड गोली अझै हराइरहेको मधेश प्रदेशका प्रहरी प्रमुख डिआइजी उमाप्रसाद चतुर्वेदीले बताए । 'यो आन्दोलनले प्रहरी मात्र होइन, सुरक्षाको आधारलाई नै ध्वस्त पाऱ्यो । धेरै क्षति भएको छ । अहिले प्रारम्भिक क्षति विवरण मात्रै संकलन भएको छ । विस्तृत आउन बाँकी नै छ,' उनले भने ।

मधेश प्रदेशमा पहिलादेखि नै प्रहरी चौकीहरूको भौतिक पूर्वाधार कमजोर छ । त्यसमा जेन-जीको नाममा भएको आन्दोलनको आगोले यी अस्थायी संरचनालाई झनै कमजोर बनाएको उनले बताए । 'प्रहरी जनताकै सुरक्षाका लागि हुन्छ,' डिआइजी चतुर्वेदीले भने, 'तर, आन्दोलनकै नाममा प्रहरी चौकी जलाइयो, प्रहरीमाथि आक्रमण गरियो, कतिपय ठाउँमा ज्यानै लिइयो । यस्तो घटनाले प्रहरीलाई कमजोर मात्र बनाउँदैन, जनताकै सुरक्षामा संकट ल्याउँछ ।' आन्दोलनका क्रममा विस्थापित भएको १०९ प्रहरी चौकीमध्ये १०५ सयवटा पुनर्स्थापित भइसकेको र चारवटा अझै बाँकी छ । अहिले विभिन्न ठाउँमा प्रहरी चौकीहरू स्थानीयको सहयोगमा पुनर्स्थापित भइरहेको छ ।

संक्षेप

अरिंगालको टोकाइबाट एक बालकको मृत्यु

ताप्लेजुङ / मेरिङ्देन गाउँपालिका- २, सान्थाक्रामा अरिंगालको टोकाइबाट एक बालकको मृत्यु भएको छ । १३ वर्षीय पेम्बा साङ्बु शेर्पाको आइतबार बिहान २ बजे सान्थाक्रा प्राथमिक स्वास्थ्य चौकीमा उपचारका क्रममा ज्यान गएको हो । स्थानीय सञ्चवीर लिम्बूका अनुसार शनिबार बिहान करिब ७ बजे पेम्बा साङ्बु शेर्पा र १४ वर्षीय पेम्बा शेर्पाले गुलेली प्रयोग गरी कालो प्रजातिको अरिंगाललाई हानेका थिए । त्यसक्रममा अरिंगालले दुवैजनालाई टोकेको थियो । अरिंगालले पेम्बा साङ्बुलाई शरीरका विभिन्न भागमा ४५ भन्दा बढी ठाउँमा टोकेको थियो । पेम्बा शेर्पालाई पाँच ठाउँमा टोकेको जनाइएको छ । घाइतेको अवस्था सामान्य रहेको र उनी भने भागेर ज्यान बचाउन सफल भएको स्थानीयले बताएका छन् । हालसम्म घटनाबारे प्रहरीलाई औपचारिक जानकारी नगराइएको स्थानीय लिम्बूले बताए ।

लहान मुटु अस्पतालमा आधुनिक प्रयोगशालासहित पाँच शय्या थप

लहान / सिराहाको लहान नगरपालिका- ४ यज्ञभूमिमा निर्माणाधीन मुटु अस्पतालले सेवा विस्तार गर्दै आधुनिक प्रयोगशालासहित शय्या सञ्चालन गरेको छ । भदौ पहिलो सातादेखि आधुनिक प्रयोगशाला सेवासहित बहिरंग उपचार सेवा दिँदै आएको अस्पतालले शुक्रबारदेखि विधिवत् रूपमा पाँच शय्यासहितको उपचार सेवा थालेको अस्पतालका कार्यकारी निर्देशक डा. सञ्जयप्रसाद साहले बताए । उनका अनुसार मुटु तथा मधुमेहका बिरामीलाई पहिलो प्राथमिकता दिइने भए पनि अन्य खालका बिरामीलाई पनि भर्ना गरेर उपचार गर्ने गरी २५ शय्यासम्म पुऱ्याइनेछ । 'अस्पतालले मुटु, मधुमेहसहित अन्य बिरामीहरूका न्यूनतम शुल्कमा विभिन्न खालका बिरामीको परीक्षण र उपचार गरिरहेका छौं,' उनले भने ।

हेटौंडामा प्रगतिशील लेखनसम्बन्धी परिचर्चा

हेटौंडा/ प्रगतिशील लेखक संघको ७४औं स्थापना दिवसका अवसरमा हेटौंडामा 'राष्ट्र निर्माणमा प्रगतिशील लेखनको भूमिका' विषयक परिचर्चा कार्यक्रम सम्पन्न भएको छ । प्रगतिशील लेखक संघ बागमती प्रदेश कमिटीले आयोजना गरेको कार्यक्रममा प्राध्यापक घनश्याम घिमिरे एवं मकवानपुरगढी गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी पाख्रिन नेपालीलगायतले आफ्ना धारणा राखेका थिए । कार्यक्रमको प्रमुख आतिथ्यता प्रगतिशील लेखक संघ नेपाल मकवानपुरका पूर्वअध्यक्ष रमेशमोहन अधिकारीले गरेका थिए ।



उपाध्यक्ष नेपालीले हाल राजनीतिक तथा सामाजिक रूपमा परिवर्तन हुँदै गरेका र परिवर्तन हुनुपर्ने सामाजिक तथा सांस्कृतिक विषयहरू प्रगतिशील लेखनमा समेटिनुपर्ने बताइन् । प्राध्यापक घिमिरेले अबको समयमा राष्ट्र निर्माण भौगोलिक सीमाभित्र मात्र सीमित नभई राष्ट्रवासीको सह-अस्तित्व, स्वतन्त्रता र आत्मनिर्भरता समेत यसमा अट्नुपर्ने तथा विश्वको जुनसुकै भूगोलमा रहेका नेपालीहरूको भावनात्मक एकता तथा आफ्नो भूमिप्रतिको सद्भाव र आत्मीयतासमेत यसमै समेटिने बताए । कार्यक्रममा साहित्य संगम मकवानपुरका उपाध्यक्ष सानु खनाल, गजल मञ्च मकवानपुरका अध्यक्ष सञ्जित श्रेष्ठ, आँचल साहित्य कला पुञ्जका अध्यक्ष भावना सापकोटा, श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका महासचिव सुवास खनाल, प्रगतिशील लेखक संघ नेपालका केन्द्रीय पार्षद् यश लामालगायतको सहभागिता थियो । कार्यक्रमको अध्यक्षता प्रगतिशील लेखक संघ बागमती प्रदेशका अध्यक्ष शान्ति प्रियवन्दनाले गरेकी थिइन् ।

■ आगजनीले कुरूप गोदावरी सम्मेलन केन्द्र



२४ भदौको जेन-जी आन्दोलनका क्रममा आगजनीपछि कुरूप बनेको ललितपुरको गोदावरी सनराइज सम्मेलन केन्द्र । ८१ करोड लागतमा बनेको सम्मेलन केन्द्रमा पछिल्लो समय ठुल्ठुला इभेन्ट, राजनीतिक दलका कार्यक्रम हुँदै आएको थियो । तर, आगजनीपछि केन्द्रको मुख्य हलको छात नै खसेको छ । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

राजस्व चुहावट मुद्दामा भारतीय नागरिकलाई धरौटीमा छाड्ने आदेश

वीरगन्ज / जिल्ला अदालत बाराले राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरण मुद्दामा अदालतमा उपस्थित नै नभएका व्यक्तिको ठाउँमा अर्को व्यक्ति खडा गरेर धरौटीमा छाड्ने आदेश गरेको छ । आइतबार राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरण मुद्दामा भारतीय नागरिक अशोककुमार सिन्हा र उनकी छोरी निवेदिका सिन्हालाई अदालतमा हाजिर नै नगराई धरौटीमा छाड्न आदेश गरेको हो । इजलास नम्बर १ का न्यायाधीश भोला ढकालले राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरण मुद्दामा उनीहरूलाई धरौटीमा छाड्न आदेश गरेका हुन् । स्रोतका अनुसार भारत रक्सौल पूर्वी चम्पारण बिहार हरैयाका ५८ वर्षीय अशोक र उनकी छोरी ३२ वर्षीया निवेदिकाको ठाउँमा अर्को दुई भारतीय नागरिकलाई हाजिर गराएर अदालतबाट धरौटीमा छाडिएको हो ।

अदालतले राजस्व चुहावटमा अशोकलाई १५ लाख र निवेदिकालाई पनि १५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश गरेको हो । सम्पत्ति शुद्धीकरण मुद्दामा अशोकलाई १५ लाख र निवेदिकासँग १० लाख धरौटी माग गरिएको हो । अदालतबाट धरौटीमा छुटेका अशोक र निवेदिकालाई नम्बर नखुलेको गाडीमा घरबेटीले हालेर लगेका थिए ।

राजस्व अनुसन्धान कार्यालय पथलैयाले राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान गरेर बारा जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो । अदालतका म्रेस्तेदार राजकुमार दाहालले अदालतमा मुद्दामा सम्बन्धित व्यक्तिलाई नै परिचयपत्र खुल्ने कागजात हेरेर भित्र्याइएको बताए । उनका अनुसार अदालतमा राजस्व चुहावट तथा सम्पत्ति शुद्धीकरण मुद्दामा सम्बन्धित व्यक्तिलाई नै हाजिर गराएर धरौटीमा छाड्न आदेश भएको हो ।

मुलुकी फौजदारी कार्यविधि संहिताअनुसार परिच्छेद ७ को ६७ (२) को (ख) अनुसार एक वर्ष वा सोभन्दा बढी सजाय हुन सक्ने कसुरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी बसोबास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पक्राउ पर्ने सम्भावना नरहेकोमा पुर्पक्षमा राख्न सकिनेछ ।

जाग्दै सुधार पक्षधर निजामती कर्मचारी

मुख्यसचिवदेखि गृहसचिवसम्मको राजीनामा माग, ट्रेड युनियनसमेत खारेज गर्न दबाब

नयाँ पत्रिका

जेन-जी आन्दोलनको उभारले हालै राजनीतिक वृत्तमा ल्याएको परिवर्तनसँगै निजामती कर्मचारी प्रशासनमा पनि हलचल सुरु भएको छ । सुधार पक्षधर कर्मचारीहरू संगठित भएर आवाज उठाउन थालेका छन् । निजामती प्रशासनमा क्रियाशील कर्मचारीहरूले 'सार्वजनिक प्रशासन रूपान्तरण अभियान, २०८२' नै गठन गरेर आवाज उठाउन थालेका छन् । आइतबार अभियानले विभिन्न मागसहित सार्वजनिक आह्वान गरेको छ ।

हालै जेन-जी नेतृत्वमा मुलुकमा भएको आन्दोलनको मूल माग भ्रष्टाचारको अन्त्य र सुशासनको बहालीप्रति पूर्ण सहमति जनाउँदै आह्वान गरेको छ । 'भष्टाचारमुक्त र सुशासनयुक्त सार्वजनिक प्रशासन निर्माण गरी आन्दोलनको मूल मर्म र भावनालाई कार्यान्वयन गर्न भन्दै अभियानले ६ बुँदे आह्वान गरेको छ । उनीहरूले पहिलो मागका रूपमा मुलुकमा विद्यमान भ्रष्टाचार र कुशासनको अन्त्य गरी सुशासन कायम गर्ने जेन-जी आन्दोलनको मुख्य माग र मर्मलाई व्यवहारमा रूपान्तरण गर्न सबै सम्बद्ध पक्षसँग आह्वान गरेको छ ।

राजनीतिक तथा प्रशासनिक नेतृत्वको अक्षमता, अकर्मण्यता, अदूरदर्शिता र गैरजिम्मेवारीपनका कारण हालको परिस्थिति उत्पन्न भएको पुष्टि भएको भन्दै अभियानले तत्कालीन राजनीतिक नेतृत्वको बहिर्गमन भइसकेको सन्दर्भमा सोही राजनीतिक नेतृत्वको मातियारका रूपमा रहेका हालको प्रशासनिक नेतृत्वबाट रूपान्तरण सम्भव नहुने ठहर गरेको छ । अभियानले नेपाल सरकारका मुख्यसचिव, संघीय संसद्का महासचिव, सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार र गृहसचिवलगायत जिम्मेवार पदाधिकारी एवं कर्मचारीको तत्काल बर्खास्त गर्न सरकारसमक्ष जोडदार माग गरेको छ ।



निजामती कर्मचारी, सुरक्षाकर्मीलगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च बनाई सहज र सुरक्षित कार्य वातावरण तत्काल निर्माण गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं प्रभावकारी बनाउन आह्वानसमेत गरिएको छ । सार्वजनिक प्रशासनमा कर्मचारी सरुवा, बढुवालगायत वृत्ति प्रणाली र सार्वजनिक सेवा प्रवाहको विकृति र विसंगतिको जडका रूपमा रहेको विद्यमान दलीय ट्रेड युनियन तत्काल खारेज गर्नुपर्ने माग पनि अभियानको छ ।

संविधान जारी भएको १० वर्ष बितिसक्दा पनि राजनीतिक नेतृत्वको गैरजिम्मेवारी तथा प्रशासनिक नेतृत्वको स्वार्थको दाउपेचका कारण हालसम्म जारी हुन नसकेको संघीय निजामती सेवा ऐनलगायत सार्वजनिक सेवालाई व्यवस्थित गर्ने अन्य कानुन तत्काल जारी गर्न माग अभियानले गरेको छ ।

'सम्पूर्ण देशभक्त र रूपान्तरणप्रेमी राष्ट्रसेवक कर्मचारीलाई सार्वजनिक प्रशासन रूपान्तरणको यस महाभियानमा एकताबद्ध भई जेन-जी आन्दोलनको मर्मबमोजिम नेपाल र नेपालीको सुनौलो भविष्य निर्माणमा गोलबद्ध हुन सबैमा हार्दिक अपिल गर्दछौं,' अभियानद्वारा जारी आह्वानमा भनिएको छ ।

अभियानले निकट भविष्यमै सार्वजनिक भेला गरेर सुधारोन्मुख गतिविधिलाई व्यापक बनाउने तयारी गरेको छ । अभियानमा सक्रिय एक उपसचिवका अनुसार हाल यो अभियान एउटा 'लुज फोरम'का रूपमा छ । 'यो अभियान सार्वजनिक प्रशासनमा सुधारका पक्षधरहरू एकजुट भएर सुधारका लागि प्रयत्न गर्ने पहल हो,' उनले भने ।

कस्तो हुनुपर्छ हामीले खोजेको नेतृत्व ?

हामीकहाँ मुलुक चलाउने नेतृत्व कस्तो हुनुपर्छ भन्नेमा बहस सुरु नै नभए पनि परिणामको अपेक्षा भने गरिँदै आएको छ



● गोपी मैनाली

अग्रलेख

प्रत्येक आन्दोलनपछि समाजमा एउटा जबर्जस्त बहस सुरु हुन्छ- यस्तो नेतृत्व चाहिन्छ, नेतृत्वले यसो गरेको भए यो स्थिति आउँदैनथ्यो आदि । तर, आन्दोलनले छचल्किँदो मनिस्थिति सामान्यीकरण हुँदै जाँदा ती बहस विस्मृतिमा पर्दै जान्छन् र विगतकै अवस्थामा फर्किन्छन् । समाज र शासनलाई संस्थापन सोचले पूर्ववत् रूपमै ड्याकिराख्छ । सर्वसाधारण आ-आफ्नै दैनिकीमा लाग्छन्, सबैका आ-आफ्नै ध्याउन्न हुन्छ र परिवर्तनका एजेन्डा थाहै नपाई विस्थापित हुन्छन् ।

समाजले चाहेको राजनीतिक नेतृत्वमा कस्ता गुण हुनुपर्छ भन्ने विषयमा आधुनिक राज्यव्यवस्था सुरु हुनुअघिदेखि नै बहस नभएका होइनन् । हिन्दूहरूको महान् ग्रन्थ गीताले निस्वार्थ, निष्ठामा काम गर्ने, साहस र लचिलोपन भएको र व्यक्तिगत चाहनाभन्दा कर्तव्यलाई माथि राखेर काम गर्ने मानसिकता भएको व्यक्तिले शासन गर्नुपर्ने आदर्श राखेको थियो । भगवान् कृष्ण शास्त्र (नीति), धर्म (सदाचार) र कर्म (कर्तव्यपरायणता)लाई शासनका गुण मान्थे । वेदले त 'राजा ऋतेन विवाविर्धे' अर्थात् न्याय, सत्य र सत्मार्गमा हिँड्ने राजा (नेता) मात्र सफल हुन्छ भनेको छ । जिससले शिष्यलाई भनेका थिए- 'जो व्यक्ति ठुलो हुन चाहन्छ, त्यो तिमीहरूको सेवक हुनुपर्छ' त्यस्तो व्यक्ति इमानी, आत्मनियन्त्रित, दयालु, धैर्यवान्, साहसी र दृढ कर्तव्यमा हुन्छ भनिएको थियो । धर्मशास्त्र, प्राचीन ग्रन्थ र श्रुति-स्मृतिहरू आदर्श समाज व्यवस्थाका आदिम विधिसिद्धान्त थिए र सार्वजनिक जीवनलाई मार्गदर्शन गर्थे । आधुनिक राज्यव्यवस्थामा विधि र व्यवस्था हुन्छ । आधुनिक राज्यव्यवस्थाका परिकल्पनाकार प्लेटोले 'दस रिपब्लिक' मा नेता (शासक) बन्न तीन गुण निर्धारण गरेका थिए, पहिलो स्ट्रागाजेर (जहाजको क्याप्टेन)जस्तो राष्ट्र हाँक्ने क्षमता भएका, दोस्रो यथार्थपरक दृष्टिकोण भएको र तेस्रो गुरुजसरी शिक्षा, संस्कार र साहसको अभिभावकत्व लिने क्षमता । यी तीन गुण भएको शासकलाई प्लेटोले दार्शनिक राजा (फिलोसफर किङ) भनेका थिए । पूर्वीय चिन्तनले आदर्श नेतृत्वमा महत्त्व दियो, पश्चात्यले विधिले आदर्श नेतृत्व निर्माण गर्छ भन्ने मान्यता राख्यो । दुवैका केन्द्रमा नागरिक छन् । नागरिक विश्वासभन्दा पर नेता र नीति रहन सक्दैन ।

हाम्रो मुलुक चलाउने नेतृत्व कस्तो हुनुपर्छ भन्नेमा बहस भएकै छैन, तर परिणामको अपेक्षा भने गरिँदै आएको छ । निर्वाचक जनताले आस्था र आग्रहमा विभाजित भई विकल्पहीन जसरी नेतृत्व गुण नभएकालाई मत दिने र परिणामचाहिँ अपेक्षित खोज्दै आएका कारण अहिलेको स्थिति आएको हो । लोकतन्त्रमा लोकको हित गर्न नसक्ने, जनताका आवश्यकता अपेक्षाबाट निरपेक्ष रहने व्यक्ति नेता हुन सक्दैन । जनताको विश्वास लिएर सार्वभौमसत्ता वरण गर्ने व्यक्ति उत्तरदायित्वको पुञ्ज हुनुपर्छ । नेतृत्व भनेको अवसरभन्दा जिम्मेवारी हो, लाभभन्दा त्याग हो, पेसा नभई सेवा हो, स्वार्थ नभई समर्पण हो । तर, त्यसो नुहँदा राष्ट्रका सपना, नागरिकका अपेक्षा र हामी सबैको भविष्य अनिश्चियतर्फ धेकेलिँदै आयो । सबै व्यक्ति नेतृत्व लिन योग्य हुँदैनन्, चाहनाले मात्र नेतृत्व विकास गर्दैन न कुनै परिवारमा जन्मनु वा कसैसँग नाता सम्बन्ध हुनु नै नेतृत्वको आधार हो । न सुख र आनन्दको आस्वादन गरेर नै नेता बनिने हो । यस युगका सर्वाधिक प्रिय राजनेता नेल्सन मन्डेलाको बाल्यकाल भुटेको मकै खाएर बित्यो, विद्यालय पढ्न जाँदा बुबाको पेन्ट काटेर सानो बनाएर लगाउँदैमा बित्यो । विश्वेश्वर कोइरालाको बाल्यकालका कैयन् दिन एक मुठी भिजाएको चना र पानी पियाइमा बित्यो, विद्यालय खद्दरको एकजोर कमिज सुरुवालमा बित्यो । दुवैको परिवार त्यो अवस्थाको खान नपुग्ने तहको थिएन । तर, परिस्थितिले त्यस अवस्थामा पुऱ्याएको थियो । दुःखमा खुसी हुन सक्ने र अरूको दुःखमा मन दुखाउने स्वभावले जनताको माया र विश्वास पाउन पुगे । त्यसैले दुवै राजनेता बने । मन्डेलाले अर्को कुरा पनि भनेका थिए- व्यक्तित्व निर्माणमा परिवारको ठुलो भूमिका रहन्छ । मेरा बुबा जिद्दी, विद्रोही तथा न्यायका निम्ति मरिमेट्ने खालका हुनुहुन्थ्यो ।' त्यही स्वभाव मन्डेलामा पनि हुर्कियो । परिवारको नेतृत्व गर्नेमा गलत, अन्याय र भ्रष्टाचार गर्नुहुन्न भन्ने चेत भएमा सन्तान स्वतः असल बन्छन् । राष्ट्रको नेतृत्व गर्नेमा असल अन्तरचेत, असल बुझाइ र असल गराई भए उसका अनुयायी स्वतः असल हुन्छन् ।

एक प्रसंग स्मरण गर्दै नेल्सन मन्डेलाले आफ्नो आत्मकथा 'स्वतन्त्रताको लामो यात्रा'मा भनेक छन्- नेता एक प्रकारको गोठालोजस्तै हुन्छ, जो झुन्डको पछि रहन्छ । जो आफूलाई बुझ्नेलाई अगि बढ्न दिन्छ र अरूलाई अनुसरण गर्न दिन्छ । तर, अगि जानेलाई



उनीहरूको पछि अरू कसैको निर्देशन गरिरहेको छ भनी थाहा दिँदैन ।' त्यसैले, भन्ने गरिन्छ पहिलो कोटीको नेताले आफूभन्दा उम्दा अनुयायी बनाउन चाहन्छन् । दोस्रो कोटीका नेताले तेस्रो कोटीको अनुयायी चाहन्छन् । तर, तेस्रो कोटीका नेताले चाहिँ जे भन्यो त्यही मान्ने अन्ध समर्थक, निम्न कोटिका अनुयायी चाहन्छन् । यसले आलोचनात्मक चेत आउने दिँदैन, हस प्रवृत्तिलाई बढावा दिई नेतृत्व विकासको प्रक्रियालाई अवरुद्ध पार्छ । सही नेतृत्व समाजको असल शिक्षक हो । शिक्षकले चेलाहरूलाई नीति र नैतिकता सिकाउँछ । आफ्ना अनुयायीलाई आफूभन्दा उम्दा बनाउँछ र प्रसन्न हुन्छ । नीति र नैतिकताबाट पर रहने व्यक्ति श्रेष्ठ बन्ने सक्तैन, श्रेष्ठताको द्योतन नगर्ने कसरी नेता बन्न सक्छ र ? रूपान्तरणकारी काम गर्न नसक्ने व्यक्ति कहाँ नेता बन्न सक्छ ? यो क्षमता घर, परिवार, समाज संस्था सबैमा चाहिन्छ, राष्ट्र हाँकनका लागि त यो न्यूनतम सर्त हो । नेतृत्वले यही आत्मिक चेत दिन्छ ।

> लोकतन्त्रमा लोकको हित गर्न नसक्ने, जनताका आवश्यकता अपेक्षाबाट निरपेक्ष रहने व्यक्ति नेता हुन सक्दैन । जनताको विश्वास लिएर सार्वभौमसत्ता वरण गर्ने व्यक्ति उत्तरदायित्वको पुञ्ज हुनुपर्छ ।

संघर्षले खारिएका व्यक्ति मात्र नेता बन्छन् । त्यत्तिकै पद पाएका व्यक्तिले दैनिकी मात्र धान्छन्, सामाजिक वास्तविकताबाट पृथक् रहन्छन् । अफ्रिकी स्वतन्त्रताका सेनानी मन्डेलाको संघर्ष र दुःखले नेतृत्व कस्तो र कति संयमी हुनुपर्छ भन्ने शिक्षा र प्रेरणा दिन्छ । गरिब र कालो हुनु अभिशाप मानिएको मन्डेलालाई विद्यालयमा आफ्नो नाम पनि सेती (एड्लो) मिस डिंगनले राखिदिइन्, त्यसपछि उनी 'रोलिलाहल्ला'बाट 'नेल्सन' बने ।

नाममाथिको अपनत्व नभए पनि मायाले दिएको नामले नै उनको पहिचान कायम गर्न पुग्यो । स्वतन्त्रता र स्वाभिमानको अविश्रान्त संघर्षमा जेल परे, २७ वर्ष त्यहाँ रहँदा जवानी, रहर व्यक्तिगत आकांक्षा सबै सकिए, स्वतन्त्रताको साहस रापिलो बन्दै गयो । एकान्त र आफैँबाहेक अरू साथी रहेनन् । जेलमै रहँदा राजनीति र घर परिवारमध्ये एक छान्न आफ्नै प्रेयसीले दिएको विकल्पमा उनले असाध्यै माया गरेको पहिली पत्नी एलविनलाई भन्दा स्वतन्त्रताको संघर्षलाई रोजे, एलविनले सम्बन्धविच्छेद रोजिन् । जीवनसंगिनी या प्रेयसीलाई भन्दा राष्ट्रिय स्वाभिमानलाई माया गर्ने थोरै राजनेतामा उनी पर्नपुगे । जेलमै रहँदा आमाको निधन भयो, शोकयात्रामा पनि सामेल हुन पाएनन् । उल्लेख नै गर्न नसकिने अपमान र यातना पाए, तर सम्झौता गरेनन् । सर्घै सेक्सपियरको भनाइ सम्झिरहे- 'मृत्युका लागि निरपेक्ष बन, तब जीवन वा मरण निरपेक्ष बन्नेछ ।' जेलबाट निक्लेको केही अवधिपछि दोस्रो पत्नी बिन्नीलाई पनि छोड्नुपऱ्यो । राष्ट्रपति बने, आफैँलाई यातना दिनेलाई क्षमा दिएर शान्त र स्वतन्त्रताको दृष्टान्त बने । स्वतन्त्रता र समृद्धिले बलिदान र समर्पण खोज्यो, त्यसमा अटल रहे । एकपटक राष्ट्रपति बनेपछि दोहोऱ्याएनन्, सम्मानित संरक्षक भएर स्वतन्त्रताको रक्षा गरिरहे । यस्ता कथा हाम्रै विश्वेश्वर, पुष्पलालहरूका पनि नभएका होइनन् । हाम्रा नेतालाई हामीलाई भन्दा बढी थाहा छ । उनीहरूको त्याग र बलिदानीप्रति अन्याय गरेर आमसर्वसाधारणको भविष्य थुन्ने काम भयो । कतिपय त आफैँ बलिदानको यात्रामा पनि रहे, तर त्यसलाई विस्मृतिमा पारेर रामरउस अनि सानसौकतमा भुले । नेतृत्व क्षमताविनाका बनाइएका नेताले दैनिकी धाने, परिवर्तनको द्योतन गर्न सकेनन्, अरूको विश्वास र सासहमा उभिन सकेनन्, शासनमा तल्लीन रहे । त्यही कारणले हो, आफ्नो विश्वास समर्पण गर्ने सर्वसाधारणको धैर्य टुटेको छ, छोरा नाति नै नेतृत्वप्रति आन्दोलित भए । आफ्नै छोरा नातिले प्रश्न उठाएपछि पनि नेताहरू आफैँमाथि विचरण नगरी रक्षात्मक बनिरहेका छन् ।

हो, हामीले मन्डेला, मोहनदास, चर्चिल, थ्याचर, ओवामा, लेनिन, लिंकनजस्ता नेता नपाउँला, हाम्रा नेता हाम्रै समाजमा खोज्ने हो । फेरि पनि नेताको एउटा विम्ब बनाउने अधिकार हामी सबैमा छ । त्यसैले यतिचाहिँ अपेक्षा राख्न सक्छौँ- अब हाम्रा नेताहरू अहंकारका सगरमाथा नबनून्, शालीनताका सागर बनून् । उनीहरूको बोली दुर्वाच्यको विषाक्त वाण होइन, मुदुलताको मलम बनोस् । न्याय र विवेकमा विवेचित होऊन्, हाम्रा भावनात्मक बाध्यतामा नखेलून् । धैर्य बनून्, सत्कार्य गरून् । स्वार्थको समर्पणमा रहून् । अनुचरहरूको वलय तोडून्, दुराचारीबाट अलग रहून् । विषयको ज्ञानमा रहून्, समाज र पुस्तक पढेर बुझून् र सुझिऊन् । एकपटक प्रियतामा उराल्लिएका चाभेज, फुजिमोरी र राजापाक्षेहरू कसरी भविष्यमा लेखिटिए बुझून् । हामी सबैका अभिभावक बनून् । उनीहरूको समीप पुग्दा हामीलाई महानताको स्पर्श होस्, उनीहरूको व्यवहार अनुकरणीय बनोस् । प्रश्नकर्ताको मुख नथुनी कर्म र कर्तव्यबाट जवाफ दिऊन् । खराबका प्रशंसाबाट पर रहून्, इमानीका आलोचनाप्रति उदार बनून् । राज्यलाई इमानदारहरूको संस्था बनाउन असल मानिस खोजून् । यति अपेक्षा गर्ने हक लोकतन्त्रमा नागरिकसँग सुरक्षित छ, अब आन्दोलनको उभार र ध्वंशको पीडा दोहोरिन दिनेछैनौँ ।

@mainaligopi

---

३ प्रश्न

पूर्वाधारविज्ञ
डा. सूर्यराज आचार्यलाई



हाम्रा राष्ट्रिय राजमार्गहरू किन जहिल्यै जोखिमपूर्ण रहन्छन् ?

हाम्रो देशको भूबनोटका आधारमा हेर्दा अधिकांश राष्ट्रिय राजमार्ग कमजोर पहाडी भूभागबाट गएका छन् । पहाडी भूबनोट विशिष्ट प्रकृतिको हुन्छ । विशेषगरी हाम्रो महाभारत र चुरे पर्वत शृंखला तुलनात्मक रूपमा कमजोर छन् । हाम्रो इन्जिनियरिङमा सडकको ट्याक खुलाउने, नालाहरू बनाउने, ग्राभेल गर्ने, पिच गर्ने, गाडी गुडाउने भन्ने विषयमा मात्र ट्रेनिङ दिइयो । सडकको ट्याक खोलेर ट्याक्टर गुडाउन पाए खुसी हुने जनता र त्यसैलाई उपलब्धि भनेर गणना गर्ने सरकार सबैका कारण यो समस्या आएको हो । नेपालको भूपरिवेश सुहाउँदो, यहाँको भूबनोटअनुरूप सडक निर्माणको खासै ट्रेनिङ नै भएन । भौगोलिक अवस्थाको प्राविधिक विश्लेषण गरेर आयोजनाको विस्तृत अध्ययन, डिजाइन आदिमा ध्यान पुऱ्याउन नसक्दा हाम्रा अधिकांश राजमार्गहरू प्रायः जोखिमपूर्ण देखिएका हुन् ।

संकटको समयमा राष्ट्रिय राजमार्गको विकल्प नै नहुनुले के संकेत गर्छ ?

हामीकहाँ सडक सञ्जालको डिजाइन गर्दै गर्दा कुनै एक सडक अवरुद्ध भएमा सवारी साधनलाई 'डाइभर्ट' गरेर गन्तव्यतिर पठाउन सकिने अर्को समानान्तर सडकको कल्पना नै गरिएन । जहिले पनि सडकको ट्याक खुलाएर गाडी गुडाउने विषयमा मात्र सोचियो । सबै राजमार्ग या सडकलाई पहिरोमुक्त गराउन यहाँको भूबनोटका कारण पनि सम्भव छैन । तर, प्रमुख राजमार्गहरूमा भने पहिरो रोकथामका विकल्प अपनाउन सकिन्छ । कतिपय पहिरो बढी गइरहने स्थानमा स्लोप आकारका टनेलजस्तो छानो बनाउन सकियो भने पहिरो त्यसमाथिबाट तलतिर जान्छ, सडक सुरक्षित रहन्छ ।

राजमार्गहरूलाई दिगो र भरपर्दो बनाउन के गरिनुपर्छ ?

यसका लागि डिजाइनदेखि नै ध्यान दिनुपर्छ । नागरिकलाई सेवा दिन मात्र होइन, अर्थतन्त्रलाई नै गति दिन पनि सडक चाहिन्छ । त्यसैले, यसको गुणस्तर, सुरक्षा र दिगोपनमा कुनै सम्झौता गर्नु हुँदैन । अब हामी आधारभूत र निर्वाहमुखी सडक योजनाबाट भरपर्दो, गुणस्तरीय, दिगो र विश्वसनीय सडक अवधारणामा जानुपर्छ ।

प्रेरक प्रसंग

बालक र लोभ

एकपटक एक बालकले पितालाई सोधे- बाबा लोभ भनेको के हो ? छोराको प्रश्न सुनेर उनले भने- पहिले तिमी एउटा काम गरेर आऊ अनि यसको जवाफ दिउँला, हुन्न ? 'हुन्छ बाबा, मैले के गर्नुपऱ्यो भन्नुहोस्,' बालकले विनम्रतापूर्वक सोधे । पिताले भने- पहिले तिमी मामाको डिपार्टमेन्ट स्टोरमा जाऊ र मन परेको एउटा चकलेट लिएर आऊ, । तर, एकपटक अघि बढेपछि पछि फर्किएर चकलेट छान्न पाउँदैनौ, यसमा विशेष ध्यान दिनु नि !



हस् बाबा भनेर दंग पर्दै बालक मामाको डिपार्टमेन्ट स्टोरमा पुगे । उनी सरासर चकलेट राखिएको स्थानमा गएर हेर्दै स्वादिलो होलाजस्तो एउटा चकलेट टिप्नै आँटेका थिए, अलि पर त त्योभन्दा पनि ठुलो र मिठो चकलेट देखे । उनी त्यो चकलेट छाडेर अघि बढे । अलि पर पुग्दा अझै अगाडि अर्को झन् ठुलो र लोभलाग्दो चकलेट थियो । यसैगरी, अघि बढ्दै जाँदा उनी यस्तो स्थानमा पुगे, जहाँ कुनै चकलेट थिएन । बुबाको सर्तअनुसार उनले पछाडि फर्केर चकलेट लिन पनि सक्दैनथे । त्यसैले उनी खिन्न मन लिएर रित्तै हात फर्किए ।

बालक रित्तै हात फर्किएको देखेर मुसुमुसु हाँस्दै पिताले भने- अब त तिमीले पक्कै पनि लोभ भनेको के रहेछ भन्ने राम्रैसँग बुझ्यौ होला, होइन ? अनि बढ्ता लोभ गर्दा कस्तो परिणाम निस्किँदोरहेछ भन्ने पनि तिमीलाई थाहा भयो होला । बालकले भने- हो बाबा, मैले राम्ररी बुझेँ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

सहुलियत पसल चाहियो

चाडबाडको समयमा सहुलियत दरका पसल खोलिँदा र त्यहाँबाट सहुलियत मूल्यमा सामान पाउँदा सेवाग्राहीमा खुसी लाग्नु स्वाभाविक हो । तर, सरकारले देशभर जम्मा १४० वटा मात्र यस्ता पसल खोलेको समाचार पढ्दा भने दुःख लाग्यो । यतिखेर जनता चाहन्छन्, ७५३ वटै पालिकाका प्रत्येक वडामा सरकारले चाडबाडलक्षित सहुलियत पसल सञ्चालनमा ल्याउनु जरुरी छ । खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ तथा अन्य सम्बन्धित निकायले यसबारे यथोचित व्यवस्थापन गरून् र यसलाई चाडपर्वमा मात्र नभएर अन्य दिनमा पनि निरन्तरता दिऊन् । जनताका माग र गुनासोलाई समयमै परिपूर्ति गर्नमा वर्तमान नागरिक सरकार र सम्बन्धित निकायको ध्यान जानेछ भनी आमजनताले ठुलो अपेक्षा गरेका छन् ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikh lcomwizard@gn ail.com

तेस्रो पुस्ता अगाडि आऊ

दलहरूमा यतिखेर पुराना नेतृत्वले ठाउँ खाली गरिदिनुपर्छ र पार्टीमा रूपान्तरण गरेर जानुपर्छ भन्ने मत निकै बलियो हुँदै गएको छ । यस्तो अवस्थामा पार्टी नेतृत्वले नेतृत्व छाडेको घोषणा गरेर पार्टीमा सशक्त देखिएको तेस्रो तहका तुलनात्मक युवा नेतालाई अगाडि सार्नुपर्नेमा नेताहरू अझै पनि पुरानै ढिपीमा देखिनु पार्टी स्वास्थ्यका लागि गम्भीर चिन्ताको विषय हो । अब तेस्रो पुस्ता अगाडि नआई पार्टी सुधिँदैनन् ।

● **अमूर्त काफ्ले**, सिनामंगल, काठमाडौं

सच्चिने कि सक्किने ?

यतिखेर पुराना दल र तिनको नेतृत्व गम्भीर प्रश्नको घेरामा परेका छन् । २३ र २४ भदौको जेन-जी आन्दोलनले दलहरूको नेतृत्वमाथि ठुलो प्रश्न उठाएका छन् । जेन-जी आन्दोलन नेतृत्वकै असफलताको परिणाम पनि हो । नेतृत्वमा थोरै मात्र सुझबुझ भइदिएको भए पनि यो आन्दोलन उठ्ने थिएन सायद । त्यसैले, दलहरूको नेतृत्वले अब सक्किने कि सच्चिने भनेर छिटो निर्णय गर्न सक्नुपर्छ ।

● **पूर्णिका चौधरी**, पुल्चोक, ललितपुर

कुन अनुहारले भोट माग्ने ?

देशमा यति ठुलो उथलपुथल भयो । विश्वमा कहीं नभएको २७ घण्टाभित्रै सत्ता परिवर्तन भयो । तैपनि, हाम्रा पुराना दलका वृद्ध नेताहरूमा कुनै चेत पलाएको देखिन्न । कसैमा पनि अब युवालाई नेतृत्व दिएर बाँकी रहेको आफ्नो प्रतिष्ठा जोगाऔँ भन्ने सोच आएको छैन । अन्यथा, आन्दोलन भएको १० दिन बितिसक्दा पनि कुनै एक नेताको त्यागपत्र त आउँदो हो नि ! कांग्रेस, एमाले र माओवादीमध्ये कुनै एक पार्टीको शीर्ष नेताको राजीनामा आउनासाथ अर्को नेतालाई पनि पदत्यागको दबाब पर्ने थियो । वृद्ध नेतालाई पद हस्तान्तरण र पार्टी रूपान्तरण गर्ने यो सुवर्ण अवसर पनि थियो । तर, समयले त्यो अवसर अब देउवा, ओली, प्रचण्डको हातबाट फुत्किँदै छ । उनीहरूले पद हस्तान्तरण गरेर आफूलाई जनभावना बुझ्ने नेताका रूपमा उभ्याउन सकेनन् । बरु जे जसरी हुन्छ पदमा बसिरहने पदलोलुप नेताका रूपमा आफ्नो पहिचान बनाउने भए । जुन खेदजनक छ ।

वृद्ध शीर्ष नेताहरूले पद त्याग गरून् भन्ने जेन-जीको मात्र होइन, आमजनताकै भावना हो । तर, शीर्ष नेताहरूले त्यो महसुस गर्नै सकेनन् । देश उनीहरूकै कुशासन र भ्रष्ट आचरणका कारण खरानी हुँदासमेत उनीहरूमा पद हस्तान्तरण गरौँ भन्ने चेत नपलाउनु देश र जनताकै दुर्भाग्य हो । वृद्धावस्थामा मनको आवाज सुन्ने कि आफ्ना दास कार्यकर्ताको ? जसले ओली, देउवा र प्रचण्ड तीनै नेताको बचेखुचेको इज्जतलाई पनि माटोमा मिलाउने निश्चित छ ।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gpa ldekot a@gn ail.com

साझा हुन नसकेको संविधान

आन्दोलनपश्चात् पुराना दलले नेतृत्व परिवर्तनसहित संविधानमा बृहत् संशोधन नगरी देश पुनः हाँक्ने प्रयास गरे त्यो स्वीकार्य हुनेछैन



● रञ्जन भण्डारी

असोज ३ गते सार्तौं संविधानका रूपमा नेपालको वर्तमान संविधान जारी भएको १० वर्ष पुगेछ । यो संविधान जारी भएको सम्झनामा कतै संविधान दिवस र कतै असोज ३ कालो दिनका रूपमा मनाइयो । सरकारी संयन्त्र, निर्वाचित जनप्रतिनिधि र प्रमुख तीन दलसहितका केन्द्रीकृत दलहरूले संविधान दिवस मनाए भने जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीलगायतका मधेशवादी दलहरूले ३ असोजलाई कालो दिनका रूपमा मनाए । एउटै देश र एउटै संविधान सबैको साझा हुन नसक्दा कतै स्वागत र कतै विरोधमुखी कार्यक्रम गरिए । असन्तुष्ट पक्षको एउटै प्रश्न छ- हाम्रो संविधान कहिले साझा हुने ? र सन्तुष्ट पक्षको भनाइ छ- यो विश्वकै उत्कृष्ट संविधान हो । तर, यही उत्कृष्ट संविधान केही संशोधन र केही संशोधन हुन बाँकी बुँदाका लागि संघर्ष अझै जारी छ ।

यता यही संविधानबाट युवा पुस्ता (जेन-जी) असन्तुष्ट रहेको देखिन्छ । उनीहरूसमेत युवालाई संविधानमा सम्बोधन गरिएन वा युवाले चाहेको संविधानमा उल्लेख भएन भनी नयाँ संविधान लेखन वा यही संविधानलाई संशोधन चाहेका छन्, जेन-जीले । युवाको माग संविधान पुनर्लेखन नै भए पनि युवाको मागमा राजनीतिकरण प्रवेश भई पुनर्लेखनलाई परिमार्जनमा परिणत गर्ने प्रयास जारी छ ।

विसं २००४ सालमा नेपालको शासन विधेयक २००४, विसं २००७ सालमा अन्तरिम सरकार सञ्चालन ऐन २००७, विसं २०१५ सालमा प्रजातान्त्रिक संविधान, विसं २०१९ सालमा पञ्चायती संविधान, विसं २०४७ सालमा बहुदलीय प्रजातन्त्रलाई मान्यता दिएको २०४७ को संविधान, विसं ०६३/६४ मा दोस्रो जनआन्दोलनपछिको अन्तरिम संविधान २०६३ र २०७२ साल असोज ३ गते वर्तमानमा जीवित रहेको नेपालको संविधान २०७२ लागू गरियो ।

पछिल्लो १० वर्षदेखि सत्ता र प्रतिपक्षकै भुमिकामा रहेका एमाले, कांग्रेस र माओवादीलगायत दलले यही संविधानलाई विश्वकै उत्कृष्ट भन्दै संविधान जारी भएकै समयदेखि यसलाई संशोधन गर्नुनपर्ने भन्दै आएका छन् भने पछिल्लो केही वर्षमा मधेशवादी दलका विभिन्न आन्दोलन र संघर्षपछि केही बुँदा संशोधन गर्नुपर्छ भन्ने निष्कर्षमा पुगेर केही बुँदा संशोधनसमेत गरी थप संशोधनका लागि मधेशवादी दललाई आश्वासन दिएर भुलाइएको छ । पटक-पटक जुट्दै र टुट्दै आएका मधेशवादी दलहरू कहिले सत्तामा हिस्सेदारी पाएर त कहिले प्रतिपक्षमै भएर पनि आश्वासन पाएर पछिल्लो १० वर्षदेखि यही मुख्य तीन दलको अधिपछि भड्किँदै आएको तितो यथार्थ छ ।

२०७२ सालको मधेशवादी दलको आन्दोलन र सोही क्रममा गरिएको करिब ६ महिने नाकाबन्दीलाई भारतीय नाकाबन्दीका रूपमा प्रचार गरेका 'मेन स्ट्रिम मिडिया'ले काठमाडौंमै बसेर मधेश आन्दोलनको जग कमजोर पार्ने प्रयास गरे । मुख्य राजनीतिक दलकै भाष्यलाई उनीहरूले समाचारका शीर्षक बनाएर 'ग्राउन्ड रियालिटी'लाई तोडमरोड गरे । मुख्य राजनीतिक दल र मेन स्ट्रिम मिडियाकै कारण मधेशीले सोही वेला अधिकार प्राप्त गर्न सकेनन् भने पछिल्लो समय सत्तामा साझेदार भएर पनि तिनले संविधान संशोधनको मुद्दा नै कमजोर पारे । आज यही अवस्था जेन-जी आन्दोलनको हुने हो कि भन्ने संशय बढेको छ ।

युवाले भ्रष्टाचारको अन्त्य, प्रत्यक्ष निर्वाचनबाट प्रधानमन्त्री चयन र युवालाई रोजगारी तथा अवसरलगायत विविध मुद्दा उठान गरी आन्दोलन गरे पनि पुनः तीनै दल हाबी हुने अवस्था आउने सम्भावना देखिन्छ । युवाको आन्दोलनलाई घुसपैठ र विदेशी चलखेल भन्दै त्यसको मर्म कमजोर पार्ने प्रयास



हुँदै छ । मुख्य राजनीतिक दलले मधेशवादी दलको आन्दोलनलाई जसरी भारतको नाकाबन्दी भनेर निष्तेज पार्ने प्रयास गरे आज जेन-जी आन्दोलनलाई विदेशीको षड्यन्त्र भन्दै मोड्ने प्रयास गर्दै छन् ।

नेपालमा विसं २००७ को प्रजातान्त्रिक आन्दोलन, २०१७ को राजनीतिक दलमाथि प्रतिबन्धपछिको आन्दोलन, २०३६ को जनमतसंग्रह आन्दोलन, ०४६ को जनआन्दोलन, ०५२ देखि ०६२ सम्म माओवादीको जनयुद्ध, ०६२/६३ को दोस्रो जनआन्दोलन र सोही हाराहारीमा सुरु भएको मधेश आन्दोलन (०६२, ६३ र ७२), २०६९ देखि २०७२ सम्म भएको थरूहट/थरूवान आन्दोलन, विभिन्न समयमा भएको आदिवासी जनजाति र पहिचानको आन्दोलन र हालै भएको जेन-जी आन्दोलनले तत्कालीन व्यवस्थामा परिमार्जन गर्न र पूर्ण परिवर्तन गर्न ऐतिहासिक भूमिका खेलेका छन् । तिनै आन्दोलनका जगमा देशमा परिवर्तन सम्भव भएको र राणा तथा राजाको कठोर शासनदेखि आजको वाक् स्वतन्त्रतासम्मको अधिकारप्राप्त गर्ने अवस्था आएको हो । तथापि, वर्तमानमा केही दलका प्रमुखले आफ्नै वरिपरि सत्ताको डोरी समातेर राख्दा देशले उत्कृष्ट भनेर पाएको संविधानले दिएको अधिकारसमेत कटौती गरी देशलाई भ्रष्टाचार, अनियमितता र मिडियामा विभिन्न प्रतिबन्धसहितको प्रयास गरियो । युवालाई बिदेसिन बाध्य बनाएको र सामाजिक सञ्जालमाथि प्रतिबन्धसम्मको परिस्थिति ल्याइदिँदासमेत युवा तथा अधिकारवादी आन्दोलनका योद्धाले संविधानलाई साझा संविधान मान्न नसकेको अवस्था छ ।

देश चलाउने जिम्मेवारी पाएका नेता तथा दललाई तिमीहरूले हाम्रो अधिकार खोस्दै छौ भन्नेसम्मको कुरा स्मरण गराउन पछिल्लो समयको जेन-जी आन्दोलनको उद्देश्य रहेकामा **आन्दोलनपश्चात् तिनै राजनीतिक दलले नेतृत्व परिवर्तनसहित संविधानमा बृहत् परिवर्तन तथा संशोधन नगरी देश पुनः हाँक्ने प्रयास गरे वर्तमानमा त्यो स्वीकार्य हुन सक्दैन ।**

साझा रोजाइको संविधान आजको आवश्यकता हो । यसलाई सबैको साझा बनाऔँ । राजनीति र राजनीतिज्ञको व्यक्तिगत स्वार्थपूर्तिका लागि बन्ने संविधानले वर्तमानमा निकास दिँदैन । यसपटकको आन्दोलनलाई थप गम्भीरतासाथ लिनु आवश्यक छ ।

देशले पटक-पटक विभिन्न आन्दोलनका नाममा सयौँ युवाको बलिदानी दिएको छ । अझै रक्तपातको अवस्था आउन दिनु भनेको देश नै समाप्त पार्ने भएकाले सचेत होऔँ ।

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मस्कको एक ट्रिलियन डलर तलब प्याकेजले निम्त्याएको बहस

दक्षिण अफ्रिकामा जन्मिएका मस्कले टेस्लामा निरन्तर ठुलो हिस्सेदारी माग गर्दै आएका छन्



● एलेक्स कोजुल राइट

लेखक अलजजिराको अंग्रेजी संस्करणका वरिष्ठ अनुसन्धान तथा वित्तीय सल्लाहकार हुन् ।

इलन मस्कले कम्पनीको एक अर्ब डलरबराबरको सेयर किनेको खुलासा भएपछि सोमबार (सेप्टेम्बर १५) टेस्लाको सेयर ६ प्रतिशतले बढ्यो । टेस्लाका ५४ वर्षीय सिइओ मस्कको कदमले कम्पनीमाथि थप नियन्त्रण गर्ने उनको प्रयासलाई बल पुऱ्याएको छ । टेस्लाको पछिल्लो सेयर खरिद सन् २०२० पछि मस्कले खुला बजारबाट गरेको पहिलो सेयर खरिद हो । यो घटना कम्पनीको बोर्डले मस्कलाई आगामी दशकमा एक ट्रिलियन (१० खर्ब) डलरको भुक्तानी (तलब) प्याकेज प्रस्ताव गरेको एक हप्तापछि आएको हो ।

टेस्ला अहिले महत्त्वपूर्ण परिवर्तनबाट गुज्रिरहेको छ । मस्क आफ्नो 'आर्टिफिसियल इन्टिलिजेन्स (एआई)' र रोबोटिक्स फर्म रुपान्तरण गर्ने प्रयासमा रहेको समयमा टेस्लाको कारको बिक्री भने घट्दै गएको छ । मस्कको भुक्तानी प्याकेज तीव्र आलोचनाको सिकार बनेको छ । यहाँसम्म कि पोप लियोले समेत इलन मस्कजस्ता कर्पोरेट मालिक र आममानिसबिच तलबको बढ्दो खाडलको निन्दा गरे । विश्वव्यापी अशान्तिको यो एक प्रमुख कारक भएको उनले औंल्याए ।

● मस्कले किन किन्दै छन् टेस्लाको सेयर ?

मस्कले सेप्टेम्बर १२ मा टेस्लाको २५.७ लाख सेयर खरिद गरेका थिए, जुन कम्पनीको बजार पुँजीकरणको एक प्रतिशतभन्दा थोरै कम हो । नियामक संस्थाको रेकर्डअनुसार दिनभरिको मूल्यमा भएको भिन्नताका कारण मस्कले खरिद गरेका प्रतिसेयर मूल्य ३७२ डलरदेखि ३९७ डलरसम्म परेको छ । योसँगै मस्क अब टेस्लाको लगभग २० प्रतिशत सेयरका मालिक बनेका छन् । मस्कको खरिदसँगै टेस्लाको सेयर मूल्य बढेकाले कम्पनीका लगानीकर्ता खुसी नै देखिन्छन् । सोमबार (सेप्टेम्बर १५) टेस्लाको सेयर मूल्य लगभग ४२२ डलर पुग्यो, जुन यसको सबैभन्दा उच्च मूल्य ४७९ डलर (डिसेम्बर २०२४ मा पुगेको थियो) भन्दा १२ प्रतिशत कमै हो ।

उसो त, इलन मस्क टेस्लाका मूल संस्थापक होइनन् । कम्पनी स्थापना भएको एक वर्षपछि मात्र उनी लगानीकर्ताका रूपमा कम्पनीमा भित्रिएका थिए । सन् २००४ मा कम्पनी अध्यक्ष बने । दक्षिण अफ्रिकामा जन्मिएका मस्कले टेस्लामा निरन्तर ठुलो हिस्सेदारी र बढी मतदान शक्तिको माग गर्दै आएका छन् । कुनै समय उनले कम्पनीको २५ प्रतिशत मतदान शक्ति नियन्त्रण गर्न नसके टेस्लाभन्दा अलग रहेर एआई सामान र रोबोर्ट निर्माणमा ध्यान दिने बताएका थिए । तर, यसबिच सन् २०२२ मा मस्कले टेस्लाको २० अर्ब डलरभन्दा बढीको सेयर (कुल बजार पुँजीकरणको ४.६ प्रतिशत) बेचे । त्यो रकमसहित उनले ४४ अर्ब डलरमा ट्विटर खरिद गरे । (ट्विटरलाई उनले अहिले एक्स नाममा सञ्चालित गरिरहेका छन् ।) त्यसबाहेक मस्क स्पेसएक्स, न्युरालिंक र द बोरिङ कम्पनीका निजी होल्डिङ्का मालिक हुन् ।

● मस्कले कम्पनीमा ल्याउनुपर्नेछ परिवर्तन

टेस्लाका सिइओ मस्कले एक ट्रिलियन डलरको पूर्ण भुक्तानी हात पार्न उनले कम्पनीको पर्फेमेन्समा सुधार गर्नुपर्ने सर्त राखिएको छ । पहिलो कम्पनीको बजार मूल्यांकन १० वर्षभित्र ८.५ ट्रिलियन डलर पुऱ्याउनुपर्नेछ । आज यसको बजार मूल्य लगभग एक ट्रिलियन डलर छ । साथै उनले कम्पनीले बनाएका दश लाख स्वचालित ट्र्याक्सी र दश लाखकै संख्यामा रोबोर्टहरू पनि बेच्नुपर्नेछ । त्यसअतिरिक्त टेस्लाको नाफा गत वर्षको भन्दा २४ गुणाले बढाउनुपर्ने सर्त पनि उल्लेख छ ।

टेस्लाले बनाएको स्वाचालित ट्र्याक्सी हाल अमेरिकाको अस्टिन सहरको सीमित क्षेत्रमा मात्र सञ्चालित छन् । कम्पनीको मुख्यालय रहेको सहरमा अहिले केही दर्जन स्वचालित ट्र्याक्सीले सेवा दिइरहेका छन् । 'रोबो-ट्याक्सी' भनेर चिनिने ती बाहन आफैं चल्ने सवारीसाधन भए पनि बाहनमा एकजना मानव 'सुरक्षा पर्यवेक्षकहरू'का रूपमा राखिने गरेको छ । सवारीका क्रममा नसोचेको समस्या आएमा मानव पर्यवेक्षकले हस्तक्षेप गर्ने बताइएको छ ।

उता टेस्लाको रोबोटिक्स शाखाले सन् २०२२ मा आफ्नो पहिलो मानवजस्तो देखिने रोबोर्ट 'ओप्टिमस' अनावरण गऱ्यो । सन् २०२४ मा मस्कले एक वर्षभित्रै पाँच हजार युनिट रोबर्ट उत्पादन गरिसक्ने र 'आफ्नै कारखानाको प्रयोगमा' समेत ती रोबर्ट तैनाथ गरिसक्ने बताएका थिए । एक वर्ष पूरा भइसक्दा मस्कका दुईमध्ये कुनै पनि वाचा पूरा भएका छैनन् । मस्कले अहिले फेरि 'टेस्लाको भाविष्यको मूल्यको ८० प्रतिशत ओप्टिमस'ले ओगट्ने दाबी गर्न थालेका छन् ।



> मस्कले एक ट्रिलियन डलरको पूर्ण भुक्तानी हात पार्न कम्पनीको पर्फर्मेन्समा सुधार गर्नुपर्ने सर्त राखिएको छ । १० वर्षभित्र कम्पनीको बजार मूल्यांकन ८.५ ट्रिलियन डलर पुऱ्याउनुपर्नेछ । हाल यसको बजारमूल्य लगभग एक ट्रिलियन डलर छ ।

● कसरी बढेको छ टेस्लामा मस्कको तलब ?

सन् २००४ मा मस्क टेस्लामा प्रवेश गरेदेखि नै मस्कले नगदमा निकै कम तलब लिने गरेका छन् । उनले नगदको सट्टा 'इक्विटी'मा भुक्तानी लिने गर्छन् । सन् २०१८ मा सेयरहोल्डरले मस्कका लागि एक ऐतिहासिक १० वर्षे तलब प्याकेज अनुमोदन गरे । कम्पनीले निश्चित लक्ष्य हासिल गरेमा मस्कले अनुमानित २.६ अर्ब डलर पाउने व्यवस्था गरिएको थियो । सन् २०२० को प्रारम्भसँगै टेस्लाको बजार मूल्य बढ्न थाल्यो । (त्यो समय केवल २ ९.५० डलर प्रतिसेयरमा कारोबार भइरहेको थियो ।) दुई वर्षअघिको तलब प्याकेजका अधिकांश सर्त पूरा भएपछि मस्कले ठुलो संख्यामा थप टेस्लाका सेयर प्राप्त गरे ।

लगत्तै कोभिड-१९ महामारीकालपछि टेस्लाको सेयर मूल्यमा व्यापक उछाल देखिँदा मस्कको आम्दानी पनि ४० देखि ६० अर्बसम्मले बढेको अनुमान गरिन्छ । टेस्लामा मस्कको तलबमा भएको अप्रत्याशित वृद्धिले डेलावेयरको चान्सरीको अदालतबाट छानबिनमा समेत तानिएका थिए । छानबिनका बाबजुद कम्पनीका अधिकांश सेयरहोल्डरले सिइओको भुक्तानी प्याकेजलाई अनुमोदन गरेका छन् ।

टेस्लाले गैरकार्यकारी तलबहरू खुलासा नगर्ने भएकाले मस्कको आम्दानी त्यहाँको औसत कामदारसँग तुलना गर्न केही गाह्रो छ । तर, पछिल्लो समय अमेरिकामा कर्पोरेट तहका पदाधिकारीको तलब त्यहाँका कामदारको तुलनामा उल्लेख्य बढेको अध्ययनले देखाउँछ । आर्थिक नीति संस्थानका अनुसार सन् २०२४ अघिसम्मको पछिल्लो ५० वर्षको अवधिमा अमेरिकाका ५०० ठुला सेयरमा सूचीकृत कम्पनीका सिइओको औसत तलब लगभग एक हजार प्रतिशतले बढ्यो । जबकि तिनै कम्पनीका एक सामान्य कामदारले सोही अवधिमा आफ्नो तलब प्याकेजमा मात्र २७ प्रतिशतले वृद्धि महसुस गरे । यो तथ्यांक मुद्रास्फीतिको समेत समायोजनपछिको हो । आर्थिक नीति संस्थानका अनुसार विगत पाँच दशकको अवधिमा सिइओ र कामदारबिचको तलबको अनुपात ३०:१ बाट बढेर ३५०:१ पुगेको छ ।

यसै सन्दर्भमा गत हप्ता क्याथोलिक समाचार वेबसाइट 'क्रक्स'सँगको एक अन्तर्वार्तामा पोप लियोले इलन मस्कको सम्पत्तिलाई 'मानव-जीवन, पारिवारिक र सामाजिक मूल्य'लाई क्षति पुऱ्याउने हदको सम्पत्तिको रूपमा चित्रण गरे । टेस्लाको प्रस्तावित एक ट्रिलियन डलरको तलब प्याकेजबारे सोधिएको प्रश्नमा लियोले भनेका थिए, 'यसले के नै बताउँछ भन्नुस् न ? यदि, अब व्यक्तिगत सम्पत्ति सञ्चय नै एक मात्र महत्त्वपूर्ण चिज बाँकी रहेको हो भने विश्व ठुलो समस्यामा परेको मान्नुपर्ने हुन्छ ।'

● टेस्लाको सेयरमा निरन्तर ह्रास

पछिल्लो समयको हल्का वृद्धिका बाबजुद बजार प्रदर्शनका आधारमा 'म्याग्निफिसेन्ट ७' भनिने ठुला प्रविधि कम्पनीमा टेस्लाको सेयरले सबैभन्दा कमजोर प्रदर्शन गरिरहेको छ । अल्फाबेट (गुगलको मातृसंस्था), अमेजन, एप्पल, मेटा, माइक्रोसफ्ट र एनभिडिया समावेश यस समूहको सदस्य रहेको टेस्लाले यस वर्ष अहिलेसम्म यसको मूल्यको लगभग दुई प्रतिशत गुमाइसकेको छ । टेस्लाको सबैभन्दा पछिल्लो त्रैमासिक नतिजाले विद्युतीय सवारी साधनको मागमा गिरावट देखिएको छ ।

उता, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अधिकांश देशका आयातित सामानमा भन्सार बढाएपछि पार्टपुर्जाको भाउ बढ्दा कम्पनीको नाफा घटेको छ । आगामी दिनमा आम्दानी थप घट्ने प्रक्षेपण गरिएको छ । ट्रम्पले अक्टोबरपछि अमेरिकी उपभोक्ताका लागि विद्युतीय सवारीसाधन खरिदकर्ताले पाउँदै आएको कर छुट बन्द गर्ने बताएका छन् । कर छुटले सस्तिएको विद्युतीय कार छुट अन्त्य भएपछि महँगिने भएकाले सन् २०२५ को अन्तिम तीन महिनामा अमेरिकामा टेस्ला कारहरूको बिक्री थप घट्ने सम्भावना छ ।

अल जजिराबाट

एच-१बी भिसाधारीलाई ट्रम्प प्रशासनको नयाँ प्रावधानले तरंग

एच-१बी भिसामा एक लाख डलर शुल्क लगाउने भन्दै ट्रम्प प्रशासनबाट अचानक भएको निर्णयले शुक्रबार दिनभर कामदार, कम्पनी र विदेशी सरकारमा आतंक सिर्जना गऱ्यो । विदेशमा रहेका भिसाधारक वासिङटनको पछिल्लो आप्रवासन कदम कार्यान्वयन आउनुअघि (आइतबार मध्यरात) नै अमेरिका फर्किने हतार देखिए । ढिलो गरी शनिबार मात्र ह्वाइट हाउसले पहिले नै एच-१बी भिसा धारकहरू नयाँ नियमबाट प्रभावित नहुने बताउदाँसम्म धेरैमा अन्योल थियो । अमेरिकाका सहयोगी देशहरूले चिन्ता व्यक्त गरे । बिदामा देश फर्किएका एच-१बी धारक आइतबार नयाँ नियमहरू लागू हुनुभन्दा अघि अमेरिका हतारमा फर्किनका लागि बिदा, व्यापारिक यात्रा र परिवारिक भेटघाट छोट्याएका थिए ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार एच-१बी भिसामा कामदार ल्याउने कम्पनीले प्रतिकामदार एक लाख डलर शुल्क तिर्नुपर्ने आदेशमा हस्ताक्षर गरेका थिए । अमेरिकामा ठुला प्राविधिक कम्पनीले उच्च सीपयुक्त कामका लागि यस भिसाबाट ठुलो संख्यामा कामदार ल्याउने गरेका छन् । यद्यपि, ट्रम्पले हस्ताक्षर गरेको आदेशमा शुल्क नयाँ आवेदकमा लागू हुने हो कि सबैमा लागू हुने हो भन्ने बारेमा उल्लेख थिएन । यस अस्पष्टताले एच-१बी भिसाधारकमा ठुलो अन्योल र चिन्ता उत्पन्न गऱ्यो, जसको तरंग बेंगलुरुदेखि लन्डनसम्म देखियो ।

भारतको केन्द्र सरकार त यस कदमले 'परिवार अलगथलग हुँदा मानवीय परिणाम,' देखिने सम्भावना रहेको भन्दै 'यसको पूर्ण प्रभाव' अध्ययन गर्ने अवस्थामा पुगेको थियो । तनावपूर्ण २४ घण्टाको अवधिमा अमेरिकाबाहिर रहेका एच-१बी भिसाधारकमा अब अमेरिका प्रवेशमै रोकिने डर व्याप्त देखिन्थ्यो । प्रविधि कम्पनी र बैंकले आफ्ना कर्मचारीलाई तल्काल देश नछोड्न ज्ञापनपत्र पठाएको देखियो । विदेशमा रहेका भिसाधारकहरू हतारहतार परिवारसँग बिदा भएर झोला प्याक गर्न हतारिए । एकाएका जहाजको टिकट खरिद बढ्यो । उनीहरू यो निकायम लागू हुने समयसीमाअघि नै अमेरिका प्रवेश गर्ने हतारोमा देखिन्थे ।

'एनबिसी न्युज'ले प्रमाणित गरेको एक भिडियो फुटेजमा ट्रम्पको घोषणापछि सान फ्रान्सिस्कोबाट दुबई जाने उडानमा अन्योल र हल्लाखल्लाको स्थिति देखिन्छ । क्याप्टेनले जहाजभित्र अचानक 'अभूतपूर्व' परिस्थिति सिर्जना भएको र 'धेरै यात्रुले यात्रा रोकेर बिमानबाट ओरालिदिन आग्रह गरेको' भनेको सुनिन्छ । आफ्नो इन्स्टाग्राममा सो भिडियो पोस्ट गरेको एक यात्रुका अनुसार जहाजमा सवार धेरै मानिसले ओर्लिएका थिए र 'तीन घण्टाभन्दा लामो ढिलो भएपछि मात्र विमान उडेको' बताए ।

शनिबार मात्र प्रशासनका अधिकारीहरूले एक लाख डलर एकपटकको मात्र शुल्क भएको र यो नयाँ कामदारमा मात्र लागू हुने स्पष्टीकरण दिए । पहिले नै भिसा लिएकाहरू यसबाट प्रभावित नहुने भन्दै विदेशमा रहेकाहरू नडराउन भने । 'पछिल्लो घोषणा यसअघि नै भिसा लिएकाहरू कसैमा लागू हुँदैन,' ह्वाइट हाउसको द्रुत प्रतिक्रिया दिने एक्स एकाउन्टमा भनिएको थियो । तर, अमेरिकाका वाणिज्यमन्त्री हावर्ड लुटनिकले भने शुक्रबार एच-१बी भिसामा श्रमिक ल्याउने कम्पनीहरूले प्रतिवर्ष एक लाख डलर तिर्नुपर्ने बताएका थिए । तर, ह्वाइट हाउसका प्रवक्ता क्यारोलिन लेभिटले शनिबार एक्समा एक पोस्ट गर्दै यो वार्षिक शुल्क नभएर केवल एकपटकको शुल्क र प्रत्येक आवेदनमा लागू हुने बताइन् ।



> एच-१बी भिसा पाउनेमा सबैभन्दा ठुलो हिस्सा भारतीयको छ । सरकारी तथ्यांकअनुसार गत वर्ष 'एच-१बी' भिसा पाउनेहरूमा ७१ प्रतिशत भारतीय थिए । दोस्रो धेरै पाउनेमा ११.७% चिनियाँ छन् ।

तर, अन्योलले छाप छोडिसकेको थियो । उत्तरी क्यारोलिनाको एक निर्माण कम्पनीमा इन्जिनियरको रूपमा काम गर्ने रोहन सिंहले भारत भ्रमण गर्ने आफ्नो पूर्वनिर्धारित योजना रद्द गरे । 'एच-१बी भिसा धारकहरूमाझ त्रास छ । अझै केही होला कि भन्ने त्रास छ,' सिंहले रोयटर्स समाचार एजेन्सीलाई भने । विदेशमा रहेका कैयौं एच-१बि भिसाधारीहरूले हतारहतार अमेरिका फर्कँदाका अनुभव चिनियाँ सामाजिक सञ्जाल एप 'रेडनोट'मा साझा गरेका रोयर्टसले जनाएको छ ।

एच-१बी भिसा पाउनेमा सबैभन्दा ठुलो हिस्सा भारतीयको छ । सरकारी तथ्यांक अनुसार गत वर्ष 'एच-१बी' भिसा पाउनेहरूमा ७१ प्रतिशत हिस्सा भारतीयको मात्र थियो । दोस्रो धेरै पाउनेमा ११.७% चिनियाँ थिए । ४ सेप्टेम्बरमा जर्जियास्थित हुन्डे ब्याट्री प्लान्टमा अध्यागमन अधिकारीहरूको छापाबाट प्रभावित दक्षिण कोरियालीहरू एच-१बी भिसा धेरै पाउनेहरूमा पर्छन् ।

'सरकारले लाखौं मानिसहरूको जीवनलाई असर गर्ने नयाँ नीति घोषणा गर्दा प्रशासनले यसबारेमा सटिक रूपमा जानकारी प्रभावित गर्नुपर्छ,' अमेरिकन इम्मिग्रेसन काउन्सिलका वरिष्ठ फेलो आरोन रेचलिन-मेलनिकले एक्समा भने ।

ट्रम्पले 'अमेरिकी कामदारहरूलाई पहिलो प्राथमिता दिने वाचा गरेका थिए । र, यो यही उदेश्यले कम्पनीहरूलाई प्रणालीलाई झुक्याएर ज्याला घटाउनबाट निरुत्साहित गर्न यो कदम चालिएको हो,' ह्वाइट हाउसकी प्रवक्ता टेलर रोजर्सले सिएनबिसीलाई बताइन्,' तथापि नयाँ व्यवस्थाले अमेरिकी व्यवसायहरूलाई हाम्रो महान देशमा साच्चै अति-दक्ष कामदारहरू ल्याउन रोकेको छैन, खाली प्रणालीको दुरुपयोग मात्र रोकेको छ ।'

घोषणालाई अमेरिकी राजनीतिमा आप्रवासनलाई कठोर बनाउनुपर्ने पक्षधरको जितको रूपमा व्याख्या गरिएको छ । तर विदेशबाट योग्य कामदारहरू ल्याइरहेका प्राविधि कम्पनी भने यस निर्णयबाट असन्तुष्ट रहेको बताइन्छ ।

अमेजन, मेटा, गुगल, एप्पल र वालमार्ट 'एच-१बी कार्यक्रम'अन्तर्गतको भिसाको सबैभन्दा ठुला प्रयोगकर्ता हुन् । सन् १९९० मा तत्कालीन राष्ट्रपति जर्ज एचडब्लु बुसले हस्ताक्षर गरेर कानुनी रूप दिएको यस भिसाका लागि यसअघि प्रतिआवेदन दुई हजार डलरदेखि पाँच हजार डलरसम्म लाग्ने गर्थ्यो ।

ट्रम्पले भने शुक्रबार घोषणामा हस्ताक्षर गरेपछि प्राविधिक कम्पनी यस परिवर्तनबाट खुसी हुने प्रतिक्रिया दिएका थिए । 'मलाई लाग्छ कि उनीहरू धेरै खुसी हुनेछन् । सबैजना खुसी हुनेछन्,' ट्रम्पले भनेका थिए ।

एनबिसी न्युजबाट

इतिहासमा आज

सेप्टेम्बर २२



सन् १९८० : इराकले इरानस्थित सत्त अल-अरबको क्षेत्रमा कब्जा गर्न खोजेपछि इराक-इरान युद्ध सुरु भयो । यो युद्ध आठ वर्षसम्म (सन् १९८८ अगस्ट) चलेको थियो ।

सन् १४९९ : स्विट्जरल्यान्ड स्वतन्त्र राज्य घोषित ।

सन् १९६१ : **अमेरिकी राष्ट्रपति जोन एफ** केनेडीले विदेशी भूमिमा स्वयंसेवा गर्न इच्छुक युवालाई समन्वय गर्ने पिस कोर्पको स्थापना गर्ने विधेयकमा हस्ताक्षर गरे ।

सन् १९७० : अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले देशको राजधानी क्षेत्र 'डिस्ट्रिक्ट अफ कोलम्बिया (डिसी)'लाई कंग्रेसमा प्रतिनिधित्व दिने कानुनमा हस्ताक्षर गरे ।

सन् १९७३ : हेनरी किसिन्जर अमेरिकाको पहिलो विदेशमन्त्री बने । उनी अमेरिकी इतिहासका प्रभावशाली विदेशमन्त्रीमध्ये एक मानिन्थे ।(--

सन् १९७५ : आजकै दिन सारा जेन मुरबाट अमेरिकी राष्ट्रपति गेराल्ड फोर्डको हत्या प्रयास भएको थियो । यो तीन हप्ताभित्र फोर्डको हत्या गर्ने दोस्रो प्रयास थियो ।

सन् १९९३ : संविधानमा व्यवस्था नै नभएको अधिकार प्रयोग गरेर संसद् भंग गरेको आरोपमा रुसी राष्ट्रपति बोरिस यल्तसिनलाई संसद्ले महाभियोग लगाउँदै पदमुक्त गरेको घोषणा गऱ्यो । योसँगै देशको संवैधानिक संकट थप गहिरिन पुग्यो ।

सन् २०१९ : राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय प्रधानमन्त्रीको सम्मानमा अमेरिकाको ह्युस्टन सहरमा 'हाउडी, मोदी' ऱ्याली आयोजना गरे ।

विश्व संक्षेप

गाजामा 'अभूतपूर्व बल' प्रयोग गर्ने इजरायलको चेतावनी

जेरुसेलम / इजरायली सेनाले शुक्रबार गाजा सहरमा 'अभूतपूर्व बल' प्रयोग गर्ने चेतावनी दिएको छ । फ्रान्स र बेलायतलगायत धेरै पश्चिमी देशहरूले अर्को हप्ता हुने संयुक्त राष्ट्र शिखर सम्मेलनमा प्यालेस्टिनी राज्यलाई मान्यता दिने योजनाबद्ध कदम अगाडि इजरायलले गाजामा विशाल हमला गर्ने चेतावनी दिएको हो । इजरायली सेनाले बासिन्दाहरूलाई दक्षिणतिर भाग्न आग्रह गर्दै ४८ घण्टा अगाडि खोलिएको अस्थायी निकासी मार्ग बन्द गर्ने घोषणा गरेको छ । गाजा सहर कब्जा गर्ने इजरायलको प्रयासले अन्तर्राष्ट्रिय आक्रोश निम्त्याएको छ । करिब दुई वर्ष लामो युद्धले गाजा सहर तहसनहस भएको छ । संयुक्त राष्ट्रसंघले घोषणा गरेको अनिकालले ग्रस्त छ । गाजा सहर र यसको वरपर लगभग १० लाख मानिस बसोवास गरिरहेका संयुक्त राष्ट्रसंघले अगस्टको अन्त्यमा अनुमान गरेको थियो । इजरायलले गाजापट्टीको सबैभन्दा ठुलो सहरबाट लाखौं भागेको बताएको छ । गाजा सहरका बासिन्दाहरूलाई सम्बोधन गर्दै समाजिक सञ्जाल एक्समा लेखिएको पोस्टमा सेनाका अरबी भाषाका प्रवक्ता अविकय अद्रईले भने: 'अबदेखि सलाह अल-दिन रोड दक्षिणतर्फको यात्राका लागि बन्द छ । इजरायल रक्षा बलले हमास र अन्य आतंकवादी संगठनविरुद्ध अभूतपूर्व बलका साथ सञ्चालन जारी राख्नेछ ।' उनले दक्षिणतर्फको एक मात्र सम्भावित मार्ग अल-रसिद स्ट्रिट रहेको बताउँदै उनले बासिन्दाहरूलाई भने, 'यो अवसर लिन र मानवीय क्षेत्रमा दक्षिणतिर सरेका लाखौं सहरका बासिन्दाहरूसँग सामेल हुन आग्रह गरिन्छ ।'

साइबर हमलाले युरोपका विमानस्थलमा उडान प्रभावित

लन्डन / बेलायतको हिथ्रो विमानस्थलसहित युरोपका धेरै विमानस्थल साइबर हमलाको सिकार बनेका छन् । अधिकांश विमानस्थल इलेक्ट्रोनिक चेक-इन र सामान प्रणालीलाई असर गर्ने साइबर-हमलाको सिकार भएका हुन् । कोलिन्स एयरोस्पेसले धेरै एयरलाइन्सलाई प्रदान गरेको सफ्टवेयरलाई असर गर्ने 'प्राविधिक समस्या'का कारणले विमानस्थल धमाधम बन्द भएका हुन् । साइबर-हमलाका कारण ब्रसेल्स एयरपोर्टले यात्रुहरूलाई म्यानुअल रूपमा चेक-इन र बोर्डिङ गरेको थियो भने बर्लिनको ब्रान्डनबर्ग एयरपोर्टले पनि समस्याका कारण लामो समय यात्रुलाई पर्खाएको थियो । कोलिन्स एयरोस्पेसको स्वामित्वमा रहेको आरटिएक्सले केही विमानस्थलमा आफ्नो प्रणालीमा साइबर सम्बन्धित अवरोधका बारेमा सचेत रहेको र यो समस्यालाई सकेसम्म चाँडो समाधान गर्ने प्रयास गरेको जनाएको छ । कम्पनीले भनेको छ, 'यसको प्रभाव इलेक्ट्रोनिक ग्राहक चेक-इन र सामान छोड्ने कार्यमा सीमित छ ।' यसले आफ्नो म्युज सफ्टवेयरमा आक्रमण गरेको बताएको छ, जसले विभिन्न एयरलाइन्सहरूलाई आफ्नै चेक-इन डेस्क र बोर्डिङ गेटहरू प्रयोग गर्न अनुमति दिन्छ, विमानस्थलमा आफ्नै चेक-इन डेस्क र बोर्डिङ गेट प्रयोग गर्न अनुमति दिन्छ ।

अमेरिकी मानव अधिकार उल्लंघनको दक्षिण कोरियाले अनुसन्धान गर्ने

सोल / दक्षिण कोरियाली सरकारले अमेरिकी अधिकारीले कोरियाली कामदारलाई छापा मार्ने र थुनामा राख्ने क्रममा सम्भावित मानव अधिकार उल्लंघनको अनुसन्धान गरिरहेको बताएको छ । दक्षिण कोरियाले अमेरिकाप्रति 'कडा खेद' व्यक्त गरेको र कानुन प्रवर्तन कारबाहीका क्रममा आफ्ना नागरिकको अधिकार र हितको उल्लंघन नगर्न आधिकारिक रूपमा आग्रह गरेको राष्ट्रपतिका प्रवक्ताले बताए । अमेरिकी राज्य जर्जियामा रहेको विद्युतीय सवारीसाधनको ब्याट्री प्लान्टमा छापा मारेर एक हप्तासम्म थुनामा राखिएपछि तीन सयभन्दा बढी दक्षिण कोरियाली कामदार शुक्रबार घर फर्किएका छन् । दक्षिण कोरियाली फर्मले अमेरिकामा चर्को शुल्कबाट बच्न व्यापार सम्झौताअन्तर्गत अमेरिकामा अर्बौं लगानी गर्ने तयारी गरे पनि यो घटनाले दुई देशबिचको सम्बन्धको परीक्षण गरेको छ । दक्षिण कोरियाली अधिकारीले 'कुनै पनि सम्भावित मानव अधिकार उल्लंघन वा अन्य मुद्दाको राम्ररी अनुसन्धान गर्ने' सम्बन्धित कम्पनीसँग काम गर्ने राष्ट्रपतिका प्रवक्ताले पत्रकार सम्मेलनमा बताए । यस छापाले अमेरिका र दक्षिण कोरियाबिच तनाव बढाएको छ । राष्ट्रपति ली जे-म्युडले चेतावनी दिएका छन् कि यसले अमेरिकामा विदेशी लगानीलाई निरुत्साहित गर्नेछ । उनले यो अवस्थालाई 'अचम्मलाग्दो' बताए ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ६ असोज ०८२

एक दिनमै 'रिकभर' भयो सेयर बजार

गत बिहीबार तीन चरणमा नकारात्मक सर्किट ब्रेक लागेको नेप्से आइतबार १११.७ अंकले बढ्यो



पवन तिमिल्सिना/नयाँ पत्रिका

बिहीबार एकै दिनमा तीनपटकसम्म सर्किट ब्रेक लागेर १६०.३३ अंकले घटेको सेयर बजार आइतबार फर्किएको छ। आइतबार एकै दिनमा ४.४४ प्रतिशत अर्थात् १११.७ अंकले बजारमा वृद्धि आएको छ। अर्थमन्त्री रामेश्वर खनालले बजार परिसूचक घटेको भोलिपल्ट (शुक्रबार) पाँच दिनभित्र प्रतिवेदन बनाउनुपर्ने कार्यादेशसहित पुँजी बजार सुधार कार्यदल गठन गरेका थिए। यसले बजारलाई रिकभर गराउन मद्दत पुगेको हो।

आइतबार नौ अर्ब एक करोड रुपैयाँको सेयर कारोबार भएको छ। सिन्धु विकास बैंक, भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी, गुडविल फाइनान्स, शिवम् सिमेन्ट, जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी, अपि पावर कम्पनी, आँखु खोला जलविद्युत्, बलेफी हाइड्रोपावर र हिमाल दोलखा हाइड्रोपावर कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेर सर्किट ब्रेकर लागेको छ। ग्रिन डेभलपमेन्ट बैंक, सप्तकोशी विकास बैंक, हिमस्टार ऊर्जा कम्पनी, अपर तामाकोशी हाइड्रोपावर, कर्पोरेट डेभलपमेन्ट बैंक, नेसनल हाइड्रोपावर, शिव श्री हाइड्रोपावर, रिडी पावर कम्पनी, सिक्लेस हाइड्रोपावर, उन्नति सहकार्य लघुवित्त, रिभर फल्स पावर, दिव्यश्वरी हाइड्रोपावर, मेन्छियम हाइड्रोपावर, हाइड्रोपावर इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी, नारायणी विकास बैंक, साल्ट ट्रेडिङ कर्पोरेसन, प्रभु बैंक, नेपाल फाइनान्स, ग्रिनलाइफ हाइड्रोपावर, हाथवे इन्भेस्टमेन्ट नेपाल र मनकामना इन्जिनियरिङ हाइड्रोपावरको सेयर मूल्य ९ प्रतिशतभन्दा बढी दरले बढेको छ।

■ गभर्नर र पुँजी बजार सुधार कार्यदललाई लगानीकर्ताको सुझाव

लामो समयपछि २ असोजमा खुलेको सेयर बजार सुरुको दिनमै करिब ६ प्रतिशतले ध्वस्त भएपछि लगानीकर्ताले नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेललाई सुझावसहितको मागपत्र बुझाएका छन्। बजार खुल्नेबित्तिकै ७२ करोड रुपैयाँ मात्र कारोबार हुँदा नेप्से सूचक १६० अंकभन्दा बढीले ओरालो लागेर करिब तीन खर्ब रुपैयाँबराबरको पुँजीकरणमा नोक्सान भएको थियो। बजारमा एकाएक आएको ठुलो गिरावटले लगानीकर्ता निराश र त्रस्त भएका थिए। उनीहरूको भनाइमा ०६२/६३ को जनआन्दोलन, ०७२ को भूकम्प र कोभिड-१९ जस्ता विपत्का वेला पनि नियामक निकायले अग्रिम तयारी नगर्दा बजारमा ठुलो नोक्सानी खेपिएको थियो। यसपटक पनि त्यही गल्ती दोहोरिएको भन्दै उनीहरूले गभर्नर पौडेलसमक्ष तत्कालीन समस्याको समाधानका लागि ठोस पहल गर्न माग गरेका छन्।

लगानीकर्ताले बुझाएको सुझावपत्रमा सातवटा मुख्य बुँदा रहेका छन्। तीमध्ये बैंक तथा वित्तीय संस्थालाई दोस्रो बजारमा सहज कारोबार गर्न दिनुपर्ने, व्यक्तिगत धितो कर्जाको सीमा खारेज गर्नुपर्ने, लघुवित्तलाई वास्तविक नाफाका आधारमा लाभांश वितरण गर्न दिने, बैंक-वित्तीय संस्थाको सेयर लगानी सीमा परिमार्जन गर्ने, सेयर कर्जाको सीमा समयसापेक्ष बढाउने, गैरआवासीय नेपाली (एनआरएन)लाई सहज वातावरणमार्फत पुँजी बजारमा आकर्षित गर्ने तथा लगानीकर्ताको विश्वास कायम गर्न नियामक निकायले स्पष्ट र स्थिर नीतिगत दिशा दिनुपर्ने माग गरिएको छ।

गभर्नर पौडेलले लगानीकर्ताको सुझावलाई अध्ययन गर्ने र राष्ट्र बैंकले नियामक भूमिकामा रही बजार स्थायित्वका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको स्रोतले जनाएको छ। लगानीकर्ताको भनाइमा यी नीतिगत सुधार कार्यान्वयन भएमा मात्र बजारमा दीर्घकालीन स्थायित्व आउनेछ र अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्नेछ। ०८२ असोज ३ गतेको निर्णयअनुसार पुँजी बजार सुधारका लागि गठित कार्यदललाई लगानीकर्ताले २३ बुँदे सुझाव दिएका छन्। कार्यदलको संयोजकमा धितोपत्र बोर्डका कार्यकारी निर्देशक रूपेश केसी, सदस्यहरूमा राष्ट्र बैंकका निर्देशक शरण अधिकारी, स्टक एक्सचेन्ज लिमिटेडका कार्यकारी निर्देशक निरञ्जन फुयाँल र सदस्य सचिवकामा अर्थ मन्त्रालयका उपसचिव शरद निरौला रहेका छन्।

जेन–जी आन्दोलनबाट निजी क्षेत्रमा ८० अर्बको क्षति पुगेको प्रारम्भिक रिपोर्ट

प्रधानमन्त्री-निजी क्षेत्र छलफल : पुनरुत्थानका लागि निजी क्षेत्रले सुरक्षा, समन्वय र सुविधा माग्यो

दोषीमाथि कारबाही हुनुपर्ने हाम्रो माग छ

● **चन्द्र ढकाल**, अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



महासंघले देशैभरको क्षति विवरण संकलन गरिरहेको छ। हालसम्म उपलब्ध तथ्यांक र सूचनाअनुसार करिब ८० अर्ब रुपैयाँबराबरको निजी क्षेत्रमा क्षति भएको प्रारम्भिक आकलन रहेको छ। विशेष गरी ठुलो क्षति भएका उद्योग र साना एवं राजधानीबाहिरका केही व्यवसायको विवरण आउन नसकेको र कतिपय दोहोरोपन पनि देखिएको छ। महासंघले जतिसक्दो चाँडो क्षति विवरण उपलब्ध गराउने गरी देशैभर सर्वेक्षण गरिरहेको छ। युवापुस्ताको आन्दोलनका क्रममा भएको घुसपैठका कारण निजी क्षेत्रले ठुलो जनधनको क्षति व्यहोरेको हुँदा दोषीमाथि कारबाही हुनुपर्ने हाम्रो माग छ। कारबाही हुन नसके दण्डहीनताको अवस्था सिर्जना भई निजी लगानी थप निरुत्साहित हुनेतर्फ सरकारले ध्यान दिनुपर्छ।

कृष्ण रिजाल/नयाँ पत्रिका

२३ र २४ भदौमा जेन-जी आन्दोलनका क्रममा अराजक समूहले गरेको तोडफोड, लुटपाट र आगजनीबाट निजी क्षेत्रको ८० अर्बबराबरको क्षति भएको देखिएको छ। नेपाल उद्योग वाणिज्य महासंघले गरेको प्रारम्भिक चरणको अध्ययनले यस्तो देखाएको हो।

आन्दोलनका क्रममा देशैभरका साना-ठुला उद्योग-व्यवसायमाथि आक्रमण भएको थियो। आक्रोशित एवं अनियन्त्रित भिडले हिल्टन होटेल, एनसेल, भाटभटेनी सुपरमार्केट, सिजी इलेक्ट्रोनिक्स कारखाना, राजेश हार्डवेयर, चन्द्रागिरि केबलकार, मौलाकाली केबलकार, बैंकका शाखा, सवारीसाधनका सोरुमलगायत निजी लगानीका उद्योग-व्यवसायमा तोडफोड, आगजनी एवं लुटपाट गरेका थिए। महासंघले जिल्ला नगर उद्योग वाणिज्य संघ, एसोसिएट सदस्य र वस्तुगत संघमार्फत आन्दोलनबाट भएको क्षतिको विवरण संकलन गरेको हो। यस्ता तोडफोड, लुटपाट र आगजनीबाट ८० अर्ब हाराहारीको क्षति पुगेको महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए।

नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिले आइतबार प्रधानमन्त्री सुशीला कार्कीसँग भेटमा क्षतिको विषयमा जानकारी गराएका छन्। अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याललगायत सहभागी उक्त भेटमा अध्यक्ष ढकालले क्षतिको अवगत गराएका हुन्। 'महासंघले देशैभरको क्षति विवरण संकलन गरिरहेको छ, हालसम्म उपलब्ध तथ्यांक र सूचनाअनुसार करिब ८० अर्ब रुपैयाँबराबरको निजी क्षेत्रमा क्षति भएको प्रारम्भिक आकलन रहेको छ,' उनले भने, 'विशेष गरी ठुलो क्षति भएका उद्योग र साना एवं राजधानीबाहिरका केही व्यवसायको विवरण आउन नसकेको र कतिपय दोहोरोपन पनि देखिएको छ।' महासंघले जतिसक्दो चाँडो क्षति विवरण उपलब्ध गराउने गरी देशैभर सर्वेक्षण गरिरहेको उनले जानकारी गराए।

युवापुस्ताको आन्दोलनका क्रममा भएको घुसपैठका कारण निजी क्षेत्रले ठुलो जनधनको क्षति व्यहोरेको हुँदा दोषीमाथि कारबाही हुनुपर्ने निजी क्षेत्रको माग छ। कारबाही हुन नसके दण्डहीनताको अवस्था सिर्जना भई निजी लगानी थप निरुत्साहित हुनेतर्फ निजी क्षेत्रका प्रतिनिधिले उक्त छलफलमा सरकारको ध्यानाकर्षण गराए।





सरकारसँग निजी क्षेत्रले माग्यो यस्तो सुविधा

जेन-जी आन्दोलन र त्यस क्रममा भएका गतिविधिबाट प्रभावित अर्थतन्त्रको पुनरुत्थानका लागि निजी क्षेत्रले सुविधा माग गरेको छ। प्रधानमन्त्रीसँगको छलफलमा प्रभावित व्यवसायीलाई कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण सुविधा प्रदान गर्न, लगानी आकर्षित गर्न आयकरलगायतमा छुट प्रदान गर्न पनि अध्यक्ष ढकालले आग्रह गरे। माग बढाउन मूल्य अभिवृद्धि करको दरमा पनि समायोजन गर्न सकिनेतर्फ महासंघले सुझाव दिएको छ। सामाजिक उत्तरदायित्वअन्तर्गतको रकम पुनर्निर्माणमा लगाउन सकिने हुँदा त्यसलाई खर्चका रूपमा देखाउन पाउने र अन्य सहजीकरण आवश्यक रहेकोतर्फ पनि सरकारको ध्यानाकर्षण गराए।

कर छुट, साना तथा मझौला उद्यमका लागि उत्पादनमा आधारित राहत र सहुलियतपूर्ण कर्जाको आवश्यकताका साथै बजेट पुनरावलोकन गरी अनावश्यक शीर्षकको रकम पुनर्निर्माणमा उपयोग गर्न सकिने महासंघको सुझाव छ। छलफलका क्रममा चालू पुँजीकर्जा मार्गदर्शन कम्तीमा दुई वर्ष स्थगन गर्न, पुनर्कर्जा, ब्याज अनुदानलगायतका वित्तीय सहुलियत तत्काल दिन सकिनेतर्फ व्यवसायीले प्रधानमन्त्री कार्कीको ध्यानाकर्षण गराएका थिए।

पुनरुत्थानका लागि सहकार्य गर्न निजी क्षेत्र तयार

निजी क्षेत्रले अर्थतन्त्रको पुनर्निर्माण, नवनिर्माण र पुनरुत्थानका लागि आवश्यक सुरक्षा समन्वय र सहकार्यका लागि सरकारसँग आग्रह गरेको छ। प्रधानमन्त्री सुशीला कार्कीसँग आइतबार भएको छलफलका क्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रले सम्मानित रूपमा काम गर्न सक्ने वातावरणका लागि आवश्यक सहयोग र सुरक्षाको अपेक्षा सरकारसँग रहेको बताए।

'हामी पनि सम्हालिँदै र सरकारलाई पनि सघाउँदै सहकार्य गर्न तयार छौं,' ढकालले भने, 'महासंघ र अन्तर्राष्ट्रिय वित्त निगमले गरेको अध्ययनअनुसार अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ भने ८६ प्रतिशत रोजगारी निजी क्षेत्रले दिइरहेको छ, तर आन्दोलनका क्रममा निजी क्षेत्रमाथि आक्रमण हुनुले निजी क्षेत्रको महत्त्व बुझ्न नसकिएको देखियो।' अध्यक्ष ढकालले अर्थतन्त्र पुनर्स्थापना र सुशासन कायम गर्न निजी क्षेत्रलाई आत्मविश्वासका काम गर्न आग्रह गरे।

सुपथ पसलमा बढ्न थाल्यो चहलपहल

नयाँ पत्रिका

३० भदौबाट सुरु भएको सहुलियत मूल्यको सुपथ पसलमा चहलपहल बढ्न थालेको छ। सुरुवातमा खासै व्यापार नभए पनि केही दिनदेखि उपभोक्ताको भिड बढ्दै गएको साल्ट ट्रेडिङका सूचना अधिकारी ब्रजेश झाले जानकारी दिए। साल्ट ट्रेडिङ र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले उपत्यकासहित देशभरका एक सय ५३ स्थानमा सहुलियत पसल सञ्चालन गरेका छन्। दुवै संस्थानले मुख्य खाद्यान्नमा छुट दिएर बिक्री मूल्य निर्धारण गरेका छन्।

खाद्य र साल्ट ट्रेडिङले सुपथ मूल्य पसलबाट बिक्री हुने चामल, दाल, गहुँ, चिनी र गेडागुडीमा पाँच रुपैयाँ तथा चिउरा, आँटा, पिठो, मैदा, खानेतेलमा सात रुपैयाँ प्रतिकिलो छुट दिएका छन्। खाद्य संस्थानसँग मात्र रहेको कर्णालीका रैथाने उत्पादनहरू जुम्ली मार्सी चामल, कागुनो, चिनो, सिमी, उवा र तितेफापरमा १० रुपैयाँ छुट दिइएको छ। जिरा, धनियाँ र चियापत्तीमा पनि प्रतिकिलो १० रुपैयाँ छुट दिइएको छ। साल्ट ट्रेडिङका सूचना अधिकारी झाले दैनिक उपत्यकामा १८ लाखदेखि ३३ लाखसम्मको कारोबार भइरहेको जानकारी दिए। 'उपत्यकामा १२ वटा काउन्टरमार्फत सेवा दिइरहेका छौं। सामान्य अवस्थाको तुलनामा छुटसहितको सुपथ पसलबाट हुने कारोबार बढेको छ,' उनले भने। खाद्य कम्पनीले यो वर्ष खसी, बोका र च्यांग्रा भने बिक्री गरेको छैन। कम्पनीले १५ सय खसी, बोका र तीन सय च्यांग्रा खरिदको प्रक्रिया अघि बढाइसकेको थियो, तर जेन-जी आन्दोलनका कारण उत्पन्न परिस्थितिले खसी, बोका र च्यांग्रा खरिद प्रक्रिया लम्बिएको र बिक्री गर्नसमेत मुस्किल हुने आकलन गरेको कम्पनीले जनाएको छ। गत वर्ष पनि संस्थाले दसैंका लागि ल्याएको खसी, बोका सबै बिक्री नभएर तिहारपछि सस्तो भाउमा लिलामी गरेको थियो। खाद्य कम्पनीले सुपथ पसलबाट सबैभन्दा बढी चामल बिक्री भइरहेको जनाएको छ। त्यस्तै, दाल, तेल, मैदा, चिनी, गेडागुडीलगायतको बिक्री पनि सामान्य अवस्थाको तुलनामा बढेको कम्पनीले जनाएको छ।

डिडिसीले पनि थाल्यो छुटमा बिक्री

सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)ले छुट मूल्यमा दुग्ध पदार्थ बिक्री थालेको छ। संस्थाको बजार विभाग प्रमुख नवीन शर्माका अनुसार एक लिटर घिउमा ७० रुपैयाँ छुट दिइएको छ। 'प्रतिलिटर ११ सय ५० रुपैयाँ रहेको डिडिसी घिउ अहिले एक हजार ८० रुपैयाँमा बिक्री भइरहेको छ,' उनले भने, 'आधा किलो पनिरमा पनि २५ रुपैयाँ छुट दिइएको छ।' चार सय पाँच रुपैयाँ रहेको आधा किलो पनिर अहिले तीन सय ८० रुपैयाँमा बिक्री गरिरहेको उनले जानकारी दिए।

बंगलादेशमा नेपालको पर्यटन प्रवर्द्धन

काठमाडौं/ बंगलादेशको ढाकामा सम्पन्न १२औं एसियन पर्यटन मेलामा नेपालको पर्यटन प्रवर्द्धन गरिएको छ। २ असोजदेखि ४ गतेसम्म आयोजित मेलामा नेपाल पर्यटन बोर्डले 'नेपाल पर्यटक स्वागतका लागि पूर्ण तयार रहेको' सन्देश प्रवाह गरेको जनाएको छ।

जेन-जी आन्दोलनका क्रममा नेपालमा उत्पन्न चुनौतीपछि अन्तर्राष्ट्रिय मेलामा देश सामान्य अवस्थामा फर्किएको र पर्यटकका लागि सुरक्षित रहेको सन्देश बंगलादेशका पर्यटन व्यवसायी र पर्यटकलाई प्रवाह भएको बोर्डको भनाइ छ। नेपालका लागि बंगलादेशस्थित राजदूत घनश्याम भण्डारीले नेपाल-बंगलादेशबिचको पर्यटन सहकार्य र जनस्तरीय सम्बन्ध अझ मजबुत बनाउन पहल भइरहेको बताए। सन् २०२४ मा नेपालले करिब ४९ हजार बंगलादेशी पर्यटक स्वागत गरेको थियो भने सन् २०२५ को पहिलो आठ महिनामै ३२ प्रतिशतले वृद्धि भएको पर्यटन बोर्डको तथ्यांक छ।

पोखरा आइपुगे हिमाली क्षेत्रका भेडा-च्यांग्रा, मूल्य ४५ देखि ५० हजारसम्म



कास्कीमा **रोहितराज पराजुली**

बडादसैँलक्षित गर्दै हिमाली क्षेत्रका भेडा-च्यांग्राहरू पोखरा ल्याउने क्रम सुरु भएको छ। प्रत्येक वर्ष हिमाली क्षेत्र मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला, बझाङ, बाजुरालगायतका स्थानसँगै छिमेकी देश चीनबाट व्यापारीले बिक्रीका लागि पोखरामा भेडा-च्यांग्रा ल्याउने गर्छन्। हालसम्म पोखरामा आठ-दश हुल भेडा-च्यांग्रा आइसकेका छन्। हिमाली क्षेत्रको जडीबुटी खाएकाले स्वादिलोसँगै स्वास्थ्यका लागि पनि लाभदायक हुने भन्दै उपभोक्ताको विशेष रोजाइमा भेडा-च्यांग्रा पर्ने गर्छ। पोखरा ल्याइएका प्रतिगोटा च्यांग्रालाई यो वर्ष ४५ देखि ५० हजारसम्म मूल्य तोकिएको छ।

जोमसोमको घिलिङदेखि एक सय ४० च्यांग्रा बिक्रीका लागि पोखरा ल्याएका हेम्जाका व्यापारी सुकबहादुर तामाङले प्रतिगोटा ३८ देखि ४० हजार तिरेर तीन-चारवटा गोठबाट खरिद गरेको बताए। पोखरा ल्याएर ४५ देखि ४८ हजारसम्म प्रतिगोटा बिक्री भइरहेको उनको भनाइ छ। एउटा च्यांग्राको नेट मासु २० देखि २२ किलो हुने उनले बताए।

ग्राहकले गत वर्षको तुलनामा यस वर्ष खरिद गर्दा प्रतिगोटा चार-पाँच हजार मूल्य कम पर्ने उनले बताए। यस वर्ष १२ हजार हराहारीमा भेडा-च्यांग्रा पोखरा आउने उनले बताए। भेडा-च्यांग्रा खरिदका लागि पोखरासँगै काठमाडौं र बुटबलका व्यापारी मुस्ताङ पुगेका छन्।

अर्का व्यापारी पोखरा हेम्जाका ऋषिराम पौडेलले उपल्लो मुस्ताङबाट एक सय ६० च्यांग्रा ल्याएको बताए। ४५ हजारमा खरिद गरेर ल्याएको च्यांग्रा पोखरा ल्याइपुऱ्याउँदा प्रतिगोटा ५० हजारसम्म परेको उनले बताए। बिक्री गर्दा च्यांग्राको आकार र तौल हेरेर ४५ देखि ५० हजारसम्म लिने उनले बताए। गत वर्षको तुलनामा यस वर्ष खरिद गर्दा नै तीन-चार हजार मूल्य बढी परेकाले यस वर्ष मूल्य केही बढ्ने पौडेलको भनाइ छ।

मुस्ताङस्थित चिनियाँ नाका खुले पनि भेडा-च्यांग्रा नआएका कारण मुस्ताङमा नै मूल्य बढी पर्न गएको व्यापारीको भनाइ छ। यसअघि मुस्ताङबाट चार-पाँच दिन लगाएर म्याग्दीमा ल्याइपुऱ्याउने र त्यहाँबाट गाडीमा नौदेखि १० घण्टा लगाएर पोखरा ल्याइपुऱ्याएको व्यापारीको भनाइ छ। व्यापारीले पोखरा महानगरपालिका वडा नम्बर १ स्थित पुरानो टुँडिखेलसँगै १ र २५ मा पर्ने पोखरा-बागलुङ राजमार्गको सडक-किनारमा राखी बिक्री गर्दै आएका छन्। यस वर्ष सबैतिरबाट गरी पोखरामा करिब १५ हजारभन्दा बढी भेडा-च्यांग्रा आउने अनुमान व्यापारीहरूको छ।

विशेष गरी पोखरामा फूलपातीको दिनमा भेडा-च्यांग्रा बढी बिक्री हुने गरेको छ। पोखराको पुरानो टुँडिखेलमा भेडा-च्यांग्रा बिक्रीका लागि राखिन्छ र त्यहाँ ठुलो मेलासमेत लाग्ने गर्छ। पोखरामा आएकामध्ये दुईतिहाइ च्यांग्रा स्थानीयस्तरमै बिक्री हुने र बाँकी काठमाडौं, धादिङ, तनहुँ, स्याङ्जा, चितवन, बुटबल, धरान, पाल्पालगायतका देशका विभिन्न जिल्लामा लाने गरिन्छ।

जुम्लामा नयाँ जातका स्याउ सिफारिस

बागवानी अनुसन्धान केन्द्र राजीकोट जुम्लाले करिब १२ वर्षको लामो अध्ययनपश्चात् स्टार क्रिमसन डेलिसियस, ब्राइट एन अर्ली र स्टार्क स्पर गोल्डेन जातका स्याउ सिफारिस गरेको हो

जुम्लामा **मानदत्त रावल**

जुम्लामा नयाँ जातको स्याउ सिफारिस गरिएको छ। बागवानी अनुसन्धान केन्द्र राजीकोट जुम्लाले करिब १२ वर्षको अध्ययनपछि स्टार क्रिमसन डेलिसियस, ब्राइट एन अर्ली र स्टार्क स्पर गोल्डेन जातको स्याउ सिफारिस गरेको हो। आर्थिक वर्ष ०८०/८१ मा नयाँ जातको स्याउ सिफारिस गरिएको वरिष्ठ वैज्ञानिक (एस-३) राजुकमार गिरीले बताए। चालू आव ०८२/८३ को माघ महिनादेखि समुदायका किसानलाई ६ हजार बिरुवा (बेर्ना) वितरण गर्ने तयारी गरिएको छ।

नयाँ सिफारिस गरिएका स्याउका जातहरू रोपेको दुईदेखि तीन वर्षमा फल्न सुरु गर्ने, हरेक वर्ष फल्ने, बोट होचो हुन्छ। जसले गर्दा रोयल र गोल्डेन डेलिसियस जातका स्याउ रोप्ने ६-६ मिटरभन्दा कम दूरीमा नयाँ बिरुवा रोप्न सकिने उनले बताए। 'पुरानो जातको स्याउ एक हेक्टरमा दुई सय ७८ वटा अट्छ भने स्पर जातको स्याउ एक हेक्टरमा चार सय बोट अटाउँछ,' उनले भने।

नयाँ सिफारिस भएको स्पर जातको स्याउको बोक्रा बाक्लो हुने भएकाले भण्डारण अवधि बढी हुनुका साथै ढुवानीमा कम क्षति हुन्छ। त्यस्तै, स्पर जातका स्याउहरू रेड, रोयल र गोल्डेन जातको स्याउभन्दा १०-१५ दिन ढिलो फुल्ने भएकाले तुसारोबाट बचेको अनुसन्धानका क्रममा पत्ता लागेको छ।

यस्तै, रोगकिरा कम लाग्ने र सर्वसाधारण सबै किसानले सजिलै खेती गर्न सक्ने गुण भएको स्पर जातको नयाँ स्याउ सिफारिस गरिएको वैज्ञानिक गिरीको भनाइ छ। यो वर्ष जुम्लामा असिनाले स्याउमा क्षति गरेका वेला बागवानी अनुसन्धान केन्द्र राजीकोटमा भने लटरम्म फलेका थिए।

किसानको बारीमा लगाइएका स्याउ एक वर्ष फल्ने र अर्को वर्ष नफल्ने समस्या भोगिरहेका वेला राजीकोटमा लगाइएका स्याउ प्रत्येक वर्ष एकैनासले उत्पादन हुने



गरेको प्राविधिक हरि सुवेदीले बताए। नयाँ सिफारिस गरिएका स्याउले उत्पादन बढी दिने उनको भनाइ छ। हाल नेपालमा स्याउको उत्पादकत्व ८.५१ मेट्रिकटन प्रतिहेक्टर रहेको छ भने सिफारिस गरिएको नयाँ स्याउको उत्पादकत्व १४ मेट्रिकटन प्रतिहेक्टरभन्दा बढी रहेको छ।

यसै वर्षबाट बागवानी अनुसन्धान केन्द्र राजीकोटले सिफारिस गरेका तीनवटा स्पर जातका स्याउका कलमी बेर्नाहरू नर्सरीधनी र अगुवा किसानलाई उपलब्ध गराइने भएको छ। बागवानी अनुसन्धान केन्द्र राजीकोटले अन्य तीन देशका स्याउमा पनि अनुसन्धान गरिरहेको छ। इन्डियन स्परका १० वटा, क्यानेडियनका १५ वटा र फ्रान्सका ११ वटा स्याउमा अनुसन्धान भइरहेको छ। ०६८ बाट इन्डियन र क्यानेडियन देशका स्याउमा अनुसन्धान भइरहेको छ भने सन् २०१५/१६ देखि फ्रान्सनको स्याउमा अनुसन्धान भइरहेको छ।

उक्त जातहरूका स्याउ सिफारिस हुन समय लाग्ने बताइएको छ। उच्च पहाडमा हुने फलफूल तथा तरकारीमा अध्ययन-अनुसन्धान गरी प्रविधि विकास गर्दै आएको बागवानी अनुसन्धान केन्द्र राजीकोटले सिफारिसका लागि दुईवटा नयाँ जातका स्याउ अघि बढाएको छ। टपरेड र रेड स्पर जातका स्याउ यसै वर्ष सिफारिस हुने वैज्ञानिक गिरीले बताए। यी जातमा पनि करिब १०-१२ वर्ष अनुसन्धान भएको छ।

कार्टुनमा पनि अनुसन्धान

बागवानी अनुसन्धान केन्द्र राजीकोटले स्याउका जातका अलावा स्याउका कार्टुनमा पनि अनुसन्धान गरेको छ। बजारमा पाइने कार्टुनमा स्याउ ढुवानी गर्दा किसानले बढी क्षति व्यहोर्नुपरेको छ। तर, केन्द्रले असुन्धान गरी पहिचान गरेका स्याउ कार्टुनमा एकदमै कम क्षति हुने गरेको गिरीले बताए।

केन्द्रले सञ्चालन गरेको स्याउका विभिन्न कार्टुनको परीक्षणको नतिजाअनुसार सात प्लाई (पत्र) तथा एक सय ८० भारवहन क्षमता भएको कार्टुनमा स्याउ ढुवानी गर्दा एकदम न्यून क्षति भएको छ। रेडमा ५५ प्रतिशत, रोयलमा ६.५ प्रतिशत र गोल्डेन डेलिसियसमा ७.२ प्रतिशत मात्र कम क्षति भएकाले यो कार्टुन ढुवानीका लागि सिफारिस गरिएको हो।

तर सरोकारवालाले केन्द्रले सिफारिस गरेको स्याउ ढुवानी कार्टुन प्रयोग नगरी आफ्नै मनमर्जी हिसाबले वितरण र ढुवानी गर्दै आएका छन्। यसले गर्दा किसान र व्यापारीले स्याउ ढुवानीमा क्षति भोग्नुपरेको छ।

कर्णालीका पाँच जिल्लामध्ये जुम्ला स्याउखेतीको दृष्टिले सबैभन्दा अगाडि छ। यहाँ करिब चार हजार चार सय हेक्टर जमिनमा स्याउखेती भइरहेको छ। ५२ हेक्टरमा उच्च घनत्वको स्याउ किसानले लगाएका छन्। पछिल्लो समय परम्परागत खेतीभन्दा उन्नत जातको स्याउ उत्पादनतर्फ किसानको आकर्षण बढ्दो क्रममा छ।

दुई सरकारी कार्यालयलाई रुपन्देही व्यापार संघको सहयोग

बुटवल/ रुपन्देही व्यापार संघले २३-२४ भदौमा जेन-जी आन्दोलनका क्रममा आगजनी भएका दुई सरकारी कार्यालयलाई दैनिक काम सञ्चालनका लागि आवश्यक विद्युतीय सामान सहयोग गरेको छ। संघको कार्यालयमा आइतबार आयोजित सामग्री हस्तान्तरण कार्यक्रममा इलाका प्रशासन कार्यालय, बुटवल र सरकारी वकिलको कार्यालय, बुटवललाई करिब दुई लाख मूल्यबराबरका दुई थान कम्प्युटर, प्रिन्टर तथा स्क्यानरहरू प्रदान गरिएको कार्यालय प्रमुख सरोज पोखरेलले बताए।

कार्यक्रममा संघका अध्यक्ष दीपकप्रसाद अधिकारीले इलाका प्रशासन कार्यालयका प्रमुख रामचन्द्र अर्याल र सरकारी वकिल कार्यालय, बुटवलका कम्प्युटर अपरेटर बुद्धि पराजुलीलाई ती सामग्री हस्तान्तरण गरे। सो अवसरमा बोल्दै इलाका प्रशासन कार्यालय, बुटवलका प्रमुख रामचन्द्र अर्यालले आगजनीबाट ध्वस्त कार्यालयबाट सेवा प्रदान गर्न गरिएको सहयोगप्रति आभार प्रकट गर्दै जनतालाई दिने सेवा जति सक्दो चाँडो प्रदान गर्न आफूहरू लागिपरेको बताए।

रुपन्देही व्यापार संघका पूर्वअध्यक्ष श्रीकृष्ण पोखरेलले मुलुकले अकल्पनीय क्षति व्यहोरेको वर्तमान अवस्थामा



सबैले सहयोगीको भावना राखेर काम गर्नुपर्ने बताए। जेन-जीका नाममा भएको आगजनी र तोडफोडबाट भएको क्षतिको परिपूर्ति हुन धेरै समय लाग्ने धारणा उनले राखे।

सरकारी वकिल कार्यालय, बुटवलका कम्प्युटर अपरेटर बुद्धि पराजुलीले कार्यालय सञ्चालनका लागि संघले गरेको सहयोगका लागि आभार व्यक्त गरेका थिए। कार्यक्रम संघका अध्यक्ष दीपकप्रसाद अधिकारीको अध्यक्षता तथा महासचिव फर्सुराम पन्थको सञ्चालनमा भएको थियो। जेन-जीको आन्दोलनका क्रममा रुपन्देहीमा विभिन्न सरकारी कार्यालयहरूमा तोडफोड तथा आगजनी भएको थियो।

प्रहरी भवन बनाउन महालक्ष्मीको सहयोग



काठमाडौं/ आन्दोलनका क्रममा भएको आगजनी तथा तोडफोडका कारण क्षतिग्रस्त भएको प्रहरी वृत्त दरबारमार्गको भवन पुनर्निर्माण तथा मर्मत-सम्भारका लागि महालक्ष्मी विकास बैंकले आर्थिक सहयोग गरेको छ। उक्त प्रहरी कार्यालयमा न्यूनतम प्रशासनिक कार्यहरू गर्न कठिनाइ भएकाले तत्कालका लागि कार्यालय भवन मर्मत-सम्भार तथा अन्य सिभिल कार्य गर्न आर्थिक सहयोग गरेको बैंकले जनाएको छ। बैंकले यस कार्यबाट प्रहरी वृत्त दरबारमार्गमा भइरहेको पुनर्निर्माण तथा मर्मत-सम्भार कार्य छिटो सम्पन्न हुने तथा यस सहयोगबाट पुनर्निर्माण तथा मर्मत-सम्भारको प्रयासमा एक ईंटा थप हुने विश्वास लिएको छ।

साथै, बैंकका सम्पूर्ण सेवा पूर्ण रूपमा सञ्चालनमा आइसकेको तथा डिजिटल बैंकिङ सेवा सुरक्षित रूपमा सञ्चालन भइरहेको समेत बैंकले बताएको छ। हाल महालक्ष्मी विकास बैंकको लेकसाइड शाखाबाहेक एक सय दुई शाखा कार्यालय सञ्चालनमा छन्।

रेडमी नोट १४ सिरिजमा 'बन्डलिङ योजना'

काठमाडौं/ प्रविधि कम्पनी साओमीले रेडमी नोट १४ सिरिजका लागि विशेष अफर घोषणा गरेको छ। यस अफरअन्तर्गत ग्राहकले स्मार्ट फोन खरिदसँगै प्रिमियम एसेसरीमा आकर्षक छुट पाउनेछन्। असोज ५ गतेदेखि कात्तिक १४ गतेसम्म सञ्चालन हुने यस अभियानअन्तर्गत, हरेक स्मार्ट फोन खरिदमा ग्राहकले रेडमी बड्स ५-ए केवल नौ सय ९९ रुपैयाँमै प्राप्त गर्न सक्नेछन्। यस अफरबारे साओमी नेपालका कन्ट्री जनरल म्यानेजर मनु मनस्वीले भने, 'हामी ग्राहकलाई उत्कृष्ट मूल्यसहितको अनुभव दिन प्रतिबद्ध छौं। ग्राहकलाई थप खुसी दिनका लागि ल्याइएको यो अफरमार्फत हामीले उत्पादनलाई सबैका लागि अझ सुलभ बनाउन खोजेका छौं।'



रेडमी नोट १४ सिरिजअन्तर्गत कुनै पनि मोडेल खरिद गर्ने ग्राहकले सामान्यतया २,४९९ पर्ने रेडमी बड्स ५ए केवल नौ सय ९९ रुपैयाँमा पाउनेछन्। यो अफर रेडमी नोट १४, रेडमी नोट १४ ५जी, नोट १४ प्रो ५जी र रेडमी नोट १४ प्रो प्लस ५जी सबै मोडेलमा लागू हुनेछ। ग्राहकले जुनसुकै स्मार्ट फोन छनोट गरे पनि एकै मूल्यमा एसेसरी प्राप्त गर्ने सुविधा पाउनेछन्।

अर्थमन्त्रीले गरे आन्दोलनमा ध्वस्त भएको सिजी डिजिटल पार्क निरीक्षण



काठमाडौं/ अर्थमन्त्री रामेश्वर खनालले जेन-जी आन्दोलनका क्रममा आगजनीबाट ध्वस्त भएको सतुंगलस्थित चौधरी ग्रुपको सिजी डिजिटल पार्क अवलोकन गरेका छन्। मन्त्री खनालले क्षतिग्रस्त संरचना अवलोकन गर्दै आन्दोलनका कारण अर्बौं रुपैयाँबराबरको क्षति व्यहोरेको निजी क्षेत्रलाई सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। 'हालैको विनाशबाट माथि उठ्दै अर्थतन्त्रलाई चलायमान बनाउनु आजको आवश्यकता हो,' उनले भने, 'निजी क्षेत्रको सक्रियता र लगानीविना यो सम्भव छैन। सरकार निजी क्षेत्रलाई सहयोग र सहजीकरण गर्न तयार छ।'

जेन-जी आन्दोलनका क्रममा चौधरी ग्रुपका व्यावसायिक प्रतिष्ठान, उद्योग र निजी निवासमा व्यापक तोडफोड तथा आगजनी भएको थियो। तीमध्ये सिजी डिजिटल पार्क सर्वाधिक प्रभावित स्थल हो। सतुंगलस्थित यो पार्कबाट सिजी ब्रान्डका विद्युतीय सामग्री एसेम्बल गरी बजारमा पठाइने गरिएको थियो। साथै, एलजीसहितका अन्तर्राष्ट्रिय ब्रान्डका विद्युतीय उपकरण पनि यही पार्कमा एसेम्बल हुने गरेका थिए। आगजनीका कारण सम्पूर्ण संरचना ध्वस्त भए तापनि सिजी र एलजीका विद्युतीय सामग्री आपूर्ति शृंखलामा कुनै अवरुद्ध हुन नदिने चौधरी ग्रुपले जनाएको छ।

'वर्षौंसम्म आयोजना अलपत्र पार्ने जोकोहीविरुद्ध सरकार निर्मम बन्छ'



काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइ र भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले काम नगरेर वर्षौंसम्म आयोजना अलपत्र पार्ने जोकोहीविरुद्ध सरकार निर्मम बन्न सक्ने संकेत गरेका छन्। तर, कुनै पनि निर्माण व्यवसायीप्रति पूर्वाग्रही भएर जीर्ण बनेका विकास आयोजनाका ठेक्का नतोड्ने मन्त्री घिसिङको भनाइ छ। नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डलसँगको आइतबारको भेटमा मन्त्री घिसिङले पूर्वाग्रही ढंगले ठेक्का नतोडिने आश्वासन दिलाए।

ठेक्का सम्झौता गर्ने, तर लामो समयदेखि काम नभई जीर्ण भएका आयोजना अब राख्न नहुने मन्त्री घिसिङको भनाइ थियो। 'बजेट छ, आयोजना तयारी अवस्थामा छ, सबै चिज छ, तर किन काम हुँदैन ? म आफैं पनि इन्जिनियर भएकाले सम्पूर्ण ठेक्का प्रक्रियाबारे पूर्ण जानकार छु,' उनले भने। आफूले लिएका आयोजना तोकिएको समय र गुणस्तरमा निर्माण सम्पन्न गरी नेपालका निर्माण व्यवसायी पनि सक्षम रहेको सन्देश दिन मन्त्री घिसिङले महासंघ प्रतिनिधिमण्डलसमक्ष आग्रह गरे।

महासंघका अध्यक्ष रवि सिंहले सुशासन र भ्रष्टाचारमुक्त राज्य आजको आवश्यकता भएको उल्लेख गर्दै निर्माण क्षेत्रका विद्यमान समस्या र समाधानको उपायसहितको ज्ञापनपत्र मन्त्री घिसिङसमक्ष पेस गरेका थिए।

सानिमा बैंकको ७.३६% लाभांश

काठमाडौं/ सानिमा बैंक लिमिटेडले लाभांश घोषणा गरेको छ। बैंकको सञ्चालक समितिको बैठकले आव ०८१/८२ को सञ्चित मुनाफाबाट ७.३६८५ प्रतिशत नगद लाभांश (करसहित) वितरण गर्ने प्रस्ताव गरेको हो। बैंकको हाल चुक्ता पुँजी १३ अर्ब ५८ करोड १५ लाख २५ हजार रुपैयाँ छ। कुल ७.३६८५ प्रतिशत नगद (करसहित) लाभांशमा एक अर्ब सात लाख ५४ हजार ७००.१५ रुपैयाँबराबरको वितरण हुने बैंकले जनाएको छ।

उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई बैंकको साधारणसभाबाट अनुमोदन भएपश्चात् सेयरधनीलाई वितरण गरिनेछ। बैंकका देशभर एक सय ३४ वटा कार्यालय तथा एक सय २७ वटा एटिएम सञ्चालनमा छन्।

आवश्यकता

मन्डिकाटार, गेट कलेज नजिकैको घरमा घरायसी काम गर्नका लागि एक जना कामदार चाहियो।
समयः बिहान ८ बजे देखी दिउँसो ४ बजे
पारिश्रमिकः नेपाल सरकारको न्यूनतम तलब स्केल भन्दामाथि
प्राथमिकताः महिला
सम्पर्कः पशुपति भिजन कम्प्लेक्स, पाँचौ तल्ला, पिङ्गलास्थान, काठमाडौं
मोबाइल नं.: ९८४०८८७०७५

सुकेटार विमानस्थलमा दुई महिनादेखि हवाई सेवा ठप्प

१५ जेठदेखि असोज पहिलो सातासम्म वर्षाकै कारण जहाज आउँदैन, जब मौसम सफा हुन्छ तब जहाज नै हुँदैन, पर्यटकीय सिजन सुरु भइसके पनि उडान बन्द, दुई महिनाको अवधिमा तीनपटक जहाज बिचबाटै पुनः काठमाडौं फर्किंयो

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

पूर्वी नेपालको हिमाली जिल्ला ताप्लेजुङ प्राकृतिक सौन्दर्यले भरिएको ठाउँ हो। यहाँबाटै विश्वकै तेस्रो अग्लो हिमाल कञ्चनजंघा हेर्न पाइन्छ। प्रसिद्ध धार्मिकस्थल पाथीभरा देवीको मन्दिर पनि यही जिल्लामा पर्छ। यति महत्त्वपूर्ण पर्यटकीय र धार्मिक गन्तव्य रहेको ताप्लेजुङ पुग्ने सजिलो माध्यम भनेको सुकेटार विमानस्थल हो। तर, यो विमानस्थल वर्षौंदेखि चले पनि नचलेबराबरकै अवस्थामा छ। पछिल्लो समय त दुई महिनादेखि जहाज आएको छैन।

०३३ सालमा निर्माण गरिएको सुकेटार विमानस्थलबाट केही समय नियमित उडान भए पनि पछिल्ला वर्षहरूमा यसको सेवा अवरुद्धजस्तै भएको छ। जहिल्यै मौसम नखुलेको भनेर जहाज आउँदैन, कहिले जहाज नपाएर सेवा रोकिन्छ। पछिल्लो समय नेपाल वायुसेवा निगमका जहाज बिग्रिएपछि मर्मतका लागि पठाइयो र त्यसयता सुकेटारमा नियमित उडान भएको छैन। जेठको १५ देखि साउन, भदौ तथा असोजको पहिलो सातासम्म बर्सातकै कारण जहाज अवतरण गर्न सक्दैन। जब मौसम सफा हुन्छ, तब जहाज नै हुँदैन।

जहाजको आसमा स्थानीय बासिन्दाले पनि दुःख मात्रै पाउने गरेका छन्। दुर्गम गाउँबाट बिरामी बोक्दै विमानस्थलसम्म आइपुग्दा



पनि जहाज नउडेपछि उनीहरू सडकमार्गको आश्रय लिन बाध्य हुन्छन्। तर, ताप्लेजुङदेखि धरान वा काठमाडौं पुग्न घण्टौंको जोखिमपूर्ण यात्रा गर्नुपर्छ। केही बिरामीले गन्तव्यमै पुग्न नपाई बाटोमै ज्यानसमेत गुमाउँछन्।

पर्यटकका लागि पनि सुकेटारमा उडान नहुँदा ठुलो समस्या भएको स्थानीयहरू बताउँछन्। कञ्चनजंघा आधारशिविर ट्रेकमा जान चाहने आन्तरिक र विदेशी पर्यटकले पटक-पटक यात्रा स्थगन गर्नुपरेको छ।

पाथीभरा दर्शन गर्न आउने भक्तजन पनि जहाज नउड्दा असहज बनेका छन्। यसले ताप्लेजुङको पर्यटन व्यवसायलाई समेत नराम्रो असर पारेको छ।

प्रतिकूल मौसमका कारण दुई महिनादेखि हवाईसेवा ठप्प

पर्यटकीय सिजना सुरु भए पनि ताप्लेजुङको सुकेटार विमानस्थलमा उडान बन्द रहेको छ। दुई महिनादेखि हवाई उडान ठप्प भएको हो। गत साउन ५ गतेदेखि ताप्लेजुङमा मौसम प्रतिकूल भएकाले हवाई उडान प्रभावित हुँदै आइरहेको छ।

नेपाल वायुसेवा निगम ताप्लेजुङका स्टेसन इन्चार्ज नारायण कार्कीले मौसममा आएको खराबीका कारण उडान बन्द गर्नुपरेको बताए। उनले हाल साताको शुक्रबार उडानतालिका रहे पनि मौसमका कारण उडान सफल हुन नसकेको बताए।

काठमाडौंबाट ताप्लेजुङका लागि जहाजले उडान गरे पनि मौसमका कारण अवतरण हुन सक्ने सम्भावना नभएपछि बिचबाटै फर्काइएको इन्चार्ज कार्कीको भनाइ छ।

दुई महिनाको अवधिमा तीनपटक जहाज बिचबाटै पुनः काठमाडौं नै फर्किएको छ। काठमाडौंबाट उडान हुनुपूर्व मौसम सफा नै हुने गर्छ। तर, आइपुग्ने समयमा मौसम प्रभावित हुने भएकाले बिचबाटै जहाज फर्काउन बाध्य हुनुपरेको छ। हप्ताको एकपटक शुक्रबार काठमाडौंको तालिका रहे पनि सो पनि उडान नहुँदा यात्रु मारमा परेका छन्।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश अस्पताल
दमौली, तनहुँ

करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/०६/०७

प्रदेश अस्पताल, दमौली, तनहुँबाट प्रवाह भई रहेको सेवाहरू नियमित संचालन तथा निरन्तरताको लागि स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशबाट स्वीकृत विभिन्न कार्यक्रम/दरवन्दि वमोजिम तपशिलका पदहरूमा तपशिलको संख्यामा २०८३ असार मसान्त सम्मको लागि "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९" वमोजिम सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका अनुभवी नेपाली नागरिकहरूले रित पुर्वकको दरखास्त फाराम भरि बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

तपसिल

क्र. सं.	विज्ञापन नं.	पद	तह	माग पत्र संख्या			न्यूनतम शैक्षिक योग्यता	कैफियत
				प्रदेश करार	कार्यक्रम करार	जम्मा पद संख्या		
१	०१-२०८२/८३	मेडिकल अधिकृत	८	१		१	मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS कोर्ष उत्तिर्ण गरी सम्बन्धित काउन्सिल दर्ता भएको।	
२	०२-२०८२/८३	अस्पताल व्यवस्थापन अधिकृत	७		१	१	Health Care Management विषयमा स्नातक उत्तिर्ण भएको	
३	०३-२०८२/८३	स्टाफनर्स	५	३		३	मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा प्रमाणपत्र तह उत्तिर्ण सम्बन्धित काउन्सिल दर्ता भएको। (CEONC तर्फ OT व्यवस्थापनको तालिम लिएको साथै कार्य अनुभव प्राप्त जनशक्तिलाई प्राथमिकता दिइने।)	कार्यक्रम करार -८ CEONC-3 MNH-5
४	०४-२०८२/८३	स्टाफनर्स	५		८	८		
५	०५-२०८२/८३	ल्याव टेक्निसियन	५	१		१	मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याव टेक्निसियन (प्रमाणपत्र तह) उत्तिर्ण गरि सम्बन्धित काउन्सील दर्ता भएको	
६	०६-२०८२/८३	रेडियोग्राफर	५	१		१	मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफर विषयमा प्रमाणपत्र तह उत्तिर्ण गरि सम्बन्धित काउन्सील दर्ता भएको	

आवश्यक कागजपत्र तथा विवरण

क) नेपाली नागरिकताको प्रतिलिपी, २ प्रति पिपि साईजको हालसालै खिचेको फोटो, SLC/SEE भन्दा माथिका शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपी, सम्बन्धित काउन्सीलको प्रमाण-पत्रको प्रतिलिपी र सम्बन्धित क्षेत्रमा काम गरेको कार्य अनुभव तथा तालिम सम्बन्धि प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ।

ख) **उमेर :** दरखास्त दिने अन्तिम मितिमा
- अधिकृत सातौं र आठौं तहको हकमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
- पाचौं तहको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।

ग) **कुनै पनि फौजदारी अभियोगमा सजाय नभएको र प्रचलित कानुन वमोजिम अयोग्य नभएको।**

घ) **दरखास्त शुल्क :**
- अधिकृत आठौं रु. १५००/-
- अधिकृत सातौं रु. १२००/-
- सहायक पाचौं रु. ७००/-

उक्त रकम नेपाल बैंक लिमिटेड, दमौली शाखा, कार्यालय कोड नं. ३७००१३८०१४ राजश्व खाता नं. २७३०२०००००१००१०००००१, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल भौचर सहित यस कार्यालयबाट उपलब्ध गराईएको फाराम भरि पेश गर्नुपर्नेछ।

ङ) **दरखास्त फाराम पाईने ठाँउ :** यस अस्पतालको प्रशासन शाखामा कार्यालय समय भित्र अथवा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश पोखराको वेवसाईट mohp.gandaki.gov.np मा डाउनलोडमा गई डाउनलोड गरि प्राप्त गर्न सकिने छ।

च) **दरखास्त फाराम वुझाउने ठाँउ :** यस अस्पतालको प्रशासन शाखामा कार्यालय समय भित्र।

छ) **विज्ञापन प्रकाशन मिति :** २०८२/०६/०७ गते।

ज) **दरखास्त दिने अन्तिम मिति :** विज्ञापनको सूचना प्रकाशित भएको मिति देखी १५ दिन अर्थात २०८२/०६/२१ गते र सो दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र।

झ) **सम्पर्क मिति :** २०८२/०६/२२ गते बुधवार कार्यालय समय भित्र।

ञ) **परिक्षाको किसिम :** लिखित र अन्तर्वार्ता दुवै हुनेछ।

ट) **थप जानकारीको लागि :** सूचना अधिकारी मोवाईल ९८५६०६४६०३।

पदपूर्ति समिति

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्मले भारत वाट पैठारी गरेको देहायको मालबस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सि. नं.	मालबस्तुको विवरण	आकार/प्रकार	ब्राण्ड	मोडेल	क्षमता	उत्पतिको मुलुक/राष्ट्र	ईकाई	प्रति ईकाई मूल्य	अधिकतम खुद्रा बिक्री मूल्य (MRP)	कैफियत
1	32" LED TV	32"	IDEA	IDEA 3201 JS	32"	INDIA	PER PCS	10,830.00	16,000.00	WITH VAT
2	43" LED TV	43"	IDEA	IDEA 4343 JS	43"	INDIA	PER PCS	18,356.00	26,000.00	WITH VAT

जय शिवशक्ति ईलेक्ट्रोनिक्स प्रा. लि.
रेशमकोठी, बीरगंज ५

स्थायी लेखा नम्बर ३०४५१३८५७
फोन नं. ०५१५२७३८३

राष्ट्रिय च्याम्पियनको दाबी

बुद्धिस्ट र एसियन क्याडेट बुद्धिचालमा छनोट नै नगरी खेलाडी लगियो



नेपाल बुद्धिचाल महासंघले गरेको खेलाडी छनोटको आपत्ति जनाउँदै राष्ट्रिय खेलाडी

राष्ट्रिय च्याम्पियन रूपेश जैसवाल तथा एमेच्योरका शीर्ष वरीयता खेलाडी पुरुषोत्तम चौलागाईंद्वारा नेपाल बुद्धिचाल महासंघले आफूखुसी खेलाडी लगेको आरोप

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

च्याम्पियन रूपेश जैसवाल र पुरुषोत्तम चौलागाईंसहित अन्य राष्ट्रिय खेलाडीले रुसमा चलिरहेको बुद्धिस्ट चेस च्याम्पियनसिप र काजकिस्तानमा भइरहेको एसियन क्याडेट चेस च्याम्पियनसिपमा नेपाली खेलाडीको सहभागिताको प्रक्रियामाथि प्रश्न उठाएका छन् । दुईवटै अन्तर्राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा नेपाल बुद्धिचाल महासंघले खेलाडी छनोट नगरी नै आफूखुसी खेलाडी लगेको जैसवाल र चौलागाईंले आरोप लगाएका छन् ।

च्याम्पियनसिपमा पुरुषोत्तम सिलवाल, एमेच्योर खेलाडी शैलेन्द्र न्यौपाने र महिलामा सिन्दिरा जोशीले प्रतिस्पर्धा गरिरहेका छन् । 'संघका पदाधिकारीले बुद्धिस्ट तथा एसियन क्याडेट प्रतियोगितामा कुनै छनोट प्रतियोगिता नगरी खेलाडी लगेका छन्,' उनीहरूको दाबी छ, 'पदाधिकारीले खेलाडी छनोट कमिटी नबनाउने र छनोटका आधार नहुनुका साथै अन्तिम समयमा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउने कुनै नौलो होइन ।' रुस तथा काजकिस्तानमा नेपालबाट सहभागी भएका खेलाडी छनोटविना नै पुगेको आइतबार पत्रकार सम्मेलनमा जैसवाल र चौलागाईंले खुलासा गरेका छन् ।

यसअघि महासंघले नेपाल च्याम्पियन र अन्य योग्य खेलाडीलाई बाहिर राखेको र मापदण्डविना नै देशको प्रतिनिधित्व गराएको भन्दै आलोचना खेपेको थियो । नेपाल च्याम्पियनसहित खेलाडीले आइतबार महासंघले गरेको खेलाडी छनोट प्रक्रियामाथि खुलेरै विरोध जनाएका छन् ।

'रुसमा जारी प्रथम बुद्धिस्ट चेस च्याम्पियनसिपमा नेपालबाट सहभागी गराउँदा पनि विनाआधार खेलाडी चयन गरिएकोमा हाम्रो आपत्ति छ,' पुरुष वरीयताको शीर्ष स्थानमा रहेका जैसवालले भने, 'यसैगरी काजकिस्तानमा जारी एसियन क्याडेट चेस च्याम्पियनसिपमा पनि नेपाली खेलाडीको सहभागिताको छनोट प्रक्रिया प्रस्ट नहुनु दुःखद हो ।' उनीहरूले सहभागी खेलाडीप्रति केही प्रतिक्रिया दिएनन् ।

यसैगरी, एमेच्योर च्याम्पियन चौलागाईंले पनि खेलाडी छनोटलाई लिएर असन्तुष्ट जनाएका छन् । 'बुद्धिस्टमा कसरी खेलाडी छनोट भयो ? यसमा नेपाल र एमेच्योर च्याम्पियनलाई बाहिर राखिएको हो,' चौलागाईंले भने, 'महासंघले आफूनजिकका व्यक्तिसँग मात्र छलफल गरी खेलाडी लैजान मिल्छ ? किन राष्ट्रिय प्रतियोगिता गर्नु, सिधै नेपाल च्याम्पियन पनि आफैँ घोषणा गर्दा राम्रो हुनेछ ।' । महासंघका अध्यक्ष हेराकाजी महर्जन नेपाली टोली लिएर हाल रुसमा र महासचिव धरम लामा काजकिस्तानमा छन् ।

छानबिनको माग

राष्ट्रिय खेलाडीहरूले गत वर्ष हंगेरीमा भएको ४५औँ चेस ओलम्पियाडमा नेपाली खेलाडीको सहभागी हुने अवसर गुमाएकोमा छानबिन हुनुपर्ने माग राखेका छन् । महासंघले हंगेरीमा आयोजित ओलम्पियाडमा भिसा प्रक्रिया ढिला गरेका कारण नै आफूहरू प्रतियोगितामा सहभागी हुन नपाएको जैसवाल र चौलागाईंले गुनासो गरेका छन् । महासंघले हंगेरीमा नेपाली टोलीमा स्वीकृतिभन्दा पनि बढी संख्यामा पदाधिकारी लैजान कोसिस गरेपछि नेपालस्थित जर्मनी दूतावासले नेपाली टोलीलाई भिसा नदिएको हो । त्यसपछि महासंघका अध्यक्ष महर्जनले हंगेरीको भिसा लगाउन सबै खेलाडीलाई नयाँदिल्ली लगेका थिए । नयाँदिल्लीमा रहेको हंगेरी दूतावासले भिसा नदिएपछि बुद्धिचालका खेलाडी पहिलोपटक ओलम्पियाड खेल्न वञ्चित भए ।

'महासंघले समयमै भिसा प्रक्रिया सुरु नगर्नु र राष्ट्रिय खेलकुद परिषद्बाट भिसा प्रक्रियाका लागि स्वीकृत नामभन्दा बढीको भिसा लिन प्रयास गर्नुलगायत कमजोरीका कारण भिसा पाएनौं,' उनीहरूले भने, 'नेपाली खेलाडीले पहिलोपटक ओलम्पियाड सहभागिताको अवसर गुमायो, हामी यसको छानबिनको माग गर्छौं ।' उनीहरूले हंगेरीको घटनाले पनि महासंघ अयोग्य भएको जनाए ।

नयाँ कार्यसमिति गठनको माग

जैसवाल र चौलागाईंसहितका खेलाडीले महासंघमा आर्थिक अनियमितता भएको र बेथिति रहेको दाबी गरेका छन् । उनीहरूले महर्जनको नेतृत्वमा रहेको कार्यसमिति तत्काले विघटन गरी नयाँ कार्यसमिति गठन गर्न माग राखेका छन् । साथै, अध्यक्ष र महासचिवसहित कोषाध्यक्ष ताराबहादुर रानाभाटसहितले महासंघ एकलौटी रूपमा चलाएको आरोप खेलाडीहरूले लगाएका छन् । 'पहिलाजस्तै महासंघ सीमित व्यक्तिहरूबाट चलिरहेको छ । कहिले पनि विदेशबाट आउने रकमको पनि हिसाब सार्वजनिक भएको छैन,' आक्रोशित खेलाडीहरूले भने, 'शक्तिको दुरुपयोग गर्दै गरिएको मनोमानी निर्णय, आर्थिक अपारदर्शिता तथा खेलाडीमाथि गरिएको दुर्व्यवहार हाम्रो मूल विषय हो ।' नेपालको प्रचलित कानुनअनुसार हरेक संस्थाले वार्षिक रूपमा आर्थिक प्रतिवेदन पास गर्नुपर्ने प्रावधान भए पनि महासंघमा प्रावधान नभएको जैसवालले बताए ।

खेलाडीको साथमा विभिन्न क्लब

नेपाल बुद्धिचाल महासंघले छनोटविना नै दुई अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडी सहभागिता गराएको सम्बन्धमा विभिन्न बुद्धिचाल क्लबहरूले विरोध जनाएका छन् । थापाथली पार्क चेस क्लब, अखिल नेपाल बुद्धिचाल महासंघ, अन्तर्राष्ट्रिय आर्बिटर ज्ञानेन्द्र खाइजूलगायतले महासंघले विधि र प्रक्रिया मिच्दै खेलाडीमाथि अन्याय गरेको आरोप लगाएका छन् । थापाथलीका अध्यक्ष सानुराज बज्राचार्यले महासंघको कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा छनोट प्रक्रिया नहुनु, अपारदर्शी हुनु र अन्तिम समयमा नेतृत्वले आफूअनुकूल व्याख्या गरेर सहभागी गराउने प्रवित्तिले धेरै खेलाडी र समग्र बुद्धिचालकर्मीमाथि अन्याय भएको बताए ।

'राष्ट्रिय च्याम्पियन रूपेशलाई अन्तिम समयमा बेवास्ता गरिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ, खेलाडीले उठाएको मुद्दामा हाम्रो समर्थन छ,' शाक्यले भने, 'दुई हजार रेटिङमुनिको एमेच्योर कोटामा राष्ट्रिय च्याम्पियन चौलागाईं र शीर्ष पाँचका आशिष फुयाँललाई बेवास्ता गरिएकोमा ध्यानाकर्षण भएको छ ।' यसैगरी, अखिल नेपाल बुद्धिचालले दुई प्रमुख च्याम्पियनसिपमा खेलाडी छनोटमाथि प्रश्न उठाएको छ ।

'महासंघको क्यालेन्डर नहुनु, अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिताबारे कार्यविधि नबनाउनु र आफूअनुकूल व्याख्या गरेर सहभागिता गराउने प्रवृत्तिले समग्र खेललाई नै असर परेको छ,' अखिल नेपालका महासचिव अनिल शेर्पालीले भने । यसैगरी, हिमालयन चेस एकेडेमीले पनि खेलाडीको सहभागिताबारे आपत्ति जनाएको छ ।

'ए' डिभिजन लिगको निर्णय दसैँपछि

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले दसैँपछि सहिद स्मारक 'ए' डिभिजन लिग आयोजनाको निर्णय गर्ने भएको छ । एन्फाले लिगमा आबद्ध १४ क्लबलाई आइतबार पत्र पठाउँदै २६ असोजका लागि बैठक डाकेको छ । एन्फाका महासचिव किरण राईले सहभागी क्लबका अध्यक्ष र महासचिवलाई दुई सातापछि बस्ने महत्त्वपूर्ण बैठकका लागि बोलाएका हुन् । गत ३० भदौमा एन्फाले 'ए' डिभिजन र युथ लिगको सम्बन्धमा बैठक बोलाएको थियो ।

एन्फाका पूर्वअध्यक्ष एवं हिमालयन शेर्पा क्लबका अध्यक्ष कर्माछिरिङ शेर्पाको नेतृत्वमा अन्य क्लबका पदाधिकारी बैठकमा उपस्थित भएका थिए ।

एन्फाबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्द्रमान तुलाधर, सहायक महासचिव बद्री भट्टराई तथा केन्द्रीय सदस्यद्वय पुरुषोत्तम थापा र विकासनारायण श्रेष्ठ उपस्थित थिए । बैठकमा एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङ र महासचिव किरण राई उपस्थित भएनन् । यद्यपि, शेर्पाको टोलीले अन्य पदाधिकारीसँग छलफल गरेको थियो ।

एन्फाले ३१ भदौमा अर्को बैठक राख्यो । एन्फाले सबै क्लबलाई पत्र पठाउँदै प्राविधिक कारण देखाएर बैठक अनिश्चितकालका लागि स्थगित गरिएको जानकारी गरायो । सो बैठकमा पुसका लागि प्रस्ताव गरिएको 'ए' डिभिजन लिगबारे विस्तृत छलफल हुने तय थियो । देशका विभिन्न जिल्लामा १४ मैदान प्रयोग गरेर 'होम एन्ड अवे'का आधारमा लिग आयोजना गर्ने प्रस्ताव एन्फाले अघि सारेको छ । फुटबलको मेरुदण्ड मानिने 'ए' डिभिजन लिग नभएको तीन वर्ष भइसकेको छ । एन्फा अध्यक्ष नेम्वाङको चारवर्षे कार्यकाल सकिन लाग्दा उनले एकपटक मात्र 'ए' डिभिजन लिग गराएका छन् ।

गत वर्ष मात्र उनले 'बी' डिभिजन लिगको साइकल पूरा गरेका थिए । जसबाट श्री भगवती तथा प्लानिङ ब्वाइज क्लब शीर्ष डिभिजनमा बढुवा भएका थिए । एन्फाले अन्तिमपटक ०७९ मा 'ए' डिभिजन लिग गरेको थियो । जसमा नवप्रवेशी चर्च ब्वाइज युनाइटेडले लिग खेलेकै वर्ष उपाधि हात पाऱ्यो । २६ असोजमा सातदोबाटोस्थित एन्फाको मुख्यालयमा हुने बैठकमा दुईवटा एजेन्डामाथि छफल हुनेछ । पहिलो 'ए' डिभिजन लिगसँगै यूथ-१६ लिगबारे पनि छलफल हुने एन्फाले १४ क्लबलाई पठाएको पत्रमा भनिएको छ ।

एन्फाले आगामी पुसमा गर्ने भनेको लिग विभिन्न १४ मैदानमा होन्ड एन्ड अवेको फर्म्याटमाथि एन्फाकै कार्यसमितिका केही पदाधिकारीले आपत्ति जनाएका छन् । न ।'



एन्फाले १४ क्लबका अध्यक्ष र महासचिवलाई २६ असोजमा 'ए' डिभिजन लिग र युथ-१६ को विषयमा छलफल गर्न बैठक बोलायो

राष्ट्रिय महिला लिग भएन

एन्फाको क्यालेन्डरअनुसार राष्ट्रिय महिला लिग १ असोजबाट हुनुपर्ने थियो । तर, चार दिन बित्दा पनि एन्फाले राष्ट्रिय लिग आयोजना गरेको छैन । एन्फाले राष्ट्रिय महिला लिग आयोजना गर्ने गत भदौमा छनोट प्रतियोगिता आयोजना गरेको थियो । छनोटबाट पाँच टोलीले राष्ट्रिय लिगमा स्थान बनाए । झापा एएफसी, चर्च ब्वाइज, आरएस रिसोर्ट एन्ड बिच, संकटा र न्युरोड टिम (एनआरटी)ले राष्ट्रिय लिगमा स्थान पक्का गरेका हुन् ।

यी छनोट भएका क्लबले राष्ट्रिय लिगमा नेपाल एपिएफ एफसी, नेपाल पुलिस, त्रिभुवन आर्मी एफसी, बागमती युवा र वालिङ नगरपालिकाको सामना गर्नेछन् ।

९ पुसमा 'ए' लिग प्रस्ताव

एन्फाले तीन वर्षपछि आयोजना गर्ने भनिएको 'ए' डिभिजन लिग आगामी ९ पुसमा गर्ने प्रारम्भिक प्रस्ताव राखेको छ । पछिल्लोपटक ०७९/८० को लिग ०८० जेठ २३ सकिएको थियो । चर्च ब्वाइज साढे दुई वर्षसम्म लिग च्याम्पियनकै रूपमा रहेको छ । लिग आयोजना गर्न नसक्दा एन्फाको चर्को आलोचना भइरहेको छ । 'ए' डिभिजन क्लबमा मनाङ मर्स्याङ्दी, संकटा, एपिएफ, त्रिभुवन आर्मी, नेपाल पुलिस, चर्च ब्वाइज युनाइटेड, हिमालयन शेर्पा, फ्रेन्ड्स, मच्छिन्द्र, जावलाखेल युथ, एनआरटी, सातदोबाटो युथ, प्लानिङ ब्वाइज युनाइटेड र श्री भगवती क्लब छन् ।

आइसिसीको पहलपछि युएईले दियो भिसा

नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को पहलपछि नेपाली राष्ट्रिय क्रिकेट टोलीले संयुक्त अरब इमिरेट्स (युएई)को भिसा पाएको छ । जेन-जीले गरेको प्रदर्शनका कारण नेपालको पछिल्लो घटनाक्रमपछि युएईले नेपालीलाई भिजिट भिसा दिन रोक लगाएपछि अहिले त्यसको असर क्रिकेट टोलीलाई पनि परेको हो । नेपालले आगामी २७-३० सेप्टेम्बरसम्म युएईको सारजहाँमा वेस्ट इन्डिजविरुद्ध तीनवटा टी-२० आई खेल्ने तालिका छ ।

गत साता युएईले नेपाली टोलीलाई भिसा नदिएपछि नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसीको सहारा लिएको हो । क्यानका प्रवक्ता छुम्बी लामाले आइतबार नेपाली टोलीको भिसा आएको बताए । यसअघि क्यानले गत बिहीबार टोलीलाई बिदाइसमेत गरेको थियो । राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ र क्यानका सचिव पारस खड्काले संयुक्त रूपमा बिदाइ गरेका थिए ।

क्यानले शुक्रबार युएई पठाउने योजना बनाए पनि भिसाकै कारण टोली रोकिएको थियो । क्यानले युएईको सरकार, त्यहाँको क्रिकेट बोर्ड र आइसिसीसँग समन्वयपछि टोलीको भिसा आएको हो । नेपालले वेस्ट इन्डिजविरुद्धको टी-२० आई सिरिजलाई आसन्न विश्वकपअन्तर्गत एसिया छनोटको तयारीका रूपमा लिएको छ । टी-२० सिरिजपछि टोली विश्वकप छनोट खेल्न ओमान जानेछ ।

■ साफ यू-१७ च्याम्पियनसिप

बंगलादेशले श्रीलंकालाई हराउँदा नेपाल सेमिफाइनलमा

नयाँ पत्रिका



बंगलादेशले घरेलु टोली श्रीलंकालाई ४-० ले पराजित गरेपछि साफ यू-१७ च्याम्पियनसिपमा नेपाल सेमिफाइनलमा प्रवेश गरेको छ । श्रीलंका पराजित भएसँगै दुई खेलबाट ३ अंक जोडेको नेपाल समूह 'ए'को उपविजेताका रूपमा अन्तिम चारमा पुगेको हो । बंगलादेश शीर्ष स्थानमा रहँदै सेमिफाइनलमा पुग्यो । यस समूहमा श्रीलंका अंकविहीन रहँदै पुछारमा रह्यो ।

अब नेपालले समूह 'बी'को विजेताविरुद्ध फाइनल प्रवेश खेलमा आगामी बिहीबार प्रतिस्पर्धा गर्नेछ । सेमिफाइनलमा नेपालले भारत र पाकिस्तानमध्ये एउटा टोलीसँग प्रतिस्पर्धा गर्नेछ । समूह 'बी'बाट भारत र पाकिस्तान पनि अन्तिम चारमा पुगिसकेका छन् । भारत र पाकिस्तानबिच समूहको अन्तिम खेल हुनेछ । यस खेलको विजेताविरुद्ध नेपालले भिड्नेछ ।

नेपालले समूह 'ए'को पहिलो खेलमा श्रीलंकालाई २-० ले हराएको थियो । त्यसपछि नेपाल बंगलादेशसँग ४-० ले पराजित भयो । बंगलादेशको जितमा मोहम्मद रिफत काजीले ह्याट्रिक गरेका थिए । मोहम्मद आरिफले थप एक गोल गरे । घरेलु टोली नेपाल र बंगलादेशसँग पराजित भयो ।

भियतनामविरुद्ध खेल्ने ३३ खेलाडी प्रारम्भिक छनोटमा

नयाँ पत्रिका



एसिया कप छनोटको समूह 'एफ'मा रहेको नेपालले ९ र १४ अक्टोबरमा भियतनामको मैदानमा पहिलो र दोस्रो लेग खेल्नेछ

अखिल नेपाल फुटबल संघ (एन्फा)ले एएफसी एसियन कप छनोटअन्तर्गत तेस्रो चरणमा हुने भियतनामविरुद्धको दुई लेगका लागि नेपाली राष्ट्रिय टोलीको प्रारम्भिक खेलाडी घोषणा गरेको छ । मुख्य प्रशिक्षक म्याट रसले प्रारम्भिक चरणमा ३३ खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएका छन् । प्रशिक्षक म्याटले टोलीमा १२ खेलाडी थपेका छन् । यसै टोलीबाट अन्तिममा २३ जनाले स्थान पाउनेछन् ।

प्रारम्भिक टोलीमा अनुभवी युवा रक्षक सनिस श्रेष्ठ र मिडफिल्डर आयुष घलानले पुनरागमन गरेका छन् । यता भदौमा बंगलादेशविरुद्ध घाइते हुँदा घलान टोलीमा थिएनन् । अहिले उनी फिट छन् । घलान लिग खेल्न बंगलादेशमा छन् । मुख्य प्रशिक्षक म्याटले गोलरक्षकमा अञ्जल श्रेष्ठ, विशाल सुनार र समित श्रेष्ठ पनि समावेश गरेका छन् । डिफेन्डरमा विमल पाण्डे, सनिस र सुमित श्रेष्ठले पुनरागमन गरे । दीपेन्द्र विक दोस्रोपटक प्रारम्भिक टोलीमा अटाएका छन् ।

दुई साताअघि भएको एएफसी यू-२३ एसियन कप छनोटमा नेपालबाट प्रतिनिधित्व गरेका स्ट्राइकर नीराजन धामी, डिफेन्डर सुमित श्रेष्ठ, मिडफिल्डरहरू दीपेश गुरुङ, कृतिशरत छुन्जू र सन्तोष खत्री पनि बन्द प्रशिक्षणमा जोडिनेछन् । बंगलादेशसँगको मैत्रीपूर्ण खेलमा टोलीमा रहेका मिडफिल्डर सृजनराज गौतम र रक्षक रन्दीप पौडल भने यसपटक टोलीमा परेनन् ।

७ असोजदेखि प्रशिक्षण सुरु

मुख्य प्रशिक्षक म्याटले छनोट भएका खेलाडीलाई मंगलबारदेखि प्रशिक्षणमा राख्ने एन्फाले जनाएको छ । छनोटअन्तर्गत समूह 'एफ'मा रहेको नेपालले अक्टोबर ९ र १४ मा भियतनामसँग पहिलो र दोस्रो लेग खेल्ने तालिका छ । नेपालले दुई खेल खेल्दा अंक जोड्न सकेको छैन । नेपाल पहिलो खेलमा मलेसिया तथा दोस्रो खेलमा लाओससँग पराजित भएको थियो ।

१४ अक्टोबरमा दोस्रो लेग नेपालमा हुने तालिका थियो । दशरथ रंगशालामा खेल खेलाउन एन्फाले स्वीकृत मागेको थियो । तर, एसियाली फुटबल महासंघ (एएफसी)ले रंगशाला अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिताका लागि अयोग्य ठहर गरेको छ । त्यसपछि घरेलु म्याच भियतनाममा हुने पक्का भएको थियो । तालिकाको समूहको शीर्ष स्थानमा रहने टोलीले २०२७ मा साउदी अरेबियामा हुने एसियन कपको १९औँ संस्करणमा स्थान बनाउनेछ । भियतनामविरुद्धको पहिलो लेगमा पराजय व्यहोरे नेपालको एसियन कप पुग्ने चुनौती सकिनेछ ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com